# कल्पतरु

द्वैमासिक

ISSN 3021-9531

9 773021 953006 >

११५



भैरव अर्याल स्मृतिमा

## हास्यव्यङ्ग्य विशेष

# कल्पतरू द्वैमासिकका आजीवन सदस्य

**विशिष्ट आजीवन सदस्यहरू:**

अरुण तिमिल्सिना, अमेरिका
अरुणिमा शैक्षिक प्रतिष्ठान, बौद्ध
ईश्वर प्र. देवकोटा, अमेरिका
ईश्वरप्रसाद सापकोटा, काठमाडौ
उज्ज्वलराज घिमिर
डा. ऋषि बस्ताकोटी, अमेरिका
डा. कुसुमाकर शर्मा गौतम, क्यानडा
गोविन्दराज पौडेल, अर्घखाँची
ताराप्रसाद चापागाई, यु.ए.ई.
तीर्थ अधिकारी, अमेरिका
दीपेन्द्र अधिकारी, जापान
नगेन्द्र न्यौपाने, अमेरिका
नवराज पुडासैनी, गोकर्णेश्वर-५
पदम विश्वकर्मा, अमेरिका
परशुराम पुडासैनी, कामपा-६
ब्रजेन्द्र श्रेष्ठ, अमेरिका
बलराम भण्डारी, कुश्मा
बियोगी बुढाथोकी, हात्तीगौंडा
महेशराज खरेल, कोटेश्वर
माधवराज दाहाल, कोटेश्वर
मुकुन्द पोखरेल, भक्तपुर
डा.मीरा त्रिपाठी ,न्यूजिल्याण्ड
योगेन्द्र तिमिल्सिना, काठमाडौ
रमेश प्रसाद खनाल, का.म.पा.-७
रश्मी भट्ट, अमेरिका
रामचन्द्र पुडासैनी, गोठाटार
रामप्रसाद पन्त, दायित्व
वसन्त रिजाल, जोरपाटी
विजय सापकोटा, बेलायत
विनेश रायमाझी, क्यालिफोर्निया
विमल अर्याल, जोरपाटी
विष्णुबहादुर रायमाझी, काठमाडौं
विष्णुबहादुर सिंह, अर्घाखाँची
शारदा आचार्य, ललितपुर
शिखर दुलाल, अमेरिका
शिवहरि पोखरेल, गोठाटार
सरला श्रेष्ठ, अमेरिका
सिता पाण्ड्ेय, सितापाईला

**विशेष आजीवन सदस्यहरू:**

अच्युत शर्मा, अमेरिका
अशोकुमार शिवा, काठमाडौ
इन्दिरा चापागाई, भक्तपुर
उत्तम पुडासैनी, गोकर्णेश्वर
उद्धवप्रसाद खनाल, भक्तपुर
उमेशकुमार कार्की, मलेसिया
कणाद महर्षि, मित्रपाक
कमल ढुङ्गाना, काठमाडौ
कालीचरण बस्नेत, नागार्जुन
काशीराज पुडासैनी, काठमाडौ
किरण आचार्य, नेपालगन्ज
किशोर पहाडी, ललितपुर
कृष्ण प्रधान, ललितपुर
कृष्ण बजगाईं, बेलायत
केदार न्यौपाने, गोकर्णेश्वर
गङ्गा कर्माचार्य पौडेल, काठमाडौ
गङ्गा लिगल, काठमाडौ
गोपाल दाहाल, अस्ट्रेलिया
गोविन्द सिग्देल, काठमाडौ
चामुण्डा मा.वि., नारायणटार
छविरमण सिलवाल, जडिबुटी
दामोदर संजेल, गोकर्णेश्वर-५
दीपकसिंह भण्डारी, जोरपाटी
दुर्गाप्रसाद ग्वालटारे, कौशलटार
देविका तिमिल्सिना, काठमाडौ
नवशिला पोखरेल, मोरङ
नवराज रिजाल, नवप्रज्ञापन
नारायण भट्टराई, अमेरिका
निर्मला प्रसाई सापकोटा, वेलायत
डा. नेत्र खड्का, अष्ट्रेलिया
नेरु विन्दु, दार्जेलिङ्ग
नेत्रप्रसाद भुसाल, अर्घाखाँची
पवन आलोक, काठमाडौ
बिनुबाबा घिमिरे, कीर्तिपुर
मधुप्रसाद पुडासैनी, गोठाटार
मधुवन पौडेल, काठमाडौ
मधुसूदन पाण्डेय, रामहिटी
मन्दिरा चापागाईं, काठमाडौ
माधवलाल श्रेष्ठ, कपन
माधव वियोगी, पोखरा
मानन्धर अभागी, साँख
यादवराज भेटवाल, काठमाडौ
रमेश रिजाल, गो.न.पा.-५
रमेशकुमार सिंखडा, डाँछी
रमेश ठकुरी, भक्तपुर
राजन पुडासैनी, गोकर्णेश्वर
राजेन्द्र कार्की, क्यानडा
राजेन्द्रप्रसाद रिजाल, गोकर्णेश्वर
राजेन्द्र श्रेष्ठ, चरिकोट
रामबहादुर पण्डित, ललितपुर
रामचन्द्र खतिवडा, गोकर्णेश्वर
डा. रुपक श्रेष्ठ, बेलायत
लिम्पिया नेशनल कलेज, गोकर्णेश्वर
विनयकुमार श्रेष्ठ, काठमाडौ
विनय गुप्ता, काठमाडौ
विन्दा चापागाई, गोठाटार
शकुन ज्ञवाली, अमेरिका
शान्ति बल, गोकर्णेश्वर
शिव अधिकारी, इलाम
शिवप्रकाश, सिनामङ्गल
शैलेन्द्र थापा, रातोपुल
पवन आलोक, काठमाडौ
पारु तिमल्सिना, काठमाडौ
श्रीकृष्णराज पुडासैनी, जोरपाटी
पुष्पा नेपाल सुवेदी, इलाम
पुष्पबहादुर राना, संखुवासभा
प्रकाश घायल, काठमाडौ
सुरेशकुमार पाण्डे, दाङ
सुरेशकुमार पुडासैनी, बालुवाटार
सुरेशकुमार भट्ट, गोखा
सृजन लम्साल, बाँक
हरिकृष्ण बखुञ्छे, भक्तपुर
हरिप्रकाश पुडासैनी, गो.न.पा.-६
डा. हिमलाल श्रेष्ठ, भक्तपुर
त्रैलोक्य खरेल, इमाडोल

कल्पतरु प्रज्ञा-प्रतिष्ठानद्वारा प्रवर्धित

ISSN: 3021 - 9531
जि.प्र.का.द.नं. १३/०५४/०५५

प्रेस काउन्सिल-पुरस्कारद्वारा पुरस्कृत 'क' वर्गको राष्ट्रिय पत्रिका

# कल्पतरु द्वैमासिक

*(Kalpataru Bimonthly litretary Magazine)*

वर्ष : २४ अङ्क : २ पूर्णाङ्क ११५ २०८२ असोज - कात्तिक

**प्रकाशक/प्रधान-सम्पादक**
नवराज पुडासैनी 'ज्योत्स्ना'

**कार्यकारी सम्पादक**
सिद्धनारायण आचार्य

**यस अंकका संयोजक**
रेहित सैजु

**विशेष सम्पादक**
गोकुल अधिकारी, मुकुन्द अर्याल, रेहित सैजु

**सम्पादक**
सुमन पुडासैनी 'मित्र', उमेश तिमिल्सिना
राजन पुडासैनी, शशीश्री आचार्य

**सहसम्पादक**
राजेशमान केसी, तुलसीराम पुडासैनी

**सम्पादन सहयोगी**
वल्लवीदेवी अधिकारी

**प्रविधि व्यवस्थापक**
ई. सन्दीप ढुङ्गाना

**कार्यालय व्यवस्थापक**
रमेशमान श्रेष्ठ

**संयोजक (चिल्लो पात)**
सुशील आचार्य

**सञ्जाल सहायक**
राजेन्द्र श्रेष्ठ

**संरक्षक**
कञ्चन पुडासैनी,
गोविन्द घिमिरे 'वेदमणि'
डा. दामोदर पुडासैनी 'किशोर', बाजुराम पौडेल

**सल्लाहकार**
डा. ऋषि बस्ताकोटी, किशोर पहाडी
देविका तिमिल्सिना, पवन आलोक,
वसन्त रिजाल, विनोद नेपाल, महेशराज खरेल

**संस्थापक सहयोगी**
मा. बहादुरसिंह लामा

**प्रधान कार्यालय**
गोकर्णेश्वर न.पा., वडा नं. ६, कल्पतरु परिसर
फोनः ०१-४९१३५२०, ९८४१२८२३०५

**रचना पठाउने इमेल ठेगाना**
navarajpudasaini@gmail .com
फेसबुक/मेसेन्जर ग्रुप : कल्पतरु द्वैमासिक
Web .: www.kalpatarupub.com.np

**लेआउट**
यदु उपाध्याय

**मुद्रण**
खास्ती प्रिन्टर्स, बौद्ध, काठमाडौं

**गाता मुखपृष्ठ**
खास्ती क्रियसन

**मूल्य : रू. २००।-**

## 'कल्पतरु शान्ति साँझ' फेसबुक लाइभ कार्यक्रम

| सल्लाहकार/निर्देशक | कार्यक्रम समीक्षक | सञ्चालक/सम्पादक |
|---|---|---|
| नवराज पुडासैनी 'ज्योत्स्ना' | जीवनाथ अधिकारी | निर्मलादेवी तिम्सिना 'कान्छी' |

हरेक हप्ता बिहीबार साँझ ६:३० बजेदेखि

सम्पादकीय

# हास्यव्यङ्ग्यका पर्यायवाची भैरव अर्याल

हास्यव्यङ्ग्यको पटाका फोड्न लुकलुक खुट्टा कमाउने म आलु सम्पादकलाई हास्यव्यङ्ग्यको बम फोडेर स्वघोषित सिंहहरूको सातो खाने भैरव अर्याल जस्ता महान् हास्यव्यङ्ग्य निबन्धकारको जन्मोत्सवका सन्दर्भमा प्रकाशित गरिने हास्यव्यङ्ग्य विशेष अङ्कमा सम्पादकीय लेख्नुहोस् भनेर प्रधान सम्पादकले जिम्माको बोझ बोकाउन खोज्दा उनको 'पख्नोस्' निबन्धलाई सम्झिएर पर्खाउन नखोजेको पनि होइन, उहाँले मेरो हुँदै नभएको कलमको पुच्छर निमोठ्दा उनको 'जय भोलि' निबन्धलाई सम्झिएर भोलि भोलि भन्दै टार्न नखोजेको पनि होइन, बिमाको एजेन्ट जस्तै पछि लागेपछि ताइँ न तुइँको फुइँ ठोकेर झारो टार्नाकै लागि भए पनि सम्पादकीय यस अङ्कमा मिल्काउन करै लाग्यो ।

मान्छेलाई हँसाइहँसाइ काम न काजका समाजका गुहे ठालुलाई व्यङ्ग्यको त्रिशूलमा उनी हास्यव्यङ्ग्यको ताण्डव देखाउने भैरव अर्याल भैरवका कतिऔं अंशावतार हुन्, त्यो महादेवले नै जानुन् । जे होस्, गुहे ठालुका अत्याचारले हाँस्न बिर्सेकाहरूले उनको कलमले श्वास फेर्न थालेपछि पेट मुखबाट निस्किने गरी हाँस्न थालेको कुरा इतिहासले भविष्यसम्म सम्झिरहने छ । उनका निबन्धमा रहेको हास्यव्यङ्ग्य रसले गुहे ठालुका मुटु छातीमा बास्केटबलकोडमा बास्केटबल बजारिएझैं बजारिएर पनि तिनीहरूका ओठलाई खित्खिताएकै हुन्थ्यो । उनका निबन्ध पढेर कोही श्वास फेर्न सम्झेर हाँस्थे, कोही श्वास फेर्न बिर्सेर हाँस्थे । उनले पाठकलाई हँसाइको पिँधसम्म पुगाएर सामाजिक विकृतिका गालामा कसेर झापड लगाउँथे र त्यस गन्धमा रमाउँदै गरेका किराहरू न हाँस्न सक्थे न रुन सक्थे, न त लाज पचाउन सक्थे । ती किराहरू उनका कलमको ठट्यौली जाँतोमा यसरी पिसिन्थे कि न आँटो बन्न सक्थे, न त गहुँ नै रहन्थे । यसरी जोकर जस्ता बनेका किराहरूको नजर उनका निबन्धमा रहेको अदृश्य ऐनामा पर्दा आफ्नो जोकरीपनमा झुक्किएर ओठै च्यातिने गरी हाँस्न पुग्थे र गहिरो सोचको भुमरीमा डुबी लामो श्वास फेरेर अल्मिलिएको मुटुलाई छाम्थे ।

भैरव अर्यालका बारेमा धेरै खिस्साहरू अहिले पनि सुनिन्छन् । उनका खिस्साहरूले समाजलाई कुरीकुरी भनेर खिसाउँदै छन् । उनका निबन्ध पढ्दा फेरि धनबहादुरको धन एकातिर र बहादुर अर्कातिर लागेको खिस्सा जिस्केबहादुरले जिस्किएर भनेको धेरै भएको छैन । उनका निबन्ध पढेर धड्कनबहादुरको धड्कन रोकिएर अस्पताललाई नै थलाएको कुरा मुढाको आगो ताप्दा फेरि बुढापाकाहरूले अचेल पनि गर्छन् । कति म्याक्सीकुमारको म्याक्सी खुस्काएको छ उनका निबन्धले भनेर शोभा नै नभएकी शोभाकुमारीले अस्ति भर्खरै मेरा कानमा सुटुक्कै हास्यव्यङ्ग्य निबन्ध नलेखी भनेकी थिई । रूख नाम राखेका धमिराहरूले रूखलाई भित्रभित्रबाट खोक्रो बनाएर सकेको छायाँबहादुरले उनका निबन्धबाट थाहा पाएपछि अहिले उसले घाम तापेर बसेको दृश्यले सामाजिक सञ्जालहरू छटपटाउँदै छन् । उनका निबन्धबाट घायल भएर केही पुत्लाबहादुरले आफ्ना पुत्लाहरू जलाउँदै गरेका तस्बिरहरू हाँस्दै छन् अखबारहरूका पहिलो पृष्ठमा । अहिलेको समाजको धोती खुस्किने गरी निबन्ध लेख्न सक्ने उनीमा दिव्यदृष्टि थियो भन्ने कुरा माथि उल्लेख गरेका खिस्साहरूले जति खाए पनि अघाउन नसकेकालाई राम्ररी घच्घचाउँदै होलान् । व्वाँसाहरूले आफ्नै धोती खुस्काउने निबन्धकारको जन्मोत्सव टालाले मुख छोपेर मनाउन पनि सक्दैनन् होला । यदि कुनै व्वाँसाहरूले मनाइहाले पनि आफ्नो धोती कहाँ छ भन्ने ज्ञात नभएर मनाउँदै छन् कि ! व्वाँसाका धोती उनका निबन्धहरूले चिरकालसम्म खोल्ने छन् र उनी भविष्यसम्म कालो प्रकाशभित्रको सुनौलो ज्योति भएर पनि उपेक्षामा पर्ने कुरा मलाई नभनप्रसादले सपनामा रुँदै भनेको थियो ।

भैरव अर्यालका निबन्धमा हँसाइको गहिराइमा लुकेको व्यङ्ग्यलाई चिरफार गर्ने शक्ति उनका निबन्ध पढ्दै हाँस्न सिक्दै गरेको मजस्तो हुस्सुसँग हुनै सक्दैन, उनका निबन्ध पढ्दा पढ्दै थोरै हँसाउन सक्ने क्षमता ममा पनि विकास भएकाले उनकै जन्मोत्सवका सन्दर्भमा प्रकाशित गरिने हास्यव्यङ्ग्य विशेष अङ्कमा उनका सम्झानामा पानाहरूलाई हँसाउन पाएकामा कलमलाई काउकुती लागेर समाल्न गाह्रो भएको छ । उनको 'काउकुती' निबन्धलाई सम्झिँदै हाँस्दै गरेको कलमलाई मसँग ठेल्न सक्ने सामर्थ्य छैन ।

**- कार्यकारी सम्पादक**

# यस अङ्कमा


| | | |
|---|---|---|
| १. नेपाली हास्यव्यङ्ग्यमा छड्के नजर ! | रोचक घिमिरे | ६ |
| २. भैरव अर्यालको सम्झना | डा. बमबहादुर थापा 'जिताली' | ७ |
| ३. हास्यव्यङ्ग्यका युग-नायक भैरव माड्साहेब | गोविन्दप्रसाद घिमिरे 'वेदमणि' | ८ |
| ४. स्मृतिमा शाश्वत व्यङ्ग्यशिल्पी भैरव अर्याल | निर्मल अर्याल | १३ |
| ५. काण्डैकाण्ड छ झिस्मिस ! | बद्रीप्रसाद दाहाल (भस्मासुरोवाच) | १६ |
| ६. जड्याहा पत्रिका | रामकुमार पाँडे | १७ |
| ७. 'क' को कथा | दिलिप अर्याल | १९ |
| ८. वाह क्या दङ्दास कालिदास ! | डा. सुवास प्याकुरेल | २३ |
| ९. मलाई वरिष्ठ घोषणा गरियोस् | डा. टीकाराम पोखरेल | २६ |
| १०. दुबोमा पसिना आयो, कुनै अनिष्ट हुनसक्छ | बाबुराम पोखरेल | २९ |
| ११. नाकको बखान | मून पौडेल | ३१ |
| १२. मोर्निङ वाक | परशुराम पराशर | ३५ |
| १३. मेरो घरमा नागपूजा | युगल बसेल | ३७ |
| १४. झोल कोदो दिवस | माधव पोखरेल 'गोज्याङ्ग्रे' | ३९ |
| १५. बजेट | रामकुमार पण्डित | ४१ |
| १६. अभूतपूर्व लीला ! | धनराज गिरी | ४३ |
| १७. देश बिग्रेको छैन ! | रेहित सैजु | ४५ |
| १८. बहुविवाह जिन्दावाद ! | उत्तरकुमार पराजुली | ४७ |
| १९. म ठुलो साहित्यकार | निर्मलादेवी तिम्सिना 'कान्छी' | ५० |
| २०. ठगैठगहरूको हाम्रो देश ! | | |
| समृद्धिको आशमा फुलिसक्यो केस !! | अमर अधिकारी | ५१ |
| २२. गफाडी बाजे | अच्युतप्रसाद खतिवडा 'तिर्पाली काइँलो' | ५३ |


## पाठक-चक्षु


कल्पतरु द्वैमासिक : निरन्तरता, विविधता र चेतनाको आलोक ✍ शशीश्री आचार्य / ४

# कल्पतरु द्वैमासिक : निरन्तरता, विविधता र चेतनाको आलोक



✍ शशीश्री आचार्य

**विषयप्रवेश :**

साहित्य कुनै स्थिर तरङ्ग होइन—यो निरन्तर प्रवाह हो, जसमा अक्षरहरू मात्र हुँदैनन्, भावहरूको समुद्र पनि हुन्छ। कुनै पत्रिका केवल पानामा छापिएका अक्षरहरूको थुप्रो होइन, त्यो त चेतना बोकेको वटवृक्ष हो, जसले आफ्नो जरालाई समयको माटोमा गाडेर हरित छायाँ दिन्छ। कल्पतरु द्वैमासिक त्यस्तै जीवनवृक्ष हो—जुन वटवृक्षको जराले नेपाली साहित्यलाई टेको दिएको छ, जसका पातहरूले समयका हावामा हल्लिँदै अझै हरियाली फैलाउँदै छन् ।

कतिपय पत्रिकाहरू दपिकझैँ उज्यालो छरेर हराए तर कल्पतरु निरन्तर बल्दै समाजलाई आलोकित पारेको छ । अनवरत २४ वर्षसम्म यस्तो महान् यात्रा गर्नु सामान्य कुरा होइन । जीवनको अर्थ हुन्छ ; स्थायित्वमा विश्वास हुन्छ । यही विशेषताले कल्पतरूलाई नेपाली साहित्यिक यात्रामा अद्वितीय बनाएको छ । कल्पतरु ११४ अङ्क साहित्यिक बगैँचा बनेको छ  । यसमा कविता, गजल, गीत, मुक्तक, निबन्ध, कथा, लघुकथा, एकाङ्की, संस्मरण, समीक्षा, चिल्लो पात, चाहना, पाठक चक्षु आदि विधाहरूले रङ्गीचङ्गी भावका फूलहरू फुलेका छन् । विविध विधाहरूको सङ्गालोले पत्रिका खुल्ला विश्वविद्यालय जस्तै भएको छ, जहाँ हरेक कक्षामा जीवन, समाज र समयलाई अध्ययन गरिन्छ :

**कविता : हृदयको धड्कन**

यस अङ्कमा १३ कविता रहेका छन्, जसले जीवनका भिन्न-भिन्न पक्षलाई उजागर गरेका छन् । मिथिलेस आदित्यको 'स्पर्शको सम्झना' मा स्पर्श केवल शारीरिक छोइने संवेदना होइन, आत्माको गहिराइमा पुग्ने कम्पन हो । बिहानको पहिलो किरण, नदीको बगावट वा पानीको थोपा जस्ता प्रतीकले प्रेमलाई मौनताभित्रै बोलाइदिन्छन् । गङ्गा लिगलको 'सार्थक जीवन'मा धर्म, जात वा पदभन्दा माथि उठी जीवनको सार प्रेम र परोपकारमा छ भन्ने गहिरो सन्देश छ । पदम दाहालको 'अपूर्ण यात्रा'मा जीवनलाई अधुरो यात्राको रूपकमार्फत देखाइएको छ । प्राकृतिक तत्त्व आगो, पानी, हावामार्फत मानवीय अस्थिरतालाई उजागर गरिएको छ । सीता पाण्डेको 'श्रावणको दिव्य अनुगान'मा वर्षाको थोपा गङ्गा बनेर, वर्षा जपमाला बनेर, प्रकृति पूज्य शिवको प्रतीक बनेर देखा पर्छ । श्रद्धा, सहनशीलता र आत्मशुद्धिको महासागर कवितामा छचल्किन्छ । रविन्द्र आशिषको 'डराउने त होइन ?'मा बालबालिकालाई पुस्तकको भारीले दबाउँदा उनीहरू भविष्यमा जिम्मेवारी बोक्न डराउने त होइनन् भन्ने चिन्ता अभिव्यक्त गरिएको छ । युगल नारायण पन्तको 'कल्पतरु'मा पत्रिकालाई नै आध्यात्मिक प्रतीकका रूपमा उभ्याइएको छ जहाँ शब्दहरू आशिष बनेर पाठकलाई आशीर्वाद दिन्छन् । यस्तै दिनानाथ पोखरेलको 'आदिकवि सम्झनामा', विजया बस्नेतको 'आमा बुझाउ मन', कविन्द्र पुडासैनीको 'विकासको चिन्तन', राजेशमान केसीको ' प्रकृतिको विपत्ति', रेणु अधिकारीको 'समय सधैं एउटै हुँदैन', मुकुन्द खनालको 'कविता', सुमित्रा बजगाईंको 'भानु'लगायतका कविताले जीवन, समय, प्रकृति र राष्ट्रका विभिन्न आयामलाई काव्यिक स्वरमा प्रस्तुत गरेका छन् ।

**मुक्तक, गजल र गीत : वेदनाको स्वर, प्रेमको गान**

यस अङ्कमा मुक्तक, गजल र गीतहरू विशेष स्थानमा राखिएको छ ।

लक्ष्मी स्मृति र शशीश्री आचार्यले गजलमार्फत

समाजको असमानता, सङ्घर्ष, पीडा र अन्यायलाई प्रस्तुत गरेका छन् । आँसु, पसिना, संस्कार र बालबालिकाको निर्दोष आँखामा देखिएको पीडालाई उनीहरूले गजलमा दर्साएका छन् । नबसिलाको गीतमा प्रियतमलाई जीवनको उज्यालो मानेर गाएको प्रेमगीत हो । यस गीतमा प्रेम संसारको आधारशिला बनेर प्रकट हुन्छ । गिरिराज डल्लाकोटीले मुक्तकहरूमा व्यक्तिगत प्रेम र समर्पणलाई दार्शनिक गहिराइमा प्रस्तुत गरेका छन् । लिलाराज दाहालको गीतमा बाल्यकाल, यात्रा र परिवारको रमाइलो अनुभवलाई उतारिएको छ । यी मक्तुक, गीत रग जलहरूले हृदय र समाजको दुःखलाई स्वर दिएका मात्र छैनन्, प्रेमलाई पनि जीवनको आधार बनाइदिएका छन् ।

**कथा र लघुकथा : जीवनको ऐना**

कल्पतरुको विशेषता लघुकथामा प्रष्ट देखिन्छ । धनराज गिरीको 'सङ्गम दुई युगको'मा विगत र वर्तमानको संवादमार्फत सामाजिक न्याय, धर्म र परिवारको मूल्य प्रस्तुत गरिएको छ । प्रमोद प्याकुरेलको 'राहुको रथ'मा जातीय विभाजनले समाजमा ल्याएको पीडा छर्लङ्ग चित्रण गरिएको छ । दलखम्बेको चरित्र समाजको यथार्थलाई उद्घाटित गर्छ । युगल बसेलको 'भागबण्डाको विवाद'मा माछाको जातमार्फत सामाजिक संरचनामा हुने थिचोमिचो प्रकट गरिएको छ । देवराज सिंखडाको 'हामी साथी साथी भने'मा साथीपनको मूल्य, सहयोग र संवेदनशीलता बालकथा मार्फत उजागर गरिएको छ । सीताराम नेपालको 'सत्यता'मा विदेशप्रतिको आकर्षणले स्वदेशी संस्कार र आमा बाबाको बुढेसकालमा ल्याउने पीडा प्रस्ट्याइएको छ । सुरेशकुमार पाण्डेको 'पाखण्ड'मा धार्मिक कर्मकाण्ड भित्र लुकेको स्वार्थ र व्यापारलाई व्यङ्ग्यात्मक रूपमा उदाङ्गो पारिएको छ । यी कथा तथा लघुकथाहरूले सामाजिक यथार्थलाई कलात्मक शिल्पमा प्रस्तुत गरेका छन् ।

**निबन्ध र संस्मरण : चिन्तन र स्मृति**

दशराज शाक्यको 'बुद्धि र विवेकको समन्वय'मा ज्ञान मात्र पर्याप्त छैन; विवेक र बुद्धिसँगको एकताले मात्र राष्ट्रलाई स्थायित्व दिन्छ भन्ने गहिरो दृष्टि प्रस्तुत गरिएको छ । जिन वाल्टरको 'साहित्यिक स्कुल'मा शिक्षा जीवनसँग जोडिनुपर्छ भन्ने व्यावहारिक दृष्टिकोण प्रस्तुत गरिएको छ । डाक्टर सायदत्तको 'छोराछोरीको उत्साह'मा किताब पढ्ने बानीले बालबालिकामा दीर्घकालीन चेतना विकास गर्छ भन्ने आशय छ । रमेश प्रसाद खनालको 'स्मृतिको तरेलीमा' जोरपाटीको स्मृतिचित्रण मात्र होइन, काठमाडौँ उपत्यकाको हरियो रूप र साहित्यिक मित्रताको संस्मरण पनि हो । यी निबन्ध र संस्मरणहरूले जीवनलाई गहिरो आँखाले नियाल्ने दृष्टि दिन्छन् ।

**समीक्षा र चिल्लो पात**

हास्यव्यङ्ग्य ढोङ्गी र पाखण्डी समाजको आलोचना हो जसले समाजको नग्न यथार्थलाई कलात्मक ढङ्गले उजागर गर्ने कुरा पुस्तक वार्तामा प्रस्ट पारिएको छ । अरूणबहादुर खत्रीको ' कल्पध्वनि भित्र नियाल्दा' अरूण नदीको लघुकथा संग्रहको विस्तृत समीक्षा हो, जसले सम्पूर्ण पुस्तक पढिसकेजस्तो अनुभव दिन्छ । चिल्लो पात शीर्षकमा बालबालिकाले लेखेका रचनाहरूमा मातृभूमि र प्रेम भावहरू सल्बलाएका छन् । अन्जु अधिकारी, सेविका पराजुलीलगायतका कलमले भविष्यको साहित्यिक सम्भावना देखाएका छन् ।

यी साना तर महत्त्वपूर्ण खण्डहरूले कल्पतरुलाई केवल पत्रिका होइन, विद्यालय र मन्दिर जस्तो पवित्र बनाएका छन् । कल्पतरु द्वैमासिकको ११४ औँ अङ्क केवल अक्षरहरूको सङ्कलन होइन, यो समयको साक्षी हो । २४ वर्षको यात्रा  साधारण उपलब्धि होइन । कल्पतरुले निरन्तरता मात्र होइन, विविधतालाई पनि आलिङ्गन गरेको छ । यो अङ्क पढ्दा लाग्छ, "साहित्य कुनै छायाँ होइन, यो त आलोक हो; कुनै आवाज होइन, यो त चेतना हो ।" नेपालको साहित्यिक आकाशमा कल्पतरु जीवनवृक्ष भएर टड्कारिएको छ । यसको जराले परम्परालाई समात्दै पातहरू वर्तमानसँग नाचेका छन् र फूलहरूले भविष्यलाई सुवास दिएको छन् । यही कारणले कल्पतरु केवल पत्रिका होइन, यो त नेपाली साहित्यको स्मृति, चेतना र साधना हो । ■■

*बौद्ध, कुमारीगाल, काठमाडौँ*



# नेपाली हास्यव्यङ्ग्यमा छड्के नजर !

✍ **रोचक घिमिरे**

हास्यव्यङ्ग्य त्यस्तो ऐना हो जसमा व्यक्तिगत, सामाजिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय चरित्रका विकृति र विसङ्गतिका रेखा देख्न पाइन्छ । त्यस्ता रेखाहरू देखेर ऐनालाई दोष दिएर कोही ऐना नै फुटाउन खोज्छ भने त्यस्तो कामलाई मूर्खता मानेर हाँस्नु बेश हुन्छ । बरु ऐनाभित्र देखिने यस्ता विकृतियुक्त प्रतिविम्बका ठाउँमा स्वस्थ सुन्दर र स्वस्थ आकृति देख्न सकिने वातावरण निर्माण गर्ने तर्फ लाग्नु नै बुद्धिमत्ता ठर्दछ । मान्छेभित्र रहेका पशुतालाई नङ्ग्याउनु मात्र पनि हास्यव्यङ्ग्यको दायित्व होइन । मान्छेलाई पशुताबाट मुक्त गरेर मानवतातर्फ डोरिन प्रेरित गर्नु समेत हास्यव्यङ्ग्यको प्रमुख कर्तव्य हुन्छ । हाँस्ने र व्यङ्ग्य गर्ने सामर्थ्य मान्छेमा नै हुन्छ । यो नितान्त मानवीय प्रवृत्ति हो । मनुष्य समाज भन्दा बाहिर हाँसो र घोचपेचको काम ठ्याम्मै हुनैसक्तैन । यति महत्वपूर्ण हास्यव्यङ्ग्य नेपाली साहित्यमा चाहिँ कहिले प्रवेश भयो त ! भन्ने तथ्य केलाउनु सान्दर्भिक ठहरिएला यहाँ ।

नेपाली साहित्यमा हास्यव्यङ्ग्य भित्त्याउने पहिलो सर्जक पृथ्वीनारायण शाहकालीन शक्तिवल्लभ अर्ज्याल (१७८१-१८६३) मानिन्छन् । उनैले आफूले संस्कृत भाषामा रचेको 'हास्य कदम्ब' लाई नेपाली भाषामा अनुवाद गरेर वि.सं. १८५४ मा प्रथम नेपाली हास्यव्यङ्ग्य नेपाली साहित्यलाई दिएका हुन् । पूर्णतया हास्यव्यङ्ग्यमा नै आधारित नेपाली कविताका प्रथम रचनाकार चाहिँ शक्तिबल्लभ कै भाइ राधाबल्लभ अर्ज्याल (१७८५-१८६९) हुन् । उनीद्वारा रचित 'साँढ्याको कवित्त' 'माले साँढ्यको कवित्त' पहिला नेपाली हास्यव्यङ्ग्य कविता मानिन्छन् । तर मौलिक नेपाली हास्यव्यङ्ग्य कविताका प्रथम रचयिता त भानुभक्त आचार्य (१८७१-१८२९) लाई नै मानेकाछन् अनुसन्धाताहरूले । भानुभक्तका गजाधर सोतीकी घरबुढी, बिन्ती डिठ्ठा बिचारी जस्ता कविता त्यो बेलाका अब्बल व्यङ्ग्य रचना मान्न सकिन्छन । भानुपछि त मोतीराम भट्ट (१९२३-१९५३) लगायतका अनेक माध्यमिक कालीन स्रष्टाहरू व्यङ्ग्य विनोदी रचना रचेर ल्याउनथालेका वृत्तान्त पढ्न पाइन्छ । नेपाली हास्यव्यङ्ग्यका आदि रचनाकार भ्राताद्वय शक्तिबल्लभ र राधाबल्लभ अर्ज्याललाई यस क्षेत्रमा लागेकाहरूले नै बिर्सन थालेको अनुभूति हुन्छ । नेपाली साहित्यमा हास्यव्यङ्ग्य भित्त्याउने यी दुई अर्ज्याल बन्धुहरू अविस्मरणीय पात्र हुन् । यिनको ऐतिहासिक महत्ता सर्वदा रहिरहने छ । बिर्सन योग्य होइनन् यी ऐतिहासिक पात्रहरू !

नेपाली हास्यव्यङ्ग्यको प्रगतिका निम्ति मरिमेट्ने अर्का पात्रलाई पनि बिर्सनुहुँदैन हामीले । ती हुन् वासुदेव शर्मा लुइँटेल (१९७४-२०६३) । क्रमशः यिनले हास्यव्यङ्ग्य साहित्यमा हलचल ल्याउने संस्था कौवा प्रकाशन २०२३ सालमा खोले । भैरव अर्याल (१९९३-२०३३) र वासुदेव लुइटेलको सम्पादनमा २०२५ सालमा नेपाली हास्यव्यङ्ग्य कविताको पहिलो संकलन 'छ्याकन' छापियो । कौवा प्रकाशन कै तत्वावधानमा २०३० साल जेठ ४ गते राष्ट्रिय सभागृहमा पहिलो हास्यव्यङ्ग्य साहित्य सम्मेलन भयो । हास्यव्यङ्ग्य क्षेत्रका निम्ति यो सम्मेलन अपूर्व र ऐतिहासिक ठहरिएको थियो ।

कौवा प्रकाशनले नै २०३१ सालमा 'भानु पुराण' शीर्षकमा नेपाली हास्य व्यंग्यका गद्यरचना समाविष्ट पहिलो संग्रह निकाल्यो । यसपछि क्रमशः धेरै हास्ययङ्ग्य लेखकका पुस्तक कौवा प्रकाशनले छाप्यो । २०४६ सालमा हास्यव्यङ्ग्यका शाश्वत शिल्पी भैरव अर्यालको स्मृतिमा भैरव पुरस्कार गुठी स्थापना भयो ।

# भैरव अर्यालको सम्झना



✍ **डा. बमबहादुर थापा 'जिताली'**

(छन्द : झ्याउरे)

हास्य र व्यङ्ग्य व्यापक देख्ने द्रष्टा हौ भैरव
निबन्ध साथै कविता लेख्ने स्रष्टा हौ सौरभ ।
भुँडीको जय ! भनेर लेख्यौ चोटिलो निबन्ध
भानुको बाटो, व्यङ्ग्यको पाटो समायौ सम्बन्ध ॥

रसको रङ्ग, पुऱ्याई ढङ्ग छानेर चरित्र
विकृतिमाथि दनक दियौ व्यङ्ग्यमा विचित्र ।
व्यङ्ग्यको वाण, हास्यको वाणी संस्कृति चिनायौ
पाखण्डीप्रति प्रहार गऱ्यौ, वेथिति छिनायौ ॥

(छन्दः सवाई)

'काउकुती' लगाएर 'गलबन्दी' दियौ
'प्रवेशिका' निबन्धका इतिश्री थियौ ।
'दश औतार' हास्यव्यङ्ग्य 'टेढो ऐना' देख्यौ
'कारिन्दाको दिनचर्या' निबन्धमा लेख्यौ ॥

शक्तिशाली समीक्षा र 'साझा कथा' आयो
हास्यव्यङ्ग्य शिरोमणि ! प्रतिभाले पायो ।
म हूँ तिम्रो खाँटी चेलो, मेलो यही लिन्छु
सिर्जनाको सम्झनामा श्रद्धाञ्जलि दिन्छु ॥

फूलमाला शब्दको ल्याएँ ।
गुरुलाई श्रद्धाले चढाएँ ॥

*नागार्जुन न.पा.-१, रानीवन, काठमाडौँ*

हास्यव्यङ्ग्य शिल्पीहरूलाई पुरस्कृत गर्ने काम यस गुठीले गर्दै आएको छ । भैरव अर्याल र अन्यका पनि हास्यव्यङ्ग्य पुस्तक प्रकाशन गुठीको प्राथमिकतामा पर्दछन् । २०५० सालमा वासुदेव लुइटेलद्वारा स्थापित वासुदेव विद्यादेव लुइंटेल गुठीले त्यसै वेलादेखि हास्यव्यङ्ग्य साहित्य, हास्यव्यङ्ग्य अभिनय र हास्यव्यङ्ग्य चित्र रचनाका सर्जकलाई क्रमशः पुरस्कृत गर्दै आएको छ । यसै सन्दर्भमा २०५५ सालमा स्थापित 'सिस्नुपानी नेपाल' ले पनि हास्यव्यङ्ग्यका क्षेत्रमा निकै प्रशंसनीय काम गर्दै आएको बिर्सन सकिंदैन । यसको प्रहसन-व्यङ्ग्य त बेजोड हुन्छ । हास्यव्यङ्ग्यका क्षेत्रमा भएका उपर्युक्त कामहरूको विवरण हेर्दा हास्यव्यङ्ग्यको प्रवर्धनमा निकै ठूलो श्रम र लगानी लागेको थाहा हुन्छ तर जुन अनुपातमा हास्य व्यङ्ग्यको उत्थान र गुणवत्तायुक्त कार्य हुनुपर्ने हो त्यस्तो भएको अनुभूति पर्यवेक्षकहरूलाई हुँदैन । यो विचारणीय कुरा हो । हास्यव्यङ्ग्यका पुस्तक पत्रिका निस्किरहेकै छन् । हास्यव्यङ्ग्यका कार्यक्रमहरू पनि बराबर भैरहेकै छन् तर यिनमा शाश्वतता र गुणवत्ताको कमी सहजै ठम्याउन सकिन्छ । केही सर्जक र शिल्पीहरूको योगदान यस क्षेत्रमा स्मरणीय लाग्दछ तर ती ज्यादै थोरै छन् । अहिले पनि भैरव अर्यालले नै नेपाली हास्यव्यङ्ग्यका शाश्वत शिल्पीको पगरी गुतीरहेका छन् । नेपाली हास्यव्यङ्ग्यका मानक स्रष्टा भैरव अर्याल नै मानिन्छन् अहिले सम्म । यस पंक्तिकारको निजी धारणा मात्र होइन यो । अध्येता र अनुसन्धाताहरूको मत पनि यस्तै पाइन्छ ।

'कल्पतरु' ले नेपाली हास्यव्यङ्ग्य अङ्क प्रकाशित गर्नुले यस क्षेत्रको महत्ता बढाउन सार्थक पाइला चालेको छ । यस निम्ति 'कन्पतरु' परिवार धन्यवादको पात्र भएको छ । नेपाली हास्यव्यङ्ग्यको अग्रगतिमा यस्ता कामको महत्ता हुन्छ नै । ■■

*गहनापोखरी, टंगाल ।*



# हास्यव्यङ्ग्यका युग-नायक भैरव माड्साहेब

✍ गोविन्दप्रसाद घिमिरे 'वेदमणि'

नेपालमा प्रजातन्त्रको गर्भाधानसमेत भएको थिएन त्यतिखेर । राणाविरोधी केही योद्धाहरू आन्तरिक रूपमा सलबलाउन थालेका भने थिए । यही बेला स्वनामधन्य होमनाथ पण्डितका जेष्ठ सुपुत्र भएर १९९३ असोज ५ गते भैरव अर्यालको जन्म भएको थियो । संयोगले ललितपुरको कोपुन्डोल, भक्तबहादुर कर्णेलको चिलङ्खे दरबारमा अडैनी भएर बस्नुभएकी फुपूकोमा होमनाथ दम्पती पुगेको वखत उनको जन्म भए पनि यथार्थ भने वाग्मतीको पश्चिम किनारामा अवस्थित अर्याल गाउँ नै भैरव अर्यालको जन्मथलो हो । अस्पतालमा जन्मेको वच्चाले आफ्नो जन्मथलो अस्पतालमा लेखाउन नसुहाएजस्तै हो । बाल्यकालमा जुन माटोमा लडिबुढी गरेर हुर्कियो यही प्यारो जन्मथलो सबैको हुन्छ । उनको पनि भयो । मध्यम वर्गीय ब्राह्मण परिबारमा उनको जन्म हुँदा पहिलो सन्तान छोराको रूपमा प्रकट भएपछि परिबारलाई आनन्द वा खुसियाली बाँड्नुबाहेक अरू केही थिएन ।

अन्य बालकसरह उनको स्याहार-सुसार, यथासमयमा पढाइको शुभारम्भ र रूद्री, चण्डी आदि बाबुले जानेका शिक्षा उनले सिक्दैबढ्दै गए । आमा खैँचकुमारी तथा बाबुको माया र हेरचाहमा बाबुले तीर्थे, आमाले ठुले आदि नामले सम्बोधन गर्दै संरक्षण दिँदै गए । यसै बीचमा अन्य भाइ तथा बहिनीहरूको पनि जन्महुँदै गयो । उनको ११ वर्षकै उमेरमा २००५ सालमा ९ वर्षकी शोभा गुरागाइँसँग बिहे हुनपुग्यो ।

बिहेपछि मात्र रानी पोखरी संस्कृत प्रधान पाठशालामा उनको औपचारिक शिक्षाका आरम्भ भएको मानिन्छ । पढाइमा अति तीब्र प्रतिभा प्रदर्शन गर्दै निर्धारित समयभन्दा तीन वर्ष अगाडि नै उनले सम्पूर्णमध्यमाको परीक्षा उत्तीर्ण गरेका थिए । पढ्दा पढ्दैको अवस्थामा कविता लेख्न थालेका भैरव त्रिचन्द्र कलेज अन्तर्गत सरस्वती सदनमा बेला बेला हुने कविता वाचन कार्यक्रममा भाग लिने गरेका र त्यतिखेरका युवराज महेन्द्र पनि कविता सुन्न आउने मध्येका एक थिए । उनले भैरवको कवितालाई बढो रूचिदिएर सुन्ने गर्दथे । फलस्वरूप सम्पूर्ण मध्यमाको परीक्षा दिन लाग्ने रु दश भारु को जो हो गरिदिन युवराजकहाँ विन्तीपत्र हाल्दा युवराज महेन्द्रकै आदेशले उनले विश रूपैयाँ पाएका थिए ।

सम्पूर्ण मध्यमाको परिक्षा दिएपछिको फुर्सदको समयको सदुपयोग गर्दै कानुन, श्रेस्ता आदि चार विषयको परीक्षा दिई चार पास गरे । २००९ सालको प्रतिभा पत्रिकामा भैरवको नवजीवन शीर्षको कविता छापियो । यो नै प्रकाशित रूपमा उनको पहिले रचना थियो । वि.सं. ११ सालमा सम्पूर्णमध्यमा परीक्षा उत्तीर्ण भएको नतिजा प्रकाशित भयो र यही सालमा उनले शिक्षक परिक्षा समेत पास गरेका थिए । उनको आफ्नै रोजाइ अनुसार कास्की जिल्लाको कन्धनी डाँडास्थित सिलिङ्गे वगैँचामा रहेको भवानी प्राथमिक विद्यालयमा उनी शिक्षक नियुक्त भएर पढाउन थाले । यसै बीच अति विश्वास गररे आफ्नो केही रचना काठमाडौँमा बस्दै आएका उनका परिचित साथी कनकदीपलाई छोडेका थिए तर उनले आफ्नै नामबाट भैरवका रचना छपाउन थालेको थाहा पाएपछि उनी काठमाडौँमा सरुवा गराउने तरखरमा लागे ।

२०13 सालमा पासिखेल साँखुस्थित इन्द्रायणी

विद्यालयमा उनको सरुवा भयो । यहीँ आएर उनी माष्टर भैरव बन्न पुगे । काठमाडौँमा आएर माष्टरी जागिरमा रहँदा यताका स्थानीय पढेलेखेका साथीहरूसँग उनको जमघट बढ्न थाल्यो । यसैताका नवराज चालिसे, रमेश विकल, हरिप्रसाद अर्जेल र भैरव आदि मिलेर बौद्धमा एक पुस्तकालय खोल्ने योजना बनाए र त्यसलाई कार्यान्वयनसमेत गरे । २०१४ सालमा तत्कालीन प्रधानमन्त्री टङ्कप्रसाद आचार्य साँखुमा भएको कृषि प्रदर्शनीको उद्घाटन र सम्बोधन गर्नजाँदा विद्यालय शिक्षकको हैसियतले भैरवले पनि सम्बोधन गर्न पाएका थिए । त्यतिखेरको विद्यालय भवन राम्रो थिएन काँचो इँटाले बनेको पराले छानो भएको विद्यालयमा उनले पढाउन परेको अवस्था थियो । उनले जोडदार रूपमा विद्यालय भवन निर्माणको माग गरे र पुरा गराएका थिए । यही साल उनले एसएलसी परीक्षासमेत पास गरेका थिए ।

फाटफुट कविता लेखेर साहित्यिक फाँटमा पाइला चाल्न थालिसकेका भए पनि १३ सालमा हालखबरमा भैरवको एक लेख छापियो । केही समयपछि अर्थात् २०१४/१/२५ मा सरकारले दुलो खोज्नुपर्ला शीर्षकको अर्को लेख छापियो, जसको सम्पादक दाताराम शर्मा थिए । यसपछि भने भैरवले धारावाहिक रूपमा लेखहरू लेख्न थाले कहिले तीर्थनाथको नामले त कहिले खोलापरिको पुरेत, कहिले बकम्फुसेको नामले पनि उनले लेखहरू छपाउन थाले । प्रायस हास्य र व्यङ्ग्यप्रधान लेखहरू नै भैरवका हुने भएकाले उनको लेखको लोकप्रियता बढ्दै गयो ।

यसैबीच मास्टरको जागिर छोडेर मासिक सय रुपियाँमा उनले हालखबर पत्रिकामा नै पूर्ण कर्मचारीको रूपमा काम गर्न थाले । नियमित स्तम्भ लेखनको कामसमेत उनीबाट भयो । यतिमात्र नभएर २०१६ सालमा रङ्गनाथको सहयोग, वासुपासाको सम्पादकत्व र भैरवको उपसम्पादकत्वमा किसान नामक पत्रिका सुरु गरिएको थियो । यसै २०१५ सालको आम निर्वाचनले स्थापित भएको नेपाली काँग्रेसको सरकालाई २०१७ पौष १ गते अपदस्थ गरी पञ्चायती व्यवस्था लागू भएपछि हालखबर पत्रिका बन्दभयो । त्यहाँ काम गर्ने सबैको जागिर समाप्त पारियो । केही समयपछि नै भैरवले सगरमाथा संवाद समिति (हाल रा.स.स.)मा काम पाएका थिए तर दातारामकै सहयोगमा २०१८/११/५मा गोरखापत्रमा भैरवको नियुक्ति भयो र उपसंपादक पदमा रही लामो समयसम्म काम गरे ।

२०१८ सालकै कुरा हो घनानाथ घिमिरे 'रोचक'सँग झन् घनिष्ठता हुनपुग्यो र भैरवकै सुझावअनुसार राखिएको रचना नामको पत्रिकाको पहिलो अङ्क प्रकाशित भयो । यसमा महानन्द सापकोटा, रमेश विकल र नवराज चालिसेसमेतको समर्थन र सहयोग रहेको थियो । भैरवजीको टीपार्टी नामको लेख यसैमा प्रकाशित भएको छ । यही साल असारमा तत्कालीन प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको राष्ट्रव्यापी कविता प्रतियोगिता भैरवको कविता प्रथम भएको थियो । दाताराम, रङ्गनाथ र वासुदेव लुइँटेललाइ भैरवले गुरु मानेका थिए । रङ्गनाथकै कारण भैरवले कम्युनिष्ट पार्टीको सदस्यता त्यागेर १५ सालको चुनावमा उनको सहयोग गरेका पनि थिए । चुनाव त जिताउन सकेनन् तर जमानत वचाउने काम भने भएको थियो ।

दातारामले भने भैरवलाई हालखबरमा काम गर्न थाल्नुभन्दा पहिलादेखि नै सुझाव र सरसल्लाह प्रदान गर्दै गोरखापत्रमा समेतसँगै काम गर्ने वातारण सिर्जना गरे । यस अविधिसम्म विभिन्न समयमा प्रकाशित भै लोकप्रियता बढाउँदै गएका भैरवका लेखहरूको थुप्रै सङ्ग्रह जम्मा भैसकेका थिए । पहिलो सङ्ग्रह काउकुती नाम राखेर प्रकाशनार्थ प्रयास गर्दा कुनै सहयोगी भैरले पाएनन् अन्त्यमा वासुदेव लुइँटेलले नयाँ कौवा प्रकाशन संस्था खोली २०१९ सालमा काउकुती प्रकाशित गरिदिनुभयो । यो मात्र हैन भटाभट प्रकाशित हुनथालेका भैरका हास्यव्यङ्ग्यपरक लेखहरूको सँगालो गलबन्दी, इति श्री र दशऔतार

पनि यहीँबाट २०२८ सालसम्म प्रकाशित हुँदै गए । यी पुस्तकहरू हरेक दुई दुई वर्षमा पुन प्रकाशित भएका थिए । उता जय भुँडी भने २०२२ सालमा रत्नपुस्तक भण्डारले प्रकाशित गरिदिएको थियो । यी पुस्तकहरू भैरव अर्यालका अतिनै लोकप्रिय बन्दै गए ।

उमेरले कान्छा भएपनि घननाथ घिमिरेलाई भैरवले अत्यन्त भरपर्दो साथीको रूपमा मात्र हैन गुरु तथा मार्गदर्शककै रूपमा मान्दा रहेछन् । बाचुञ्जेल रचनालाई लेख पठाउने र आवश्यक पर्दा घिमिरेकै घर-कोठामा थुनिएर लेख्ने गर्थे । यसरी अपरिहार्य मित्र भएर सहयोग तथा सल्हाह गर्ने कार्य उनले गरिरहे । उनले गुरु मानेका व्यक्तिहरू यसरी मुख्यतया दाताराम, रङ्गनाथ, वासुदेव, रोचक र हरिप्रसाद अर्जेल गरी पाँचजना रहेछन् । २०२२ सालको असार महिनादेखि तत्कालीन नेपाल प्रज्ञाप्रतिष्ठानले राजाबाट प्राप्त शीर्षकको आधार कविता महोत्सव गर्न थाल्यो । यस वर्ष नैतिकता शीर्षक प्राप्त भएको थियो । यसै शीर्षकमा भैरव पनि सहभागी भै प्रथम पुरस्कार जिते । भैरवको सरल स्वभाव, कसैलाई पनि नकार्न नसक्ने बानी र लेखनमा सिद्धहस्तताको कारण धेरैले यसको फाइदा उठाएको प्रमाण भेटिन्छ । जस्तै कृतिगत रूपमा भने, साझा कथा २०२५ र साझा निबन्ध २०२६ साझा प्रकाशनबाट प्रकाशित भएको थियो त्यसको सम्पूर्ण सम्पादन भैरवबाट भए पनि नाम भने अर्कैको राखियो उनले पारिश्रमिक पनि पाएनन् । यस्तै एकजना बर्माजीको जापान भ्रमण भन्ने पुस्तक नै लेखेर भैरवले दिए तर पारिश्रमिक भने बोलकबोल गरेअनुसार पनि हात परेन । अर्को एकजना तत्कालीन माननीया पोखरेलको नामबाट पनि नारीवादी पुस्तक लेखेर उनी ठकिएको कुरा पाइन्छ ।

**भैरवको न लेखिएको र चर्चा नभएको पाटो**

भैरव खिचापोखरी आसपासको डेरा छोडेर जोरपाटी बस्न आएपछि उनको छिमेकीसँगको भेटघाट पनि बाक्लै हुन थाल्यो । सम्पूर्णमध्यमा अध्ययन गर्दाको साथी तथा आफ्नै तेह्रदिने दाजुभाइ पर्ने हरिप्रसाद अर्जेलसँगको भेट निकै बाक्लो हुन थालेको थियो । हुन त यी दुईको भेट पहिले पनि बेला बेला हुने गर्दथ्यो । २७, २८ सालतिरको कुरा हो भैरब गोरखापत्रबाट आएपछि बौद्धको धर्मनारायण श्रेष्टको मिठाइ पसलमा नपसी जाँदैन थिए । त्यही बानी रमेश विकमा पनि थियो । एक दिन हरिप्रसादजीसँग म पनि साथै थिएँ । साँझपछि उही मिठाइपसलमा भैरव, विकल, हरिप्रसाद र म चार जना भयौँ । त्यहाँ साहित्यकारले पाएको पदवीको विषयमा कुरा उठ्यो । लेखनाथ पौडेलले कवि शिरोमणि, धर्मराज थापाले जनकवि केशरी, युव कवि सिद्धिचरण श्रेष्टलाई राजाले पदवी दिए तर लक्ष्मीप्रसाद देवकोटालाई दिएनन् । फेरि राजाले दिएको पदवी नै ठुलो हो कि जनताले दिएको ? यसै प्रश्नमा बहस सुरुभयो । तर त्यो बहस निचोडमा पुगेन । कयौँ छलफल हुन्थे तर निचोडमा पुग्ने कार्य हुँदैन थियो, आवश्यक पनि मानिन्न थियो । किन भने यी तीनैजना आफ्नो लागि मूर्धन्य थिए ।

अर्कोदिन फेरि यसैगरी भेट भयो । भैरवको घाँटीको रोगको कारण उनी धेरै बोल्दैन थिए बोले पनि उनको स्वर स्वाभाविक थिएन । बढी बोल्ने भने हरिप्रसाद अर्जेल नै हुन्थे । उनका मिठा मिठा तथा समसामयिक कुरा धेरै हुन्थे । सुन्दा सबैलाई रमाइलै लाग्थ्यो । चिया खुवाउने पैसा भने पालैपालो निकालिने गरिन्थ्यो । यो भेट वाक्लो हुँदै गएको थियो । यतिखेर आन्तरिक विवादको कारण विकल, भैरव र नवराजआदि मिलेर खोलेको पुस्तकालय त बन्द भैसेको थियो । यस विषयमा पनि कुरा हुन्थे । कहिले राजनीति, कहिले साहित्य र कहिले कुनै प्रकाशित पुस्तकको बारेमा चर्चा हुनेगर्दथ्यो । हामीजस्ता सिकारूलाइ भने यो छलफल धेरै उपयोगी हुन्थ्यो । तर यो छलफल सुन्ने मान्छे भने बौध्दका भन्दा जोरपाटीका नै बढी हुन्थे । यही छलफलको क्रममा एक दिन भैरवले भने "हरि दाजु ! तपाइँ

कहाँकहाँबाट कुरा ल्याउनुहुन्छ मेरोलागि यी कुरा गुरुतुल्य हुन्छन् । यिनै कुराहरूको आधारमा मैले धेरै लेख लेखिसकेको छु । ती लेखहरू धेरै पाठकहरूले मन पाराउन थालिसकेका छन् । तपाइँ पनि लेख्नुहोस न ?" अर्जेल दाजुले जवाफ दिनुहुन्नथ्यो ।

यसरी भेटको कार्यक्रम सकिएपछि वा छलफल सकिएपछि राती दश या एघार बजिसकेको हुन्थ्यो । बाटोमा आउँदा सँगै धेरै पटक जोरपाटीसम्म आएका छौँ । म सँग पनि धेरै कुरा भएका छन् । एक दिन उनले भने "यो हरिदाइ धेरे जान्दछ तर लेख्दै लेख्दैन । यसबाट मैले धेरै कुरा सिकिरहेको छु एक प्रकारले यिनलाई मैले गुरु नै मानेको पनि छ तर यो बुझ्दैन तिमी त सँगै पढाउँछौ क्यार चामुण्डामा यसलाई सम्झाउनु नि ।" मैले नाइ भन्ने कुरै थिएन । तर यही कुरा हरिदाइलाई भन्दा सुनेर उठाइदिनुहुन्थ्यो अर्थात् मस्तमात्र रहन चाहनुहुन्थ्यो । यस्तै छलफलबाट घर जाँदा एकदिन भैरव दाजुले मलाइ सोध्नुभयो । "तिमीलाई तिम्रो बाबुले कतिको माया गर्नुहुन्छ ?" मैले भने धेरे गर्नुहुन्छ दाजु किनर ? "मेरो बाबुले कहिले कुरा बुझेनन् मलाइ माया गर्नु त परै जाओस् बोल्न पनि छोडिसके दशैमा टिकासमेत लाउँदैनन् । खाली पैसाले मरेका छन् । एक फेर तिम्रो बाबुलाई भनेर सम्झाउन लगाइदेऊ न त्यहाँ त गैरहन्छन् क्यार ! कमसेकम मसँग नभएपनि बुहारीसँग त राम्रो व्यवहार गरुन् ।" मैले भनेँ 'हुन्छ दाजु' भनेर सम्झाउने प्रयास गरेँ तर उनको समस्या समाधान भएन । घरेलु विवाद झन् बढ्दैगएको सुन्नमा आइरहेको थियो ।

**भैरवको लोकप्रियता र उनमाथि हुन थालेको खुट्टा तनाइ वा प्रहार**

भैरवद्वारा लिखित पुस्तकहरू बजारमा सबैभन्दा बढी बिक्रीहुनेमा पर्नथालेपछि समकालीन लेखकमा अप्रत्यक्ष इर्ष्याभाव प्रकट हुनथाल्नु मानिवीय स्वभाव नै हो । त्यसमा पनि उनका पुस्तकमा भूमिका लेख्ने लेखकहरूमध्ये केही जस्तै तारानाथ शर्माले गलबन्दीको भूमिकामा भन्नुभएको छ "हास्यलेखकको मूल उद्देश्य हँसाउन होइन । यसले हँसाउने आवरणभित्र जीवनका गूढतम रहस्यहरूको उद्‌घाटन गर्छ ।" भन्दै भैरवको लेखमा यी सबैकुरा भएको चर्चा गरिदिनुभएको छ । यसैगरी इतिश्रीको भूमिकामा वासुदेव त्रिपाठीले भन्नुभएको छ कि "भानुभक्त आचार्य, लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा, भीमनिधि तिवारी, गोपालप्रसाद रिमाल, बाबुराम आचार्य, प्रेमराज शर्मा, शङ्कर लामिछाने आदि पुराना लेखकको प्रतिनिधत्व केशव पिँडालीले गर्छन्, अर्याल भने समसामयिक सहकर्मीका अगुवा प्रतीत हुन्छन् ।" भन्दै हुने विरुवाको चिल्लोपात भन्ने उखान भैरवमा चरितार्थ भएको छ र यी पिँडालीभन्दा अगाडि लाग्छन् भन्ने आशय पूर्ण लेख प्रकाशित भएपछि त पिँडालीजीमा यस्तै इर्ष्याभाव प्रकट भएको थियो भन्ने गरिन्छ । उदाहरणस्वरूप, भैरवजीले "अरूको तालुमा आलु फले पनि मेरो तालुमा भने पिँडालु फल्न पुगेको छ" भनेर मर्माहत व्यङ्ग्य प्रहार गर्न बाध्य भएको पाइन्छ ।

भैरवको बढ्दो लोकप्रियताले गर्दा उनको खुट्टातान्नेहरू प्रत्यक्ष अप्रत्यक्ष धेरै हुनपुगेको कुरा माथि नै उल्लेख गरिसकेको छु । तर भैरव यसैबाटमात्र पिल्सिनु पर्नेथिएन । यसैगरी आर्थिक र पारिबारिक झैझमेला कसलाइ पर्दैन र ? जे होस् निम्नलिखित प्रसङ्गमा भैरवको वास्तविक विचार प्रकट भएका छन् । तिनलाई जस्ताको तस्तै प्रस्तुत गरेको छु :-

तानसेनका निराकार वनमालीलाई लेखेको एक चिठीको केही सूक्ष्मांश यसप्रकार छ । 'नेपाली साहित्यमा हास्यव्यङ्ग्यको खाँचो अनुभव गरेर म त्यसको खाँचोको परिपूर्ति गर्ने उद्देश्यले हास्य व्यङ्ग्य लेख्न कस्सिएको योजनाबद्ध लेखक होइन । मान्छे आफूमा एउटा समुद्र लिएर जन्मेको हुन्छ त्यसमा बराबर छाल आउँछन् । कुन छालले उसलाई कतापट्टि पुऱ्याउँछ भन्नै सकिन्न । तपाइँले मेरो लेखमा पाउनुभएजस्तो ठट्यौलो मान्छे म होइन । कविताको अनुराग र

अभ्यास गर्दागर्दै कताबाट हास्यव्यङग्य लेख्न पुगेँ र कताबाट आज तपाइँ हास्यव्यङ्ग्याबारे तेरो अनुभव र विचार लेख्न भन्ने अनुरोध गर्नलाग्नुभएको छ यी सबै सम्झँदा हाँसो उठ्छ ।.......आफ्नै रहरले लेखिएकाहरू अरूलाई राम्रा नलागे पनि म आफूलाई निकै सन्तोष दिन्छन् । करले लेखिएकाहरूमा कुनै साह्रै फितला पनि छन्, समालोचना वा समास्वाद गर्नेकाम तपाइँकै । ........ यहाँनेर यति हुलिया भट्याउनुको मतलब के भने बलात् हँसाउने नियत लिएर म लेख्दिनँ । कसैको चित्तको भित्री ओठमात्र अलिकति मुस्कुराइदिए पनि हुन्छ । पेटको लाम्टा दुख्नेगरी हाँस्नुपर्दैन । लाम्टा दुखाउने हास्य भए पनि साहित्यको सुकोमलता लिएर उत्रन मुस्किलै पर्छ ।.....एउटा मेरो विशेष अनुभव के छ भनेः जीवनजगत्का सचेष्टता, युग र अवस्थाप्रतिका सचेतता अनि देश र दायित्वका बोधहरू जतिजति बढ्दै जान्छन् हास्यव्यङ्ग्यमा हास्यको मात्रा पातलिँदै व्यङ्ग्य बाक्लो हुनजान्छ । हास्यभन्दा व्यङ्ग्य चर्को भयो भन्ने गुनासो म बराबर सुन्छु । परिणामतः म व्यङ्ग्यात्मक निबन्धमात्र लेखूँला कि ? या छाडिदिने पनि बेर छैन ।.......हास्यव्यङ्ग्यमात्रै साहित्यिक विधा होइन क्यार ! म यही लेख्छु भन्ने सङ्कल्प पनि त गरेको छैन मैले सोध्नुभयो, लेख्न पाएँ धन्यवाद । (यी हरफहरू भग्न भैरवबाट साभार गरिएका हुन्)

यी हरफहरूले उनको लेखनफाँटको खाँटी कुरा प्रदर्शित भएका छन् ।

अन्त्यमा

माागी पाइने भीखभन्दा आफ्नै भोक मीठो<br>
रोईरोई वाँच्नुभन्दा हाँसी मर्नु निको ।

भनेर कविता लेख्ने भैरव हाँस्दा हाँस्दै एक दिन परिबार, गुरुहरू, साथीभाइआदि सबैलाई झुक्याई र निरास पारी मध्यरातमा घरबाट सुटुक्क निस्केर गोकर्णमा पुगी महादेव र वरपरको देवीदेवताहरूको दर्शन गरी सबैलाई सम्झेर भृगुपतन भन्ने ठाउँबाट हामफालेर शरीर त्याग गर्न पुगे । मात्र उनलाई सही लागेको यो पलायन यात्रा अरू सबैलाई बेठिक लागेको छ । जीवन भनेकै सङ्घर्ष हो यसबाट भाग्नु मानिसको कर्तव्य त पटक्कै हैन । जस्तो सुकै पीडासँग युद्ध गर्ने मानिस नै हुन्छ । जो युद्ध गर्छ र ऊ पूरा जीवन वाँच्छ तर भैरवले यो प्रयासै गरेनन् । नेपाली साहित्यको एक चम्किला तार एकाएक अस्ताउन पुग्दा उनका सम्पूर्ण समर्थक, शुभ चिन्तकहरू निरास निरास भएको पनि आज छयालीस वर्ष पुगेर सतचालीस वर्ष लागेछ । उनको आत्माले चिर शान्ति पाओस हार्दिक श्रद्धासुमन अर्पण गर्दै अन्त्यमा उनकै एक कविता बाट यो भनाइ टुङ्ग्याउँछु ।

स्वप्नशील, कर्मवीर मानिसको आत्मा<br>
उँभो लाग्छ सिर्जनाको अनौ लिई हातमा<br>
कहिल्यै कतै नटुङ्गिने साझा मूलबाटो<br>
भोलि जोत्न जानु छ रे चन्द्रमाको पाटो ।

हस त नमस्कार । ■■


## लेखकहरूमा अनुरोध

विगत २३ वर्षदेखि प्रकाशन हुँदै आइरहेको यस पत्रिकाका लागि कथा, कविता, मुक्तक, गजल, निबन्ध, समालोचनालगायतका साहित्यिक रचना प्रकाशनार्थ पठाइदिनुहुन लेखकज्यूहरूसमक्ष सविनय अनुरोध गर्दछौँ ।

आफ्ना रचनासँगै तस्बिर अनिवार्य पठाउनुहोला ।

Email : navarajpudasaini@gmail.com

# स्मृतिमा शाश्वत व्यङ्ग्यशिल्पी भैरव अर्याल



✍ **निर्मल अर्याल**

"मागी पाइने भिखभन्दा आफ्नै भोक मिठो
रोई रोई बाँच्नु भन्दा हाँसी मर्नु निको"

नेपाली हास्यव्यङ्ग्य साहित्यका शाश्वत शिल्पी भैरव अर्यालले सायद आफैलाई केन्द्रमा राखेर यी कालजयी हरफ रच्नु भएको थियो । रोग तथा भोकले आक्रान्त अर्यालले निरश जीवनलाई पूर्णविराम दिने क्रममा अन्ततः ४० वर्षको अल्पायुमा आत्महत्या गरे, गोकर्णस्थित पुलबाट वागमती नदीको खोँचमा हाम फालेर । वि.सं १९९३ असोज ५ गते जन्मनु भएका अर्यालले २०३३ असोज १९ गते मृत्युवरण गरे । मोतीराम भट्टपछि सम्भवत सबैभन्दा कम उमेरमा निधन भएका स्थापित नेपाली साहित्यकार अर्याल नै हुन् । नेपाली साहित्यकारहरूको ज्ञात इतिहासमा आफै आफ्नो देहपात गर्ने अर्याल नै पहिलो साहित्यकारको रूपमा दर्ज भएका छन् । २००९ सालबाट कविता मार्फत् उनको साहित्यिक यात्रा शुरु भएको थियो । कुन्तादेवी भट्टराई सम्पादक रहनु भएको 'प्रतिभा' पत्रिकामा 'नयाँ जीवन' शीर्षकको कविता प्रकाशित गरी उहाँ औपचारिक रूपमा साहित्यिक क्षेत्रमा प्रवेश गरेका हुन् । ४० वर्षमा देहत्याग गरे पनि नेपाली साहित्यका लागि उनको उमेर करिब दुई दशक सम्म मात्र उर्वर रह्यो । ३५ वर्ष पूरा भएपछि उनको सिर्जनाशक्तिमा ठूलो ह्रास आएको वरिष्ठ समालोचक समेत रहनु भएका प्राध्यापक डाक्टर वासुदेव त्रिपाठी बताउँछन् । त्रिपाठीका अनुसार अर्यालको साहित्यिक यात्राको मोटामोटी चरण-विभाजन यसप्रकार गर्न सकिन्छ ।

१. पृष्ठभूमि र पूर्वाभ्यासको अवधि (२००५-२०१२) : प्रथम चरण
२. उदय र अभ्यासको अवधि (२०१३-२०१७) : द्वितीय चरण
३. विकासशील र परिपाकोन्मुख अवधि (२०१८-२०२८) : तृतीय चरण
४. ह्रासोन्मुख अवधि (२०२९-२०३३) : चतुर्थ चरण (शाश्वत् व्यङ्ग्य शिल्पी-२०७२)

जीवनप्रतिको चरम निराशाका कारण अन्तिम दशकमा अर्यालले पटक पटक आत्महत्याको प्रयास गर्नु भएको थियो । यस अर्थमा नेपाली साहित्यले अत्यन्त कम समय मात्र उनको उर्जाशील तथा सिर्जनशील दिमागको सामीप्यता पायो भन्न सकिन्छ । अर्यालद्वारा स्थापित भएको हास्यव्यङ्ग्य साहित्यको फाँटले समग्र नेपाली साहित्यको परिधिलाई अझ बलशाली बनाएको छ । अर्यालले हास्यव्यङ्ग्य साहित्यको खुल्ला मैदानमा आफ्नो परिचय स्थापित गराएको भने बिलकुल होइन । केशवराज पिँडाली, वासुदेव लुइँटेल, दाताराम शर्मा जस्ता मूर्धन्य हास्यव्यङ्ग्यकारकै युगमा जन्मिएर व्यङ्ग्य साहित्यको कुरुक्षेत्रमा अर्यालले आफ्नो उच्च श्रेष्ठता प्रमाणित गरे । समग्र जीवन ४० वर्षसम्म बिताएपनि अर्यालकै शब्दमा वेला-वेलाको मरणासन्न अस्वस्थता र घनघोर गरिबीसँगको निरन्तर युद्धले उनको जीवन २० वर्षपछि नै थिलथिलो हुन पुगेको थियो । अन्य शारीरिक कमजोरीहरूसँगै असाध्यै पीडा दिएको घाँटीको समस्याले उनलाई पटक पटक गाँजेको थियो । आफूबाट सम्भव नभएपछि विभिन्न स्रोत साधन जुटाउँदै उपचारका लागि भारत र जर्मनीसम्म पुगे पनि उहाँको शारीरिक अवस्था सुध्रिएन, झन् कमजोर हुँदै गयो, मानसिक स्वास्थ्य समेत अझ जटिल भयो । ६ सन्तानको भरणपोषणका

लागि उनले कहिले शिक्षकको भूमिकामा देखिनु भयो त कहिले पत्रकारको । २०११ सालदेखि २०१३ सम्म पोखरा कन्धनीडाँडास्थित भवानी प्राथमिक विद्यालयमा शिक्षक रहेका अर्याल २०१३ देखि २०१५ सम्मको राजधानीको पासिखेलस्थित इन्द्रायणी विद्यालयमा आबद्ध रहे । आफ्ना एक प्रिय विद्यार्थीको पौडी खेल्ने क्रममा निधन भएपछि अत्यन्त संवेदनशनील व्यक्तित्व अर्याल मानसिक रूपमा विक्षिप्त हुँदै पोखरा छाडेर राजधानी प्रवेश गरे । कन्धनीडाँडास्थित भवानी प्राथमिक विद्यालयमा अर्यालका शिष्य रहनु भएका वरिष्ठ राजनीतिज्ञ (पूर्व सभामुख तारानाथ रानाभाट) अर्याललाई अत्यन्त मेहनती तथा विलक्षण शिक्षकको रूपमा स्मरण गर्छन् । भाषामा विशेष दख्खल राख्नुहुने अर्याल २०१५ सालपछि हालखबर दैनिकमा आबद्ध भएर पत्रकारितातर्फ आर्कषित भएको उनका आत्मीय मित्र वरिष्ठ पत्रकार भैरव रिसाल (दिवंगत) बताउँछन् । हालखबरमा अर्यालका चोटिला व्यङ्ग्यहरू छापिन थालेपछि पत्रिकाको विक्री पनि ह्वात्तै बढेको रिसाल स्मरण गर्छन् । समाजका बेथिति र काला कामको विरूद्ध हास्यव्यङ्ग्य विधा मार्फत अर्यालले हान्नु भएको बेजोड वाणप्रति आफ्नो सधैं ठूलो सरहाना र सम्मान रहेको रिसाल बताउँछन् । हालखबर दैनिक, सगरमाथा संवाद समिति हुँदै गोरखापत्र संस्थान पुगेका अर्यालले उपसम्पादक, सहायक सम्पादकसम्मको भूमिका निर्वाह गरे । सम्पादन कलामा माहिर अर्यालको रोहवरमा तत्कालीन समयमा धेरै नवआगन्तुक साहित्यकार तथा पत्रकारहरूले पछिसम्मका लागि दह्रो लय समातेको उहाँका अर्का घनिष्ठ मित्र रोचक घिमिरेको भनाइ छ । 'अर्यालकै कडा मेहनतका कारण गोरखापत्रको शनिवासरीय अङ्क निकै स्तरीय बन्न पुग्यो' घिमिरे भन्छन् । अर्यालकै प्रत्यक्ष निगरानी र सर-सल्लाहमा धेरै प्रतिभाशाली लेखकहरूको जन्म भएकाले आजसम्म पनि पत्रकारितामा अर्याललाई रोलमोडल मान्नेको जमात ठूलै छ । संस्कृत पृष्ठभूमिबाट आएपनि पछि अंग्रेजी भाषा सिक्दै अर्यालले विदेशमा समेत गई पत्रकारितको तालिम लिएका थिए । घिमिरेका अनुसार नेपाली साहित्यको श्रीवृद्धिमा विशिष्ट स्थान कायम गरेको 'रचना' को नामाकरण पनि अर्यालकै अगुवाईमा भएको थियो । त्यसो त उच्च कोटीका हास्यव्यङ्ग्यकार हरिवंश आचार्य र मदनकृष्ण श्रेष्ठ समेत अर्यालबाट आफूहरू निकै प्रभावित भएको बताउँछन् । 'भैरव दाइले स्थापना गरिदिएको व्यङ्ग्य साहित्यको जगमा नै हामीले पछि हालीमुहाली तथा थप रोमान्स गरेका हौँ' मदनकृष्ण श्रेष्ठ भन्छन् । त्यस्तै आचार्य पनि भैरव अर्यालकै व्यङ्ग्य साहित्यबाट प्रभावित भएर व्यङ्ग्य साहित्यमा प्रवेश गरेको र नेपाली साहित्यमा लक्ष्मीप्रसाद देवकोटा 'महाकवि' भए झै अर्याल 'महा-हास्यव्यङ्ग्यकार' भएको सगर्व बताउँछन् । मह जोडीले विगतमा भैरव अर्यालको तस्विरमा माल्यार्पण गरेर मात्र गाईजात्रा कार्यक्रम सुरु गरेको इतिहासबाट पनि अर्यालप्रतिको महजोडीको असीम श्रद्धा देखाउँछ । सिस्नुपानी नेपालका अध्यक्ष लक्ष्मण गाम्नागे अन्तर्राष्ट्रिय स्तरको हास्यव्यङ्ग्य साहित्यसँग समेत प्रतिस्पर्धा गर्न सक्ने ल्याकत केवल अर्यालमा रहेको बताउँछन् । पाठ्यक्रममा रहेका अर्यालका लेखहरूबाट प्रभावित हुने अहिले पनि हजारौं छन् । यसै प्रसङ्गमा चर्चित साहित्यकार कृष्ण धारावासी लेख्छन्, 'पाठ्यपुस्तकमा अरू क-कसका लेख र कथाहरू थिए, थाहा छैन, तर भैरव अर्याल फलामको अक्षर भएर बसेका थिए मेरो मस्तिष्कमा, व्यङ्ग्यको तिक्ष्णताबाट हेर्दा उनले अरूलाई धेरै नै तल छाडेका छन्, अर्याललाई पढेरै नै मैले व्यङ्ग्य लेखनको कला सिकेको हुँ ।'

व्यङ्ग्य साहित्य मार्फत् अर्यालले सामाजिक विकृति विसङ्गति माथि निर्मम प्रहार गरेका छन् । राजनीतिलाई मागी खाने भाँडो बनाउने नेताहरूको पृष्ठभूमिमाथि कटाक्ष गर्दै नेता नम्बर एक सय एक (जयभुँडी) शीर्षकको निबन्धमा अर्याल लेख्छन्–

"चोरी चकारी नगरी चतुऱ्याइँ हुन्न
दङ्गा फसाद नगरे इज्जतै रहन्न
सोझा र सज्जन कबै नलिनू दलैमा
पार्टी चलाउनु सधैँ छल औ बलैमा"

अर्यालले अहिलेको भद्रगोललाई कल्पना गर्दै झन्डै पाँच दशकअघि लेखेका लेखले उनको दूरदर्शीता झल्काउँछ । 'जयभोली' शीर्षकको निबन्धले हाम्रो प्रशासन संयन्त्रको आजको काम गराइलाई दुरुस्त चित्रण गरेको छ । त्यस्तै राजधानीको अहिलेको कुरूप अवस्था ठ्याक्कै मिल्नेगरी 'अमरावती कान्तिपुरी नगरी' (जयभुँडी) मा अर्याल लेख्छन् :

"पथ सात फुटे बस नौ गजको
सिट बीस भए भिड सौतकको
छ त अन्त कतै सुविधा यसरी
अमरावती कान्तिपुरी नगरी"

त्यसो त अर्याल सृङ्गारिक कविताहरूमा पनि उत्तिकै सिद्धहस्त देखिन्छन् । प्रज्ञाप्रतिष्ठानले २०२२ बाट सुरु गरेको राष्ट्रिय कविता महोत्सवको पहिलो संस्करणको स्वर्णधारी अर्याल नै हुन् । 'आराधना नैतिकताको' शीर्षक कविता मार्फत पहिलो स्थान हासिल गर्दै अर्यालले कवितामा पनि आफू अब्बल रहेको सावित गरे । उहाँको पहिलो कविता सङ्ग्रह ' उपवन' बाट प्रभावित भएर नाट्य सम्राट बालकृष्ण समले सोही पुस्तकमा लेख्नुभएको भूमिकाको सार यसप्रकारको छ 'अर्यालजी उदयीमान एक तारा हुनुहुन्छ, हाम्रो साहित्याकाशले उहाँलाई गौरवान्वित भई धारण गर्नेछ ।'

तत्कालीन शासन प्रणालीमाथि कटु व्यङ्ग्य सहित अर्यालले लेखेको 'कुकुर स्वर्ग हुँदा' शीर्षकको कविता उत्कृष्ट हुँदाहुँदै २०३३ सालको "गाईजात्रा" मा वाचन गर्न प्रतिबन्ध लगाइएको थियो ।

पितृसतात्मक युगमा पनि महिलाको आत्मसम्मानलाई उच्च प्राथमिकता दिने अर्यालका कालजयी हरफले अहिले पनि निर्मला हत्याकाण्ड जस्तै दैनिकका बलात्कारका घटनाबाट बदनाम तथा लज्जीत हाम्रो समाजलाई गतिलो झापड दिएको छ ।

"जुनराज्य भित्र गुजन्छ एउटी नारीको क्रन्दन
कसरी त्यसले उन्नति गर्ला भनेर मानूँ म"
(विरही राम)

आफ्ना उत्कृष्ट व्यङ्ग्य रचनाहरूका कारण अर्याल आम नेपालीको मनमस्तिष्कमा विराजमान भए । भनिन्छ कुनै समय नेपालीहरूको घरमा तीन वटा पुस्तक विनाको दराज नै भेटिँदैनथ्यो । भानुभक्त आचार्यको रामायण, लक्ष्मीप्रसाद देवकोटाको मुनामदन र भैरव अर्यालको जयभुँडी । यस अर्थमा अर्याललाई भाग्यमानी मान्न सकिन्छ तर अफसोच अर्यालले सधैँ आफूलाई भाग्यले ठगेको महसुस गरिरहनु भयो । अर्यालकै शब्दमा कार्यालयका सहकर्मी सहित केही साथीभाइ, प्रकाशकहरूका कारण उहाँ निरन्तर बौद्धिक शोषणमा पर्नु भएको थियो । त्यसैले बाहिरी आवरणमा सबैलाई हँसाउने भएपनि भित्री वृत्तमा उनीभित्रको भैरव क्रमशः निराश भइरहेको थियो । निरन्तरको विमारीले उहाँमा थप ग्लानी सिर्जना गरिरहेको थियो । जीवनरथसँगै आइपर्ने चौतर्फी चुनौतीहरूलाई सामना गर्दै अर्याल अघिबढ्नु भएको भए परिमाण र गुण दुवै हिसाबले नेपाली साहित्यको भण्डार अझ समुन्नत हुने निश्चित थियो तर अर्यालले त्यसो गरेनन् । रोगमाथिको भोक, ज्ञात अज्ञात व्यक्तिहरूबाट भएको लगातारको बौद्धिक शोषणबाट शिथिल भएका अर्यालले आत्महत्यालाई नै उत्तम विकल्प ठाने । अर्यालको आत्महत्यालाई लिएर त्यतिबेलाका सञ्चार माध्यमहरूमा मात्र नभई चोकचोकमा समेत सार्वजनिक टिका टिप्पणीहरू भए तर उनलाई नजिकबाट चिन्नेहरूका लागि भने यो अप्रत्याशित घटना थिएन किनकि अर्यालले विगतमा पनि पटक पटक आत्महत्याको प्रयास गरेको घटनाबारे उनीहरू जानकार नै थिए । कतिले उनलाई कायर भने त कतिले लाछी । तर उनका अत्यन्त निकटका मित्र लोकप्रिय आख्यानकार रमेश विकल भने अर्यालको आत्महत्यालाई 'युगचेतनाले गरेको हत्या' को संज्ञा दिन्छन् । अर्यालको आत्महत्याको समाचारले आफन्त, शुभचिन्तक तथा साहित्यप्रेमीहरू स्तब्ध हुनु स्वभाविक नै थियो । आत्महत्या भन्दा ठिक अघि आफू कार्यरत संस्था (गोरखापत्र संस्थान) लाई पठाएको पत्रमा अर्यालले कलम वा कोदाली केही पनि चलाएर आफू र आफ्ना आश्रितलाई संरक्षण दिन या देशको निम्ति केही गर्न नसक्ने भएकाले अब बाँच्नु



# काण्डैकाण्ड छ झिस्मिस !

✍ **बद्रीप्रसाद दाहाल (भस्मासुरोवाच)**

बालियो लोकको तन्त्र, फालियो गणको कथा ।
हापियो सङ्घको वाद, भागबन्डा जताततता ॥

बन्डातन्त्र महामन्त्र गुटभित्र र बाहिर ।
विधान नीति सिद्धान्त मिच्नमा सब माहिर !!

भ्रातृ औ मातृसंस्था जो शुभेच्छु सङ्घ छन् जति।
टीकामाला लगाएर मिचे विधानको गति ॥

बन्डा मिलाई ठन्डा छन् एकतन्त्र रूयाउने ।
टन्टालन्ठा सबै भाग्दा हुन्छु झण्डा समाउने ॥

प्रजातन्त्र मजायन्त्र बन्डातन्त्र सधैँ रहून् ।
नेतातन्त्र महामन्त्र जनताले कहीरहून् ! !

गठबन्धनकै तन्त्र जनतन्त्र भनी बुझून् ।
नातावाद मिलाएर गुटतन्त्र चलीरहून् ! !

कालेलाले सधैँ भाले खाले गाले उठाउँदै ।
सर्पबिच्छी मुसा पालौँ लोकतन्त्र सुताउँदै॥

प्रदेश सङ्घका मान्य होल मन्त्री बनाउँदै ।
लुटतन्त्र चलाएर हिँडौँ हामी गनाउँदै ! !

गाईजात्रा त साँढेका भक्कू नाच छ किस्मिस !
गठ–बन्डा प्रतापैले काण्ड नै सब झिस्मिस ! !

समाप्तम्

पनि बेकार भएको उल्लेख गरेका छन् । आत्महत्या गर्नु भन्दा ११ दिनअघि आफ्ना ६ सन्तानको नाममा मार्मिक पत्र लेख्दै अर्यालले आफूले जानी जानी कुनै पनि अपराध नगरेपनि अनाहकमा दुर्नियाभरीका पाप आफ्नो थाप्लामा थाप्नुपरेको उल्लेख गरेका छन् । कुनै अपराध गरिन तर धेरै आरोप लाग्यो भनेर उनले चिठी टुङ्ग्याएका छन् । आफूलाई निर्दोष पुष्टि गर्न उनले २०३३ भाद्र ५ मा लेखेको मर्मस्पर्शी हरफ यस्तो थियो :

"तँ कतै छस् भन्ने सुन्लास्
मेरो चीत्कार भित्रको
सुनिस् भने भनिहाल्लास्
यो निर्दोष अजान थ्यो"

साहित्यकार कृष्ण धारावासी लेख्नुहुन्छ, 'भैरव अर्यालको मृत्युलाई म आज पनि सहज मान्दिँन । कुनै पनि असहज मृत्युहरू मानव सभ्यताका लागि नै दुर्भाग्य हो । भैरव दाइलाई भौतिक रूपमा उसैबेला (२०३३) गुमाए पनि बौद्धिक रूपमा कहिल्यै गुमाउनु हुँदैन । ■■

# जड्याहा पत्रिका



✍ **रामकुमार पाँडे**

यो लेखक त खुस्के छ ! पत्रकार हुनुपर्ने कहाँ पत्रिका लेखेको भन्नुहोला (?) यो प्रिन्ट मिस्टेक पनि हैन । केही नपाएर पत्रिकालाई जड्याहा भन्न थाल्यो । साहित्यकारको आफ्नै भाइले चलाएको पत्रिकालाई त्यसो भन्न मिल्छ ? त्यस माथि पत्रकार पो जड्याहा हुन सक्छ, पत्रिका पनि कहि जड्याहा हुन्छ ? त्यस माथि यो निर्जीव ! बुझ्ने जीवले त पहिलेजस्तो धोक्न छाडिसके । अहिले निर्जीवले कहाँ जाँड धोक्छ ?

हैन महाशय ! सत्ययुगको कुरा गरेर हुन्छ ? सत्ययुगमा त अमृत मानेर सोमरस ठिक्क पिउथे र ठिकठाक हुन्थे । अहिले मध्यकलिमा त धोक्नेलाई नालिमा सुतेको देखे बोक्ने घटना आँखाले देखेकै हो । चस्माले धोखा नदिएको भए आइग्लास भएको चस्माले त्यो बडेमानको घटनाको रटना लगाउँथे होलान् । त्यसैले यस्ता कुरा आफ्नै र आफ्नाको हुँदा पत्रकारले देख्दैनन् । पत्रिका नै टिल परेको हुन्छ जुन आफ्नै दाजु पर्ने साहित्यकारले देख्छ ।

गज्जबको समय आयो ! दुई चार पेग कसैले लगाइदियो कि पत्रिका टिल परेर बस्दा जिल नपर्ने को होला ? त्यति मात्र हो र ? डुङ्ङ डुङ्ती गन्हाएको कसले सुङ्घोस ? पत्रिकाको शरीर भरी कुहिगन्ध ! एक छाक मासुभात लतार्नेले भोट हालेर नर्क पठाउन पर्नेलाई वैतरणी तार्ने त देखिएकै हो । मासुभातले भोट आउँछ भने पत्रिकाले जाँड खान्छ भन्दा कोकोहोलो किन ? मैले देखेकैले लेखेको नत्र सज्जनले गरेको सम्मेलन जतिसुकै भव्य भए पनि तिनले किन देख्दैनन् ? बाटामा भिङ्गो नाचेको चाहिँ भिङ्गा जत्रो अक्षरमा किन छापिन्छन ? जहिले पनि जता पनि कुहिगन्धे नेताको समाचारले बकबास गरेको किन छापिन्छन ? किन टेलिभिजनमा देखाको देखाई गर्छन ? देशको भलो चिताएर देशकै इज्जत राख्नेको समाचार कता हराउँछन् । थुक्क जड्याहा पत्रिका पक्कै जाँडले पत्रिकाको दिमाग उडेको हुनुपर्छ । जसले जाँड खाने पार्टी गर्छ र पत्रिकामा जाँड खाने नगद भर्छ त्यसले जाँड नखाएर पञ्चामृत खान्छ त ? त्यसमा पनि पञ्चामृतलाई बिस देख्नेले जाँडको सुरमा राम्रो लेख्ने सोच्नु भुत्ते सियोले फाटेको लुगो घोच्नु बराबर हो ।

अब जसरी दल किसिम किसिमका उत्पती भएका छन्, त्यसैगरी रक्सिका ब्रान्ड ! अनि जुन ब्रान्डको खायो त्यसैको ग्रान्ड खबर । नखाए पछि पुलाउ नै गोबर ! उच्च कोटिको मदिरा पिलाउने एम्बेसीमा बेसी खाएपछि कुन जमिनमा टेकेको पत्तै हुन्न, जड्याहा पत्रिकालाई । आफ्नो देशमा ढुलमुल गर्दै अर्कै देशमा छु भन्छ । ठूलो पार्टी ठूलाको पार्टी भए जाँड धोक्नसम्म धोकेर बोक्न पर्ने भएपछि पार्टीको गीत गाउँदै माफ सडकमै नाच्न थाल्छ ।

पत्रिकाको नृत्य बेसुरको भएपनि हेर्न लायक हुन्छ । पक्कि पत्रकार त त्यति खसेको वा महाभोजमा फसेको देखेको छैन । त्यसमा पनि पत्रिका त्यही सिको गरी एम्बेसी पसेको देखिन्न । जब भित्र धोकेर, खल्तिमा थप सिसी बोकेर, पत्रिका बाहिर आउँछ दुर्गन्धले वातावरण छाउँछ । पत्रकार त हेर्दा सज्जन अनुहार, जुङ्गा फुलेको, हेर्दा पा'को कहाँ खा'को देखिन्छ ? त्यसै पत्रकारलाई दोष दिनु हुन्न । त्यसमाथि मै हुँ भन्ने नेता त थुर्थुर् काप्छन् र भाषणमा तिनका मङ्गलाचरण छाप्छन् , हो पनि ! जाँडले लट्ठ परेर बाटाँ दोबाटाँ घरआँगनमा बेसुरमा हिँडेको, गाएको

प्रमाण अरूले देखेको होला, मैंले देखेको छैन । पत्रिका चाहिँ टिल परेर मनपरी बकेको देख्दा जिल परेको छु । पत्रिकाकै निधारमा टड्कारै देखिन्छ, नालिमा परेर लागेको दाग हेर्न नसकिने कुरूप ! यहिभएर अचेल केजाती सोसियल मिडियाले सत्य कुरा पत्रिकाको जड्याहा अनुहार देखाउन थालेका छन । नभए लाटासोझा जनतालाई कहाँ थाहा हुन्थ्यो र ! उहिले त पत्रिकाले जनताको दिमाग यसरी भुट्थ्यो कि आफ्नो अनुहार नालिमा चोपलिँदासम्म पनि आधुनिक मेकप हो, यो नै सौन्दर्य हो भन्दै उपद्रो गरी भुट्थ्यो । पत्रिका भ्रष्टाचारमय भएको उजुरी कहाँ दिने ? लाउकेको तस्बिर भङ्गेरे टाउके अक्षर सहित दिएको देख्दा जनताको अगाडि लाज नहुँदा नै जड्याहा पत्रकार नभनी धोक्ने धोकेबाज जड्याहा पत्रिका भनेको हुँ । कसैलाई आघात परे मेरो बात नमाने पनि हुन्छ, केही छैन । पत्रकार त निर्पराध जीव हुन । दानापानी धानेकै छन् मान्नेलाई मानेकै छन् । जाँड धोकेको मैले त देख्दिन । जड्याहा त पत्रिका हो । अहिले जड्याहा पत्रिका पसलमा हप्तौं झुण्डेर आफ्नो कुरूप अनुहार जनतासमक्ष अपहत्ते देखाएको देख्न पाइन्छ । नपत्याए उमेर हैन घुमेर हेर्नू होला । पत्रकार जड्याहा हैन पत्रिका जड्याहा देखिनेछ ।

धन्ना नमान्नु होला । जाँड खोसेर हैन पोसेर लेख्ने परम्परा बसालेपछि बिरोधीलाई झोसेर लेख्नेको जनगणना एक दर्जन नाघ्ने नै भो । पत्रिकाको जाँड र जाँडसङ्ग प्राप्त हुने गोजी गरम गर्ने र भोजभतेरमा प्राप्त हुने नरम गरम खान्की बान्किलाई खोस्ने कोही जिउँदो नेता नजन्मेको हुँदा पत्रकारले अमृत प्राप्त नगर्ने घोषणा यहि ढुन्मुनिएको पत्रिका मार्फत जानकारी गर्न निवेदन गर्दछु । ■■


## कल्पतरूका प्रतिनिधि/आजीवन सदस्यहरू

संयोजक– डा. ऋषि बस्ताकोटी (उत्तर अमेरिका)
युवराज भण्डारी (क्यानडा), डा. रूपक श्रेष्ठ (बेलायत), निर्मलादेवी तिम्सिना 'कान्छी' (युरोप)
ताराप्रसाद चापागाईं (यु.एई.), गृष्मा पौड्याल (जापान)
सीमा रोशी (अस्ट्रेलिया), अजय गोले (दक्षिण कोरिया)
कमल सापकोटा (सिक्किम), सीतादेवी क्षेत्री (मणिपुर)
विष्णा विरही (अमेरिका), सागर फुयाँल (जर्मनी), खिम पुन (कतार)
डम्बर थामी (बहराइन), दाजु गुरूङ (हङकङ)
अरूण शान्ति भुजेल (दार्जीलिङ), प्रेम कटुवाल (कुवेत)
अजय गोले 'अज्जान', मीरा त्रिपाठी (युजिल्यान्ड)
इलाम– टिङ्कु भट्टराई (९८४२८४२६४०)
झापा– टीका चापागाईं (९८६३६०५९३५)
मोरङ– बाबुराम पोखरेल (९८४२०८८५२२)
सुनसरी– मुकुन्द खनाल (९८४२४०९३९२)
उदयपुर– वासुदेव पोखरेल (९८४२८२५४३६)
पर्सा– अप्सरा पुडासैनी (९८४५१२९४७२)
रौतहट– रामचन्द्र तिमिल्सिना (९८५५०४१४२)
सिन्धुली– बाबुराम श्रेष्ठ (९८४१०२७६८८)
काभ्रे– पूर्णबहादुर श्रेष्ठ (९८४४११३७९७)
भक्तपुर– राजेशमान के सी (९८४१४९७५८३)
चितवन– नारायण निर्भय (९८४५२४२४४८)
कास्की– लोकनाथ पुडासैनी (९८४६०३७८७१)
तनहुँ– रूद्र थापा (९८४५५२९९३५)
गुल्मी– डोरबहादुर केसी (९८५१०९७५१२)
दाङ– कपिलकिशोर घिमिरे (९८४८५१४९९९)
बाँके– खगेन्द्र गिरी 'कोपिला' (२९८१०९८४८०)
सुर्खेत– भेषराज रिजाल (९८४३१४२८१६)
बझाङ– लख्खु सिंह (९८६७१००३१०)
कञ्चनपुर– अनिलचन्द अङ्कुर (९८५८७५११२६)


**पुस्तक-पत्रिका मागेर होइन किनेर पढौं ।**
**लेखक-सम्पादकहरूको मिहिनेतको कदर गरौं ।।**

# 'क' को कथा



✍ **दिलिप अर्याल**

मेरा बाले सानामा मलाई काखमा राखेर ककाकिकी सिकाउँदा भगवान् कृष्ण र सुदामाका कनिकाका कथा कहँदै र कंस मामाका कथाकुथुन्ग्री सुनाउँदै 'क' को कहानीलाई कहिल्यै नबिर्सने हिसाबले दिमागमा पोष्टिङ्ग गराई स्थायी नियुक्ति दिनुभयो । यसरी बालखाँ सिक्या कपुरी क को अहिले सम्म कसकसले इज्जत राखेका छन् त्यो त मलाई खासै पत्तो छैन तर म चाहिँ मेरो ग्यारेन्टी लिन्छु । स्कुलमा टाँगिएको कालोपाटीमा बडाबडा अक्षरले लेखेका क बिस्तारै कपुरी कबाट बामे सर्दै कहिले कछुवातिर गए त कहिले कमल अनि कलमलाई समात्न पुगेछन् भन्ने कुरा म काठमाडौं जिल्ला कपन, कोलमती टोल बस्ने कालु बाजेको काँहिलो सुपुत्र कवितारामलाई अत्तोपत्तै भएन । घराँ होस् वा स्कुलाँ होस् मैले यो क लाई सिक्न कहिल्यै कचकच गरिनँ भने आमा बा र गुरुहरूले पनि सिकाउने क्रममा कहिल्यै करकाप गर्नुभएन । बेलाबेलामा मेरो कान्छो काकाले काखमा राखेर मलाई ककाकिकी पनि धेरथोर सिकाएकै हो । काकाले भन्नुहुन्थ्यो, "हेर बाबू कालिदास पनि शुरुमा महामूर्ख थिए रे । उनकी श्रीमती विद्योत्तमाले पुस्तक पढिरहेकोबेलामा कालिदासले क अक्षरलाई देखेर ओहो ! यो क त, म गोठ बस्दा कत्रो थियो अहिले दुब्लाएर यत्रो भएछ भनेर डाँको छाडेर रोएका थिए रे !" जे होस् क र कालिदासको सम्बन्ध भक्त र भगवान्को जस्तै रहेछ भन्ने बुझेँ मैले । उनले क बाट नै कविता कोरे अनि त्यसैबाट कवि हुँदै महाकवि सम्म बनेछन् भन्ने चूरो कुरो पनि थाहा पाइयो । अब यहाँ मजाले भने हुन्छ, "भन् भन् भाइबहिनी हो, क माने कालिदास, कवि, कविता ।"

अहिलेका केटाकेटी (बालबच्चा) हरूलाई कपुरी क, कमल क, कछुवा क ...अलि पुरानै भाको हो कि ? तपाईँलाई कस्तो लाग्छ ? यहाँ क र पुरीको बीच अलि गोरु बेचेको साइनो जस्तो जोडिएको त हैन ? यसमा चाहिँ मलाई पनि शङ्कै लाग्छ । क ले कहाँबाट, कुनबेला, के का लागि पुरी लिएर आयो यसको नालीबेली खोज्न मैले अब तपाईँहरूलाई नै जिम्मा दिएको छु । अब अलि नयाँ शिराबाट ुक लाई लैजानु पर्छ भन्नेमा म पनि सहमत छु । अहिलेको सन्दर्भमा यो क र कम्प्युटर बिच अनोन्याश्रित सम्वन्ध स्थापित भएको छ । पढ्ने, लेख्ने, पढाउने, लेखाउने सबै नै कम्प्युटर र उनकै दरसन्तानहरू देखिन्छन् । यसैले आजकल केटाकेटीहरू किन कम्प्युटरमा झुम्मिएका होलान् हँ ? भनेर कुनै अभिवावक वा शिक्षकले पटक्कै भन्दैनन् । यस्मा न किचकिच छ, न कचकच । ट्याब्लेट, किन्डल, ल्यापटप र मोबाइल सबै नै कम्प्युटरका सगोत्री तथा जुठो सुतक लाग्ने साख्य भाइ भतिजाहरू हुन् भन्दा फरक नपर्ला । कम्पुटर काकाको जन्म हुनुअघि नै क्यालकुलेटर, प्रोजेक्टर भनिने जेठाबा, माहिलाबा हरूको यस धर्तिमा जायजन्म भैसकेको थियो भन्ने कुरामा शङ्का छैन । आजकल त विद्यालयमा होस् वा महाविद्यालयमा होस् कालोपाटी र चकको सौताको रूपमा तिनै प्रोजेक्टर बा र उनको जीवनसँगिनी स्क्रीनले यत्रतत्र, सर्वत्र कब्जा जमाएका देखिन्छन् । परम्परागत पुस्तकको पठनसंस्कृति पछि परिरहेको अहिलेको समयमा विकल्पका रूपमा कम्प्युटर र उसका बन्धुवान्धवहरूको सहायता लिएर पढ्ने चलन अघिबढिरहेको भन्ने बुझिएकाले कम्प्युटरलाई पनि साधुवाद ! त्यसैले भनौ, क माने कम्प्युटर ।

मेरा काका कुलप्रसाद कक्कड□ तान्न सारै

खप्पिस भने मेरा बा तमाखुका पारखी हुनुहुन्थ्यो । "तमाखु हाल् ए कान्छा ! दुबै जना पालैपालो तानौंला" भन्नुहुन्थ्यो बा काकालाई तर काका भने नमान्ने । काका कक्कडमै मस्त । त्यही कुरामा बा र काकाको कहिलेकाही किचकिच पनि परिरहन्थ्यो । ४३ सालतिरको कुरो हो, एकदिन मेरा बाले ल बाबू ! किलागलमा गएर दुई किलो तमाखु लेरा भनेर मलाई पठाउनु भयो । रत्नपार्कमा साझा बसबाट ओर्लेर हिंडेर जाँदै थिए आफ्नो गन्तव्यतिर । अकस्मात भोटाहिटी छिर्ने गौडामा मेरा दौंतरीहरू कवीन्द्र, कुलप्रसाद, केसव, कञ्चन र केदारलाई भेट भयो । मलाई भेटेर उनीहरूले भने, "ल हिंड मुला हामी सँग तँ पनि अहिले । तमाखु समाखु किन्दै गरौंला ।" यसरी उनीहरूले मलाई त्यहाँबाट फर्काएर कालधाराको कसौडी रेस्टुरातिर लिएर गए । त्यहाँ कैलो खसीको कलेजो देखि कालो राँगाको छोइला, कचिला अनि कालिजको मासुसम्म मजाले पाइने रहेछ । कवीन्द्रले कचिला खाउँ भनि दिएको अर्डर बमोजिम काँसको कचौरामा कचिला आयो जुन हेर्दा अलि कचल्टो जस्तो देखिन्थ्यो । त्यहीबेलामा कुलप्रसादले एउटा हाँसो पनि गरी टोपल्यो "हेर है भाइ हो ! यो कचिला जुन भैंसीको छ त्यो जोत्दा जोत्दा थाकेर ट्रकमा हालेर यता पठाएका हुन् । त्यो भैंसीको गर्दन र आँखाभरिको कचेरा(चिप्रा) सम्झिदा त, छ्या ! के खानु जस्तो लाग्छ ।" ह्या, खाने बेलामा नि के सम्झेको भन्दै थिएँ म त्यही बेलामा मेरो पेट कल्याङकुलुङ गर्यो । अनि बिहान खाएको कनिकाको भात, केराउको मुन्टा, कालो गाईको दही सबै सारसौंदै बाहिर आए । अनि मुख कुला गरेर म चाहिँ कहाँको कचिला न सचिला भन्दै टाप ठोकैँ र किलागलतिर तमाखु किन्न जान्छु भनी हान्निएँ । त्यो कचिलाको कल्याङकुलुङले नै यत्रो पाठ सिकाएकोले मज्जाले भन्न सकिन्छ, "क माने कल्याङकुलुङ !"

मेरा जिबा कमलाकान्त उमेरले छयासी पुगेका, ढाड कुप्रिएका, कछाड फेरेर कक्रिएर बस्ने प्रायः कर्क्याक्कुरूक परी एउटै डल्लो परेर सुत्ने भए पनि जाँगर र जोशमा चालीस पचासको उमेर बिर्साउने हुनुहुन्थ्यो । एउटा बडो घँगारूको लठ्ठी लिएर भुँइमा बजार्दै भुराभुरी देखि घरका बाँकी जहान परिवारलाई समेत यसो गर, उसो गर, त्यो नगर भनी थर्काउने बानीमा उमेर तगारो कहिल्यै बनेन बुढाको । "ए कङ्गाल हो, कर्मचण्डाल हो, त्यो तल्लो बारीको कर्कलो बेलै नभई किन उखेलेका हौं ? त्यो पाँचमाने ढलोटको कसौडी, कालो कराही, करौंतीलाई किन भत्केको कटेरोमा राखेकी ए कालुकी आमा ?" मेरी हजुरआमालाई टोकेसेको टोकस्यै गऱ्या भर्खरै जस्तो लाग्छ जिबाले । बुढाले उनको कन्टक काइँलो छोरोलाई त्यो भत्केको कटेरो मर्मत गर्नु भनी कैयौं पटक करकर गर्दा पनि काकाले एउटा कानले सुनेर अर्को कानले उडाएर हिंडे । अनि जिबा खसेको बर्ष नै त्यो कटेरो पनि गर्ल्यामगुर्लुम्मै भत्क्यो । जिबा भन्ने गर्नु हुन्थ्यो कहिलेकाहीँ लाग्छ, कणकणमा व्याप्त रहने भगवान्ले पनि मलाई कठालो समातेर कठोर र कठिनाइपूर्ण बाटोमा हिड्नु है भनेर आदेश गरे जस्तो लाग्छ । मैले जीवनमा धेरै दुःख गरेँ तर कहिल्यै कसैले कठै, कठैबरा, बिचरासम्म पनि भनेनन् । यो कुरा बिचार्दा हेर नाती केटा ! मेरो अर्ती के छ भने जीवनमा कठिन बाटो हिंड्नुपर्दा नआत्तिनू । "आपत विपतमा कोही कसैबाट पनि मल्हम पट्टिको आस नगर्नू । सकेसम्म आफै लड्नू, नत्र मुग्लान पस्नू ।" यो हरफमा पनि क को कथा त भनियो तर अन्त्यमा क माने के भन्ने होला ? छान्दै जाँदा- क माने कर्मचण्डाल पो उचित ठहरियो त ! अहिले संसारैभर अनेकौं कर्मचण्डालहरूको विगविगी रहेकोले यो शब्द उचितै होला हगि ?

दाँत किराले खायो भने कन्टकारी (एक प्रकारको वनस्पति) को तमाखु खा बाबु भनेर मलाई सल्लाह दिने पल्लाघरे कुमारकाकाको आफ्नै आधा भन्दा बढी दाँत सखापै भएको देख्दा यिनको कथ्य पनि कथित नै हो भन्ने लागिरहन्थ्यो तर काकाले दुईटा कुरा चाहिँ

साह्रै गहकिला गरेर बिते, "हेर बाबू ! अर्काका कुरामा ज्यादा चासो राख्ने कन्सुत्लाहरू देख्दा कनपारो तात्ने, कन्चट टन्कने र कनसिरी तातेर भित्तैमा पुग्ने गरी दनक दिउँ जस्तो लाग्ने रहेछ । त्यसैले अर्काको निन्दोचर्चो कहिल्यै नगरेस् । अर्को कुरो– कर्ममार्गमा कर्मयोग गर्दै हिंड्ने कर्मयोगीको कथाप्रसंग सबैका लागि शुक्लपक्षको कलानिधि (चन्द्रमा) को जून जस्तो हो भनि कराउन पछि नपरेस् ।" यहाँ पनि अलि दोधार भयो "क माने कन्चट भनौं वा कन्सुत्लो ? यो निधो गर्ने जिम्मा हजुरहरूकै !"

केवलपुरमा केही समय अघि एउटा अबोध किशोरीलाई करणी गरी हत्या गरेको घटनाले सनसनी मचायो । स्कुलको पढाइ सकेर घर फर्कदै गरेकी उनलाई असत्ती पातकीहरूले निमोठे र उनको इहलीला समाप्त पारे भन्ने खबर सुनियो तर त्यो अपराध हालसम्म रहस्यमा नै छ । यस्ता अपराधीहरू मरेपछि नरकमा यमराजका कर्मचारीहरूले तिनीहरूलाई करौंतीले चिर्छन रे ! भन्ने सुनेको सम्म हो, गरूड पुराणमा ! तर आजसम्म यो सजायँ दिएको दृश्य न फेसबुक लाइभमा देखियो, न अन्य सामाजिक सञ्जालमा । पापी, असत्तीहरू मरेपछि मात्र सजायँ दिने साधन यदि करौंती हो भने, चित्त बुझाउनै भए पनि भनौं, "क माने करौंती !"

'कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा' भन्छन नि ! त्यस्तै हालतमा छन् हाम्रा देशका सडक सञ्जाल । अस्ति हेर्दाहेर्दै कविलासमा केटाकेटी पिकनिक लगेको बस सय फिट तल खसेर कच्याककुचुक भयो । कठैबरा ति केटाकेटी ! केहीको ज्यान गयो भने कैयौं गम्भीर घाइते भए । त्यो कान्लामुन्तिरबाट निकाल्न नि कति कठिन भाको ती कल्कलाउँदा छुनामुनाहरूलाई । यस्तो कुरा सम्झिदा देशको बाटाको अवस्था देखेर कनसिरी तातेर आउँछ अनि त्यो बाटो हेर्ने निकायका मान्छेलाई किन कठालो नसमातेका होलान् भन्ने लाग्छ । त्यसैले घरिघरि भन्न मन लाग्छ, "क माने कठालो !"

हाम्रामा कसारको कत्रो महत्त्व हुने रहेछ भन्ने कुरा कनीकुथी भएपनि कहनु पर्छ भन्ने लाग्यो । बिहे, व्रतवन्धमा खानै पर्ने कुरा चाहिँ कसार नै हो भन्ने कुरामा को को सहमत हुनुहुन्छ ? यसो बिचार्नुस् त । यस्ता अवसरमा तयार गर्ने अरू चिज भनौ न सेल, पुरी इत्यादि, जस्ता चिज घरमा जहिले मन लाग्छ त्यहिबेला पकाएर खाउँ भने भयो तर आज भातको सट्टा कसार बटारेर खाउँ ए बुढी भनेर मैले आजसम्म मेरी जहानलाई भनेको छैन । मेरो एउटा साह्रै नराम्रो बानी के छ भने कसैको बिहे व्रतवन्धमा पुग्दा एक दुई वटा कसार खाउँ न भनेर लाज सरम पचाएर मागी छाड्ने । यो बानी मैले मेरो नालाका भानिज बासंग सिकेको सानैमा । के गर्नु बुढाको त्यस्तै ५० सालतिरको कुरो हो, सुन्ताखानमा रातामाटे पुरेतको राइँलो छोरोको बिहेमा जन्त गएको बखत कसार खाँदा दुइटा दाँत नै झऱ्यो । त्यसपछि चाहिँ बुढाले कसार खान छाडे । तैपनि उनी कसारका पारखी हुन् भनी जान्ने इष्टमित्रहरूले बिहे बटुलोमा उनलाई कसार दिन्थे । बुढाले खुसुक्क ती कसार कोटको खल्तीमा राखेर मलाई सुटुक्क ल्याइदिन्थे । धेरैपटक त मज्जाले खुँदो हालेर बाटेको कसार मेरा साह्रो न साह्रो दाँतले पनि टोक्न सकेन । अनि बुढालाई बा खै के गर्नु ? यो त टोक्न सकिएन के गर्ने होला भनेको । बुढाले मलाई सुझाव दिए "त्यस्तो साह्रो कसार जति खल्तीमा हालेर अब गर्ने भनिएको निर्णायक आन्दोलनमा जानु बाबू । अनि प्रतिकारमा उत्रदा विरोधी र दमनकारी भनिएकाका टाउकामा हान्नू ।" ओहो यो त गजबको आइडिया दिए बुढाले भनेर टोक्न नसक्ने जति कसार जम्मा गरेर राख्या छ । हेरौं कसो काम नआउला एकदिन ? यसर्थमा पनि क माने कसार भन्दा कहिल्यै नबिर्सने पक्कै होइन त ?

कर्म राम्ररी गर्नू भनेर जजमानलाई आदेश दिने पण्डित, पुरेतले कर्मकाण्ड पनि राम्ररी गर्नुपर्यो भन्ने मेरो अडान छ । खाली दानदक्षिणा मात्र कति आउँछ

भनेर किचकिच गर्ने पुरेत मेरो बिचारमा कर्मचण्डाल नै हुन् । त्यस्तो दानदातव्य चाहिँ लुच्चाले खाएको कमिसन जस्तो हो भन्दा के फरक पर्ला र ? पुरेतका नाममा अर्कालाई करेप्नु पनि एउटा हद हुन्छ नि । कर्मकाण्डी ब्राह्मणले कर्मकाण्ड मात्र गर्ने गराउने हैन । उहाँहरूले आफ्ना शिष्य र जजमानलाई कर्मयोग एवम् कर्ममार्गका कथाप्रसँग समेत जोडी सच्चा कर्मयोगी बन्ने बाटोमा प्रेरित गर्नुपर्छ भन्ने कुरो मैले भन्ने आँट गरे ! फेरि अर्को प्रसँगमा कुरा गर्दा जहाँ, जतापनि केही कुरो मिलाएर खान्की खान पर्‍यो भने, "ए त्यस्को कर्मकाण्ड मिलाएर ल्याऊ न भन्ने चलन पनि रहेछ । अनि कसैलाई भित्तैमा पुर्‍याएर दनक दिन पर्‍यो भने त्यसको कर्मकाण्ड गरिदिए हुन्छ ।" त्यसैले यत्रो महत्त्वको शब्दलाई पक्कै भन्न मिल्छ, "क माने कर्मकाण्ड !"

झन्डै ४ दशक देखि हाम्रो देशमा हालीमुहाली गर्ने पुराना राजनीतिक पार्टीहरू पनि 'क' बाटै नाम जुराएर आएका छन् । कहिले एक्ला-एक्लै त कहिले काँध र कुम जोडेर । उहाँहरूको आआफ्ना पार्टी भित्र पनि सधैँ कलह, किचलो र कुरो नमिल्ने । कहिले फुट्ने, कहिले जुट्ने अनि कहिले टुट्ने उहाँहरूको विशेषता । 'कुरो र कुलोलाई जता लगे पनि हुन्छ' भन्ने नेपाली उखानको सही प्रयोग उहाँहरूको क्रियाकलापबाट भइरहेको हाम्ले देखे सुनेकै छौँ । जे जता पनि आफ्नै पार्टी र कार्यकर्ताद्वारा कब्जा, अरू हेरेको हेर्‍यै ! अब यहाँ तपाई आफै भन्नुस, ु क माने के के होला ?

तल्तल् लागेर एक कप चिया खान्छु भनी कुन्जना काकीको चिया पसल तिर हिडेको मात्र थिएँ, ढोकै अगाडि केदारकाकालाई भेट भयो । कता हो काका भनेर सोधेँ । उत्तरमा काकाले भने हेर न बाबु, सानो नातिको लागि एउटा कखराको किताब किन्न जाउँ भनी हिंडेको । भोलि सरस्वतीपूजाको दिन छ । नातिलाई आरम्भमा क मात्र भएपनि सिकाउनु पर्‍यो भनेर आँटेको । फेरि काकाले कुरैकुरामा जोस्सिँदै भने, हेर बाबु ! मेरी आमा भन्थिन, मैले दुई वर्षमै पहिलो अक्षर क सिकेको रे ! कलाई हेला नगर्नू है काहिँला, भन्थे बा पनि । यदि कलाई हेलाँ गरिस् भने खमा पुग्न गार्हो हुन्छ भन्ने उपदेश गन्यमान्यबाट पाउँथे । कबाट बनेका कति कति शब्दहरू कन्ठै गरियो आफूले । साँच्चै क कलाकौशलले भरिपूर्ण छ । आजकल क का कतिपय शब्दहरू शब्दकोशमा मात्र सीमित रहेका छन् । व्यवहारमा तिनका सट्टामा अङ्ग्रेजी भाषाका शब्द प्रयोग भएको पाइन्छन् । हाम्रो भाषाको कस्तो दयनीय स्थिति भयो हेर त बाबू ! भन्ने सम्मका कुरा भन्न भ्याए काकाले ।

काका भन्दै गए । म सुन्दै गएँ । अनि लेख्दै गएँ "क" र "क" को कथा । ■■


२०८२ भाद्र २३ गते जेन जी युवाहरुले देशभर सञ्चालन गरेको भ्रष्टाचार विरोधी आन्दोलनका क्रममा धेरै विद्यार्थीहरु समेतको सहादतले हामी मर्माहत भएका छौं । यसरी सहादत प्राप्त गर्नुभएका सम्पूर्ण सहिदहरूप्रति भावपूर्ण श्रध्दाञ्जली अर्पण गर्दै सहिदहरूका परिवारमा गहिरो समवेदना व्यक्त गर्दछौं।

**सुमित्रा धिमाल**
(प्रिन्सिपल)
**शुभकामना स्कुल**
गोकर्ण, काठमाडौं, फोन : ९८५९०५८१११



# वाह क्या दङ्दास कालिदास !

✍ डा. सुवास प्याकुरेल

कोही मिजासिलो होस्, फरासिलो होस्, हट्टाकट्टा होस् अनि त्यसमाथि रमाइलो खाले ख्यालठट्टा गरिराखोस् । कालिदास छब्बिस सय वर्ष अघि जन्मिएर पनि यस्तै बनी र बान्की हुनाले अहिलेका सेलिब्रिटीभन्दा बढी भाइरल थिए । अझ उनी अहिलेको जमानामा धर्तीमा ल्यान्ड हुन पाएको भए, फेसबुकमा कति धेरै छाउँदा हुन्, कति धेरै युट्युबर र टिकटके उनका पछि धाउँदा हुन् तर पनि उनलाई अरूले हेर्ने भर्सन र उनकी आमाले हेर्ने भर्सनमा भने निक्कै अन्तर थियो । अहिलेका मान्छेहरू पनि चिया पसलमा असल देखिने र परिवारमा 'वार' परिरहने विषय सामान्य नै हो । आमालाई कालिदाससँग झिँझो लाग्नुका कारण चाहिँ घर व्यवहारमा बिन्दास भएकाले नै हो । उटपट्याङ कामका चाङ अग्लै थिए कालिदासका । बाबु आज आलु ताछ है भन्थिन् आमा । कालिदास भने आलु ताछेको ताछ्यै गरेर पूरै सिध्याउँथे र काम छिनेको मुडमा धन्यवाद लिन आमाको अघि पर्दै भन्थे, "आमा आलु ताछेर आलु नै सिध्याइसकेँ, अब पकाउने चाहिँ के होला ?" आमा रिसले चुर हुँदै आगो फुक्ने ढुङ्ग्रो, चिम्टाले झम्टिन्थिन् । कालिदास हेरेको हेर्‍यै हुन्थे । उनका सोचाइमा त आमाले स्याबास भन्नु पर्ने पो थियो । दुधको कराइ बसाल्यो अनि आँगनमा आएका साथी सर्कललाई गफ चुट्यो, उता दुध हेर्न छुट्यो । कराइको विषयमा आमा कराइराख्ने, किचेनका विषयमा किचकिच भइराख्ने सामान्य थियो । पढ्न भन्दा गाईवस्तु चराउन, दिनभर सोसलाइज गरेर बेलुकी मात्र घर आउन स्वाद पर्थ्यो कालिदासलाई । भोजनको भन्दा भजनको सुर्ता थियो, किताब र पानाको भन्दा गानाको सोख थियो, त्यसैले त सेलिब्रिटी थिए नि । अरूले मुर्ख भन्ने गर्दा उनलाई ताजुब लाग्थ्यो, सबै मुर्खहरू एक ठाउँमा उभिन्छन र उल्टै उनलाई मुर्खको ट्याग झुन्ड्याइदिन्छन् भन्ने लाग्दथ्यो । मान्छे, मानिस, मानव, मनुष्य, मनुवा, म्यान, वुमन, ह्युमन जे शब्द चल्दा पनि 'मन' शब्द जोडिएको यसै होइन रहेछ । मनले जे सोच्यो, त्यो त्यस्तै त्यस्तै गरी त्यही नै भएर कुरोको उचाइ बढ्ने रहेछ । भैरव अर्यालले कालिदास भेट्न पाएर उनको कलमको निबबाट चर्चा चुहिन पाएको भए कस्तो कस्तो किस्सा बनेर कत्रो हास्य फोहोरा छुट्थ्यो होला ।

कुनै एकदिनको कुरा हो, बिहानैदेखि कालिदास अलिक अधैर्य थिए । यो कोठा र ऊ कोठा, आँगन र चोटा गर्दै फनफन्नि रहँदा अहिलेका फिल्मका 'फन्नी' सिन चल्दै थियो । आमाले सोधिन् पनि, "के बिगार्ने सोच्दै छस फेरि ?" त्यसो होइन आमा भोलि काली मन्दिर अघिल्तिरको रूखको हाँगा काट्नु छ, बाटो नै ब्लक गरिराछ क्या । धेरै जना हिँड्ने बाटो हो त्यो । केही पनि मिस्टेक नहोस भनी गहन प्लान गर्दै छु आमा । सायद यही कुरा संस्कृतमा राखे । आमा यस पटक भने अलिक आनन्दित हुन पुगिन । वाह, कालिदासले यस्तो परिपक्व भएर बोल्न र आफ्नो कुरा खोल्न थाल्यो । यो इभेन्टलाई कालिदासले आफ्नो पहिले पहिलेको इमेज सपार्ने अवसरको रूपमा लिइरहेका हुँदा हुन् । कुनै कमजोरी नहोस्, सबले वाहवाही गरून् । कालिदासको मनमा विचारको ठुलै यान चलिरहेको थियो किनकि मस्तिष्कमा पनि यही एक सूत्रीय अभियान चलिरहेको थियो । हिजै उनले रूखको रेक्की गरेर आउन भ्याइसकेका थिए । मनको क्राइटेरिया सामान्य थियो । चढ्न सजिलो हुने अलिक ढल्किएको रूख होस्, मसलाको झैँ सुल्ल

चिप्लिएर तलै खसिने खाले नभएर गोडाले घर्षण खाने बोक्रा होस् । धेरै अग्लो नहोस्, साह्रै धेरै सग्लो पनि नहोस् । एउटा हाँगो जमिनको समानान्तर खाले होस जसमा कतिन्जेल आरामले बस्न मिलोस् । रूख काट्नुको उदेश्य भने दिन काट्नु र अरूसामु आफू ठुलो पल्टिनु मात्र थियो । दाउरा बनाउनु, फर्निचर बनाउनु वा घरमा कुनै पर्व मनाउनु थिएन । कुनै कारण नहुनु नै उनका लागि ठुलो कारण थियो । सिर्फ उनी अरूभन्दा फरक देख्खिन चाहन्थे, कालिदास मार्केटमा हराएको छैन भनी डिलिट भैसकेको अरूको मेमोरीमा एकचोटि फेरि लेखिन चाहन्थे । केले काट्ने भन्ने अहम् प्रश्न थियो । घरमा भएका चुलेसी, स्याँगी, खुकुरी, बन्चरो सबैमा नजर लगाए । धार चेक गर्न घिरौँला र फर्सी काटेर टेस्ट गरे । बन्चरोलाई धार लगाउन आँगनकै बडो ढुङ्गामा घोट्ने भैखाका, ठाडै घोटेर झनै भुत्ते बनाएछन् । धन्न उनका बुवाले आमाले जस्तो सिधै गालीको बिमान चलाउँदैन थिए, राम्रो गरी धार लगाउन सिकाए । आज रातभरि निदाएनन् कालिदास, भोली बिहानै जो रूख काट्न जानु थियो । भोलिपल्ट पिक्निक जाने रात जुन बेला पनि पाँच बजिसक्यो, आफू मात्रै छुटिएला भन्ने लागेर रातभर ननिदाए जसो वा सात चोटि उठेर घडी हेरे जस्तै मनोविज्ञान हुनुपर्छ त्यो ।

कुखुरो बास्नुअघि नै दत्यु लगाइवरी पाइखाना जान समेत भ्याइसकेका थिए, चिया–नास्ताको कुनै परवाह नगरी सखारै निस्किए । सधैँ 'क्लिन सेभ' गरेर ऐनामा गालाका छाला कोण मिलाइमिलाई हेरेर बल्ल दिनको सुरूवात गर्ने कालिदास आज अलिकति हतास तर धेरै अनुपातमा दङ्गदास देखिएका थिए, आज जो रूख काटेर देखाउनु छ उनलाई । आमाले पानीको तुम्लेट र एक पोका भुटेको मकै भए पनि लग्नु है कालिदास भनेको पनि चरम उत्साहले होला भुसुक्कै भुल्न पुगेछन् । उनका लागि आजको दिन हामीलाई बच्चा वेलामा दसैँ आउँदाको चिउरा कुट्न जाने दिन जस्तै लागेको थियो होला । घडी हेरेको भए उनले छानेको रूखको फेदमा पुग्दा सात बजेको हुँदो हो । दुधका फाम बोकेकाहरू, तरकारी बेच्न हिँडेकाहरू र परको चोकमा एक कप चिया मगाएर तीन घण्टा कटाउने र गफमा विश्व अटाउने चरित्रका व्यक्तिहरू फाट्टफुट्ट भेटिन्थे । आज अघिपछिभन्दा लुगा पनि रूखमा नअल्झियोस भनेर छरितो खाले कुर्ता सुरूवाल लगाएका थिए । झट्ट हेर्दा लाग्दथ्यो उनी हर कुरामा पूर्णता चाहन्छन्, पर्फेक्सनिस्ट छन् । समाजलाई देखाउनु र अरूको मनमा नाम लेखाउनु नै उद्देश्य भएकाले उनले त्यसदिन धेरै बटुवाहरूलाई एकछिन त्यहीँ रोक्किन आग्रह गरे (कसैलाई बङ्गालीमा सम्झाए त कसैलाई संस्कृतमा) । केही छिनमा नै माता कालीलाई सम्झेर रूख चढ्न थाले । मनमा अर्कै जोस भएकाले होला आधा मिटर चढिसक्ना साथ च्याप्प ग्रिप लिएर तलतिर हेर्थे र भन्थे, देख्यौ नि । दश मिटर जति चढेपछि हाँगोतिर मोडिँदा त ठुलै युद्ध जितेको शैलीमा फेरि सबैतिर आँखा सोझ्याउँदै 'देख्यौ नि' भने र आफैँले आफैँमाथि ताली पिट्न लगाए । रमिताको मामलामा हाम्रो क्षेत्र जता पनि उस्तै न हो, कालिदासको मनको पर्व अरूमाथि पनि सरे झैँ लाग्यो । टायरलाई सर्प बनाइदिने जादुगरले डमरु बजाउना साथ मान्छे कता कताबाट ह्वार्ह्वारी ओइरिए झैँ भिड जम्मा भइसक्न भ्यायो, करिब पन्ध्र बिस मिनेटमै । कालिदासको उत्साह अब त उत्कर्षमै थियो । बिन्दास कालिदास आज अलिक सुझबुझपूर्ण भए झैँ भान थियो सबैमा । हेर्दाहेर्दै हाँगोको एक तिहाई भाग रूखपट्टि र दुई तिहाई भाग बाहिर पर्ने बिन्दुमा बसे अनि बन्चरोको कोण मिलाए । मानौँ सो कार्यक्रमको औपचारिक उद्घाटन समारोह नै गरे झैँ गरी एक दुई तीन भन्दै अर्को एक राउन्ड ताली पड्काउन लगाएर मात्र बन्चरो हान्न सुरु गरे । भिड र भेडा उस्तै न हो, सबैजसो नै कालिदाससँगै उत्तिकै दङ्गदास बन्न पुगे । झन्डै तीन चार झमट बन्चरो हानिसक्दासम्म सबै मुखामुख गरे मानौँ कि कालिदासले कुनै गिनिज रेकर्ड राखेर

टोलको नाम उँचो गर्दै छ जस्तो गरी भिड प्रस्तुत भयो । कालिदास झनै हौसिए । अक्सर समाज र रमिताबिच यस्तै सम्बन्ध हुने न हो । अहिलेजस्तो हुँदो हो त कति फेसबुक लाइभ भइरहेको हुँदो हो, कति रिल र टिकटक बनिसक्दो हो । खराब काम हो भन्ने जान्दा जान्दै पनि मुडको 'मोमेन्टम' भिडले झनै बढाइदिन्छ, उल्टै गजब काम भने झैँ सुस्मै बधाई दिन्छ । यस्तै भयो कालिदासलाई आज । नगर, नकाट, खस्छस् भनिदिने कोही निस्केन झन्डै आधा हाँगो छिमोलिसक्दासम्म पनि । बल्ल एकजना अलिक वयोवृद्धले संस्कृतमा भन्नुभयो, "इदं अनुचितम कर्म अकरोत" अर्थात यस्तो नचाहिँदो काम नगर तर त्यो भन्ने वेलासम्म रूखको हाँगो अलि कन्याक-कन्याक कराउन थालिसकेको थियो । उता आफ्नो कर्ममा एकोहोरो तालले मग्न कालिदास ती सम्झाउने बुढालाई उनकै भाषामा भन्दै थिए, "किन कराएको र डिस्करेज गरेको बरु दुइ चार दाउरा दिउँला नि ।" अरू बाँकी मान्छे गजब काम गर्न तम्सियो भने जस्तै गरी कालिदासकै साथ दिँदै थिए । कन्याक-कुरुक्क, कन्याक-कुरुक्क गर्दै हाँगो भाँच्चियो, कालिदास भुइँमा बजारिए । समाज कालिदासलाई उठाउन र केही चोट लाग्यो कि भनी हेर्न गएन । उल्टै तर्कमाथि तर्क गर्न लाग्यो । एकजनाले भने "चढ्नु नै गल्ती" अर्कोले भन्यो "मलाई लाग्छ टाइमिङ मिलेन", अर्कोले ल्यायो "यसले जानेन, बन्चरो होइन खुकुरी ल्याउनुपर्ने", अर्का भद्र त अझै यसो भन्दै थिए "यत्रो काम एक्लै गर्ने नहुने, टिमवर्क हुनुपर्थ्यो", कोही भन्दै थिए, "यत्रो योजना गरेपछि तल ग्राउन्डमा फोम बिछ्याउन पर्दैन थियो ?" कालिदास ऐया, ऐया भन्न पनि सक्दैन थिए । अरूलाई कमजोरी देखाउन पनि चाहन्नथे । पहिले नै सम्झाउने ती वयोवृद्धले आएर जिउ छाम्दै सोधे "चोट लाग्यो कि ?" यस्तो प्रश्न गर्ने उनी मात्रै निक्लिए "किन यस्तो मुर्ख्याइँ गरेको कालिदास ?" कालिदास उल्टै भन्छन "बाबुजी मैले गल्ति गरेको होइन, त्यो गुरूत्वाकर्षणलाई पनि त्यही वेलामा आइलाग्नु पर्ने ?" बिचरा बुढा चकित परे, कालिदासको जवाफ सुनेर ।

ती वयोवृद्ध भन्दै थिए, हेर कालिदास केही कुरा रियलाइज गर । समाजले कहिल्यै पनि पहिल्यै बोल्दैन, रोक्दैन । गल्ति होस् अनि खुच्चिङ भन्नुपर्छ भनेर कुर्छ । त्यसोगर्दा मात्र समाजको मन शीतल हुन्छ । अर्को कुरा छ नि, तिम्रो आजको यो कामले इतिहास रच्ने छ । उखान बनेर रहने छ । आफ्नो घुँडामा आफैले बन्चरो हान्ने भन्ने उखानको विकल्प कालिदासको रूख काटेको कथा भनेर अमर हुने छ । तिमीले आफूले गल्ती गरे पनि अरूलाई यसबाट पाठ पढाउने छौँ । कालिदासलाई भने उनको भनाइले पटक्कै छोइरहेको थिएन, उनलाई गल्ती गरेको महसुस जो छँदै थिएन । एकजनाले त्यसो गरेको देखेर होला बल्ल दर्शक दीर्घामा वाक्य फेरिन थाले । समाज ढिलै भए पनि भित्रभित्रै सत्य कुरो केलाएर नै बस्दोरहेछ क्यारे । एकजनाले भने, "आफ्नै टिम मेम्बरको घाँटी अठ्याउनेहरू पनि यस्तै हुन्- आफैँ बसेको हाँगो काट्नेहरू ।" अर्कोले थप्यो, "देश बनेन भन्ने राग अलाप्दै देशकै लागि गर्नेहरूलाई उछित्तो काढ्नेहरू पनि यस्तै हुन् । अब त के र थप्ने अर्को निक्लियो," राम्रा मान्छेका भोट काटिदिने पनि यस्तै हुन् । उदाहरण बर्सियो, "आफैँलाई बिजनेस सिकाउनेहरूको बिजनेस सिध्याइदिनेहरू पनि यस्तै हुन्, अनि आफैँले पढेको पढाएको स्कुल खत्तम भन्नेहरू यस्तै हुन् ।" कसले तगडा तुलना गर्ने कम्पिटिसन हुन थाल्यो अब त । थप्ने क्रम रोकिएन, आफ्नै गीत हिट बनाइदिने रेडियो खत्तम भन्नेदेखि आफ्नै लेख छाप्ने पत्रिका झुर भन्नेसम्मका कति छन् कति, यस्ता पात्रहरू । कालिदासलाई बल्ल दुख्न थाल्यो- आवाज आयो "ऐया, ऐया ।" बल्ल अरू पनि सुमसुम्याउन थाले र भने "अब कहिल्यै आफैँ बसेको हाँगो नकाट है कालिदास !"

*जोरपाटी, गोकर्णेश्वर नगरपालिका - ५*

■■



# मलाई वरिष्ठ घोषणा गरियोस्

✍ डा. टीकाराम पोखरेल

व्यङ्ग्य लेख्न ढङ्ग चाहिन्छ भन्ने कुरा मैले नबुझेको होइन । ढङ्ग पुगेन भने आफैँमाथि व्यङ्ग्य होला भन्ने पनि मलाई भलिभाँती थाहा छ तर मलाई व्यङ्ग्यकार बन्ने रहर लागेपछि कसको के लाग्यो । रहर जागेपछि जाग्यो, जाग्यो । मेरो रहरलाई डाँडाघरको इन्द्रेको बाउ चन्द्रेले पनि रोक्न सक्दैन ।

मलाई एक्कासी व्यङ्ग्य लेख्ने रहर चाहिँ किन जाग्यो ? भन्ने प्रश्न भने तपाईँले ममाथि गर्न सक्नुहुन्छ । यो मान्छे त्यत्तिकै त पक्कै व्यङ्ग्य लेख्न तम्सेन होला भन्ने शङ्काको सुविधा तपाईँलाई छ । तर तपाईँको शङ्काको सुविधालाई म त्यत्तिकै सुविधामा राखेर तपाईँलाई लामो समयसम्म शङ्काको सुविधाभोगी बनाउँदिन, बरु 'तपाईँको शङ्कालाई म सत्यमा परिणत गरिदिन्छु । ल सुन्नुस्, 'तपाईँले ममाथि ठिकै शङ्का गर्नुभयो । म त्यत्तिकै व्यङ्ग्य लेख्न कस्सिएको होइन । आजको भौतिकवादी जमानामा त्यत्तिकै कसैले किन लेख्छ र ?'

आजकल सामाजिक सञ्जालभरि वरिष्ठ नै वरिष्ठको बाढी देखेर मलाई बेचैन भा'को छ । वरिष्ठ साहित्यकार मात्र होइन, वरिष्ठ राजनीतिज्ञ, वरिष्ठ कुटनीतिज्ञ, वरिष्ठ उद्योगपति, वरिष्ठ समाजसेवी, वरिष्ठ अधिवक्ता, वरिष्ठ कानूनवेत्ता । मलाई मात्र कुन ग्रहको अनिष्टले अहिलेसम्म कनिष्ट बनाइ'राको छ ? म नै आश्चर्यमा छु ।

अस्ति भर्खरै एकजना मित्रले फेसबुक म्यासेन्जरमा पुस्तक विमोचनको निम्तो पठाए । चिनेकै साथी कवि मात्र होइन, वरिष्ठ कवि पनि पो बनिसकेछन्, खुसी लाग्यो । निमन्त्रणापत्रमा नै "वरिष्ठ कवि झल्लुन्दर शर्मा 'आशुतोष'को कविता सङ्ग्रह विमोचन" भन्ने प्रष्ट्याइएको थियो । साथीको निमन्त्रणा पाएपछि साथीसँग लामो समयपछि प्रत्यक्ष भेटघाट पनि हुने र ताली बजाएर साथीलाई उत्साह थप्न पनि पाइने भएपछि किन नजाने त भन्ने सोचेर म पुस्तक विमोचनस्थल पुगेँ । विमोचनस्थलमा पुग्दा साहित्यका जल्दाबल्दा हस्तिदेखि सरकारका वरिष्ठ मन्त्रीसम्मको उपस्थिति देख्दा आँत्तिएर म झण्डै ढलेँ तर साथीको पुस्तक विमोचनमा दिउँसै ढलेर साथीको इज्जत त फालिदिनु भएन नि भनेर बल्लबल्ल सम्हालिएँ ।

पुस्तक विमोचनपछि आकर्षक हार्डकभर भएको पुस्तक निम्तालुलाई निःशुल्क बाँडिए । बाफ्रे वाफ् ! कति पैसा लाग्यो होला त्यो पुस्तक छाप्न ? पुस्तक देखेर मैले अनायासै जिब्रो टोकेँ । बाहिर कविता सङ्ग्रह भनेर लेखिएको भए पनि भित्रका पानाहरूमा भने विद्यालयमा विद्यार्थीले गाईका बारेमा लेख्ने निबन्धको शैलीमा शब्दहरू थोपरिएका ४०/५० वटा सामग्री थिए । तीमध्ये केही सामग्री वाचन पनि गरिए । ती कविता नामधारी प्रबन्धहरूलाई समीक्षा गर्ने क्रममा 'बिम्ब र प्रतीकयुक्त, भावको गहिराही र कल्पनाको उडान भएका, लयात्मक कविताको शिखर चुमेका कविता भएकाले आज विमोचित कृतिका नायक वरिष्ठ कवि झल्लुन्दर शर्माको नेपाली कविता साहित्यका फाँटमा छुट्टै पहिचान हुनेछ, निजको कविताको उडानलाई अब कसैले पनि भेट्न सक्दैन' भनेर एक जना वरिष्ठ समालोचकले नै भनेपछि भने त्यस्तो विद्वत् कुरा सुनेर म साँच्चै पो ढलेँछु, विमोचनस्थलमै । पछि पानी पियाएर मलाई ब्युझाएछन् । बेहोसीबाट अलिअलि होसमा आउँदै गर्दा कसैले भनेको मेरा कानमा गुञ्जियो, 'यस्ता कविताका मर्म नबुझ्नेलाई

कार्यक्रममा बोलाएर कविता सुनाएपछि ठाउँका ठाउँ ढल्दैन त ?'

मैले कविताको मर्म नबुझे पनि कविताको हुर्मत त लिएको छैन नि भन्दै आजसम्म गर्वका साथ बसेको थिएँ तर आज मलाई थाहा भो, 'म गलत रहेँछु । आजकल त प्रबन्धमा कविता देख्ने, छन्द न बन्दका कवितालाई छन्द कविता भनिदिने, नाटकमा उपन्यास खोज्ने र निबन्धलाई कथा भनेर व्याख्या गर्ने क्षमता पो चाहिने रहेछ । त्यो क्षमता भएको भए म आज फेन्ट भएर ढल्ने लिष्टमा होइन, मञ्चमा आसन ग्रहण गरेर ब्याच र खादा पहिरिने ठाउँमा हुने थिएँ । टाइ मिलाएर जुँगामा ताउ दिँदै मञ्चबाट उठेर ड्यासससम्म पुगी नागले फँणा फिँजाए झै हाउभाउका साथ सबैलाई उपदेश दिने थिएँ ।' फेण्टबाट ब्युँझेपश्चात् यस्तो दिव्य ज्ञान फुरेपछि अनि म पनि साहित्यको हुर्मतसुर्मतका कुरा छोडेर यो व्यङ्ग्य लेख्न कस्सिएँ ।

अहिले साहित्यबजारमा कवि, कथाकार, नाटककार, गीतकार, महाकाव्यकार र समालोचकको खँडेरी छ तर वरिष्ठ कवि, वरिष्ठ कथाकार, वरिष्ठ नाटककार, वरिष्ठ गीतकार, वरिष्ठ महाकाव्यकार र वरिष्ठ समालोचक भने गल्लीगल्लीमा पाइन्छन् । साहित्यको 'स' नलेखेकाहरूले पनि वरिष्ठ साहित्यानुरागीको पदवी धारण गरिसके । यत्रो वरिष्ठको भीडमा म नाथे एउटा मात्र किन वरिष्ठ बन्न सकिनँ हँ ? त्यसैले मैले लेख्ने आँट गरेँ । वरिष्ठ व्यङ्ग्यकार बन्नकै लागि मैले यो व्यङ्ग्य लेखेको कुरा गर्वका साथ सबैलाई बोध पनि गराएँ । व्यङ्ग्यको अङ्ग, रङ्ग र ढङ्ग पुगेन नभन्नुहोला । भन्नैपर्छ भने पनि सार्वजनिक ठाउँमा नभनिदिनुहोला, साँझ रेष्टुरेन्टको टेबलमा भन्नुहोला । व्यङ्ग्यमा रङ्ग भर्ने र अङ्ग पुऱ्याउने मेरो ढङ्ग त्यही टेबलमा पुऱ्याउँला ।

टोलटोलमा वरिष्ठको भीड देखेर मेरो बेचैनको डिग्री दिनप्रतिदिन बढिरहेको छ । मेरो घरमुनिको साइँलो अस्ति यही मेरो गाउँको विद्यालयमा पचास थान झोला बाँडेर वरिष्ठ समाजसेवी भयो, डाँडा गाउँको अन्तरे खाडीमुलुकमा दुई वर्ष काम गरेर देश फर्केपछि वरिष्ठ रोजगारविद् बन्यो । ठूलाघरको वडाअध्यक्ष माइलालाई समेत अस्ति एउटा कार्यक्रममा सम्वोधन गर्दा वरिष्ठ राजनीतिज्ञ भनेर पो सम्वोधन गरे । मसँगै एसएलसी दिएर फेल भएको कुलानन्द सदरमुकाम पुगेर नुडल्स उद्योग खोलेपछि वरिष्ठ उद्योगपति कहलायो । ग्रिल कारखानामा काम गर्ने हर्केले वरिष्ठ मिस्त्रीको उपाधि पाइसकेछ । ड्राइक्लिनरमा काम गर्ने देवेन्दर पनि त वरिष्ठ क्लिनर भइसक्यो । नगरपालिकामा कुचिकारको जागिर खाने चिनीमैयाँ पनि बढुवा भएर वरिष्ठ कुचिकार भैसकी । लौ हेर्नुस् त, मबाहेक मेरा सबै दौँतरी वरिष्ठ भएका । अनि बढ्दैन त मेरो बेचैनको डिग्री ?

साँच्ची, वरिष्ठ हुने केही सूत्र पनि पो छ कि क्या हो ? केही छ भने त्यो सूत्र कण्ठ गर्न पनि म तयार छु । व्यङ्ग लेख्ने ढङ्ग र अङ्ग पुऱ्याउनुभन्दा मलाई त्यो सूत्र घोक्न चाहिँ अलि सजिलो होला कि जस्तो पनि लाग्न थाल्यो । मैले सूत्र कण्ठ गर्न सकेँ भने त अघिल्लो पुस्ताका तिवारी, अर्याल, पिँडाली, खनालदेखि पछिल्लो पुस्ताका चट्याङ, लुइँटेल, गाम्नागे, गजुरेल र पराजुलीभन्दा पनि म पो धुरन्धर व्यङ्ग्यकार हुन के बेर ? कुनै वरिष्ठ समालोचकले तिनीहरूका व्यङ्ग्यभन्दा त मेरा व्यङ्ग्य उत्कृष्ट छन् भनिदिए भने त म भइँन त वरिष्ठ व्यङ्ग्यकार ? अनि मैले वरिष्ठको उपाधि दाबी गर्नु के नौलो भो र ?

त्यसो त बाले भन्नुहुन्थ्यो, 'मागेर कहिल्यै पगरी नगुथ्नु बाबु ।'

तर नमागेर के गर्नु ? बाले भन्दैमा हुन्छ र ? आफूसँग छैन भने माग्नै पऱ्यो नि । त्यसैले मलाई वरिष्ठको उपाधिले विभूषित गरियोस् भनेर मैले यो निवेदन हालेको हुँ । मेरो निवेदनमा 'आ.का. गर्नू' मात्र भनेर अमूर्त खालको तोक नलगाउनु होला । 'निज निवेदकलाई वरिष्ठ व्यङ्ग्यकारको उपाधि दिनू' भनेर गोरु आँखे अक्षरमा मेरो निवेदनमा तोक लगाइदिनुहोला । उपाधि दिने अधिकारप्राप्त

अधिकारीले पनि 'अब उप्रान्त यो वरिष्ठ व्यङ्कारको उपाधिले तपाईँबाहेक अरू कसैलाई पनि विभूषित नगर्ने सर्तमा तपाईँलाई विभूषित गरिएको छ' भन्ने स्पष्ट व्यहोरा खुलाई उपाधि मिलाइदिनुहोला ।

हुन त आजकल छ्याकन नचढाई पदवी पाइँदैन भन्ने कुरा पनि मैले सुनेको छु । त्यस्तो हो भने पनि म छ्याकन, आसन, भाषण, रासन जेजति चाहिए पनि व्यवस्थापन गर्न तयार छु तर वरिष्ठ व्यङ्ग्यकारको उपाधि चाहिँ मलाई चाहियो, चाहियो ।

उपाधि प्राप्तिका लागि म देश हल्लाउन तयार छु, द्वन्द्व बल्झाउन तयार छु । राजनीति गर्न तयार छु, लाजनीतिप्रति आँखा चिम्लिन तयार छु । कसैलाई गाली गर्नु परे गाली गर्न तयार छु, कसैको प्रशंसामा ताली पड्काउन परे ताली पड्काउन पनि म तयार छु । लेख्ने ढङ्गबाहेक अरू सबै रङ्ग मसँग छ । म जेजे गर्न पनि तयार भएपछि तपाईँहरू पनि जेजे गर्न नि तयार हुनु पऱ्यो नि । एक हातले ताली बज्दैन क्यारे ।

खासमा म गर्न चाहिँ केही सक्दिन नि फेरि, त्यो चाहिँ मैले अहिल्यै भन्देको छु । मलाई न उद्योग चलाउन आउँछ, न विदेश गएर पैसा कमाउन आउँछ । न ग्रिल कारखानामा फलाम घोट्न सक्छु, न त राजनीतिमा जनता रिजाएर गरिखान सक्छु । न यसो गर्न सक्छु न उसो गर्न सक्छु ? के चाहिँ गर्न सक्छु त भन्दा मात्र एउटा व्यङ्ग्य सशुल्क मेरो नाममा अरूलाई लेख्न लगाएर गर्वका साथ निवेदन हाल्न सक्छु । त्यसैले वरिष्ठ महाव्यङ्ग्यकारको उपाधिले विभूषित गरियोस् भन्दै यो महाव्यङ्ग्य लेखाएर निवेदन दर्ता गरेको छु । यो महाव्यङ्ग्य अरूलाई लेखाएको कुरा मैले सुटुक्क तपाईँलाई बाहेक अरू कसैलाई पनि भनेको छैन । मेरो गोपनीयताको हक कायम राख्दै मैले मेरो नाममा अरूलाई लेख्न लगाएको कुरा सार्वजनिक नगरियोस् । जसरी पनि मलाई वरिष्ठ महाव्यङ्ग्यकार घोषणा गरियोस् । सजिलै घोषणा गरिँदैन भने म अनसन बस्दिन्छु । लौ, जा त ! ■■

## साहित्यिक पत्र–पत्रिकाहरू पढौँ र पढाऔँ

**साप्ताहिक साहित्यिक पत्रिकाः** कपन बानेश्वर, **मासिक साहित्यिक पत्रिकाहरूः** अक्षय ज्ञान/ आलेख/उदय /उद्यान/कलश/गोलसिमल/गौरी/चम्पक/जनमत/भानु/मधुपर्क/रातो लालटिन/लहरा/शब्द संयोजन/ /शब्दाङ्कुर/शारदा/शाल्मली/शृङ्खला/सङ्गम अभियान /सुलेख/

**द्वैमासिक साहित्यिक पत्रिकाहरूः** अभिव्यक्ति/आरब्ध/कल्पतरु/कौशिकी/जमघट/तन्नेरी/दायित्व/रचना/वैजयन्ती /समीरण / सुदूर चिनारी / हिमाली गुराँस / हिमाली सौगात

त्रैमासिक साहित्यिक पत्रिकाहरू :अन्तर्बोध/अन्तर्ध्वनि/अभिनवप्रभा/अक्षय अक्षर/अक्षरमार्ग/अक्षलोक/उदय मञ्जरी/कालीको सुसेली / चेतना सन्देश/ज्याग्दी खोलाको तरङ्ग/दोभान/नव प्रज्ञापन/नव माधुरी/नारी स्वर/महामण्डल/रजस्थल /रूयायन / लहरा/लोकभावना/वनिता/शिवपुरी सन्देश/सगुन/समुदाय र सृजना/हाम्रो पुरुषार्थ हाम्रो मातृभूमि/हाम्रो सिर्जना/हिमाद्री

**मातृभाषामा प्रकाशित साहित्यिक पत्रिकाहरूः** गुगुल्डि (डोट्याली) / लाजा डग्गर (थारु) / माटी (भोजपुरी) /आङन (मैथिली) / इक लिब्जु–भुम्जु (बाम्बुले राई) / बुङ्वाखा (वान्तवा राई) / सितिमी (चाम्लिङ राई)/ थौकन्हे, कुँध्वाखा, नःली, थायभू (नेपालभाषा) / बिम्लिक (मगर ढुट) / तान्छोप्पा, नुमाफुङ, लुडा, फक्ताङ्लुङ (लिम्बू) /तामाङ दाजाङ (तामाङ) / हाम्सो, चुप्लु (सुनुवार)

# दुबोमा पसिना आयो, कुनै अनिष्ट हुनसक्छ



✍ **बाबुराम पोखरेल**

'पसिना आउनु स्वास्थ्यको लागि लाभदायक हो' यो मैले सुनेको थिएँ । बँसीको खेतबारीमा आलि काट्दा, भित्तो ताछ्दा,  आलि लगाउँदा, बाउसे गर्दा पसिना कति काडियो काडियो । जिउको पसिना जिउमै सुक्यो भने त्यो फेरि हानिकारक रे । पसिनाले शरीरको तापक्रमलाई सन्तुलनमा राख्छ । शरीरभित्र भएको विकारलाई पनि बाहिर ल्याउँछ । तर आवश्यकताभन्दा बढी पसिना वा विनाकारण पसिना आउनु भने हाइपरहाइड्रोसिस भएको लक्षण हुनसक्छ । यसको त फेरि तुरुन्त उपचार वा रोकथाममा पनि समय र सीप खर्चिनुपर्छ । पसिनाको प्रसङ्ग आउँदा दोलखा जिल्लामा रहेको भीमसेनको मूर्तिमा आउने पसिनाको सम्झनाले धेरैलाई पछ्याउँछ । त न शरीरको तापक्रम सन्तुलन राख्नु छ, न त शुद्ध भिमेश्वरमूतृिबाट कुनै विकार नै बाहिर निकाल्नु छ, यति शुद्ध मूर्तिमा के विकार हुनु र पसिना आउनु ? श्वेद-ग्रन्थी (Sweat glands) विना आएको पसिना त झन हानिकारक मात्र नभएर हाहाकारवाला हुने नै भयो । यसैकारणले होला भीमसेनको मूर्तिमा पसिना आउँदा त देशै थर्किन्छ, समाचारपत्रले काम पाउँछन् । देशमा सम्भावित अनिष्टको झ्याली पिटिन्छ । जिल्ला प्रशासन तैनाथ हुन्छ । नित्य पुजारीलाई स्वतः तापक्रम बढ्छ र तापक्रमको सन्तुलनका लागि खलखली पसिना आउन थाल्छ र पटके महापूजाको तयारी थालिन्छ ।

दोलखामा प्रसिद्ध भीमसेनको मन्दिर छ । त्यहाँ विराजमान भिमसेनको मूर्तिमा बेलाबेला खलखली पसिना आउने गर्छ । नेपालमा कोरोनाको कहर फैलनुभन्दा केही अगाडि दोलखा भिमेश्वरको मूर्तिमा पसिना आयो । मन्दिरको सुरक्षामा खटिएका सुरक्षाकर्मीले पुजारीलाई जानकारी दिए । गुठी र पुजारीले दोलखाका प्रमुख जिल्ला अधिकारीलाई जानकारी दिए । वि.सं. २०७८ बैशाख २५ गते शनिबार दिउँसो १२ : १५ देखि १ : ३० बजेसम्म पटकपटक मूर्तिमा पसिना आयो । पुजारी र गुठीयारले नरम रुवाले पसिना पुछ्दै तत्काल विशेष पूजाआजा गरी साम्य पारे । घण्टासहित बाजागाजा बजाएर विशेष बलीसहितको पूजाआजा गरेर पसिना पुछेको रुवासहित दर्शनार्थीलाई पनि महाप्रसाद वितरण गरियो । तान्त्रिक विधिबाट यसरी गरिएको विशेष पूजाको प्रसाद भ्याएसम्म त्यसै दिन र नभ्याए भोलिपल्ट राष्ट्रप्रमुखसमक्ष पुऱ्याउने चलन रहेको छ । दोलखा भिमेश्वर मूर्तिमा वि.सं. १९९० को महाभूकम्पभन्दा अगाडि पनि पसिना आएको थियो भने त्यस्तैगरी वि.सं. २००७ सालमा, २०१७ सालमा, २०३६ सालमा, २०५७ सालमा, २०६३ सालमा, २०७२ सालमा पनि पसिना आएको थियो । यसरी पसिना आएको पटकैपिच्छे तत्काल विशेष बलीसहितको पूजा गरी पसिना पुछेको रुवासमेत पूजाको महाप्रसाद दरवार वा राष्ट्रप्रमुखसमक्ष पठाइन्थ्यो । सङ्कटमोचन कसको दायित्व हो ? यस प्रश्नमा त समान उत्तर नआउन पनि सक्ला । यस प्रश्नको उत्तरतिर रुमलिनु यी पङ्क्तिहरूको उद्देश्य पनि होइन । यहाँ खास रूपमा दुबोमा आएको पसिनाको प्रसङ्ग उजागर गर्नु छ ।

चउरमा दुबो खुब पलाएको थियो । विहानै घुम्दै निस्कँदा दुबोमा त टन्नै पसिना आएको देखेँ । म आत्तिएँ । यो कार्तिकको एकाबिहानै फूलबारी छेउको दुबोमा आएको पसिना त तापक्रमको सन्तुलनकै लागि

हो भने तापको मागस्वरूप देखापरेको हुनसक्छ । गुणकारी दुबोमा जाडो सुरु हुने मौसमका बेला विहानै पसिना देखापर्छ । गर्मीले वा कडा परिश्रमले मानव शरीरमा, राष्ट्रसङ्कटको पूर्व सङ्केतस्वरूप वा अनिष्ट सूचक रूपमा भिमेश्वर मूर्तिमा र जाडो यामको आगमनको सङ्केतस्वरूप दुबोमा यसरी पसिनामा थोपाहरू टप्किन्छन् । अब यो चउरको दुबोमा आएको पसिनाको कसरी पूजा अर्चना गर्ने र के प्रसाद चढाउनू ? त्यो प्रसाद अनि कसलाई खुवाउनू ? पऱ्यो आपत ! मान्छेको शरीरमा आएको पसिना, दोलखा भीमसेनको मूर्तिमा आएको पसिनाभन्दा पनि नितान्त फरक यो दुबोमा आएको पसिनाले भने कुन भावि सङ्कटको सङ्केत गर्छ ? देशमा घटेका महत्वपूर्ण घटनाहरूस्को सङ्केतस्वरूप भविष्यसूचक अफ खासगरी अनिष्टसूचक रूपमा दोलखाको भिमेश्वर मूर्तिमा आएको पसिनालाई शान्त पार्न विशेष महापूजा गरेझैँ अब यो दुबोमा बिहानबिहानै आएको पसिना कुन अनिष्टको सङ्केत होला ? यसका लागि के कस्तो क्षमापूजा गर्ने ? वा कुन प्रायश्चित पूजा गर्ने ? यस विशेष पूजाको पुजारी को हो ? प्रसाद कसलाई चढाउने ? दुबो-पसिनाकाण्डसम्बन्धी यी अनुत्तरित प्रश्नहरूको समाधान कसरी होला ?

दुबोलाई बरमुडा ग्रास वा कौच ग्रास (Couch grass) भन्ने गरिन्छ । बाक्लो यो ओछ्यानजस्तै पलाउँछ, यसमाथि खालिखुट्टा नै हिडहुल गर्न वा थचक्क बस्न पनि निकै आनन्द आउँछ । जसरी दोलखा भिमेश्वर मन्दिरमा पनि त दर्शनार्थीहरू खालिखुट्टा नै परिक्रमा गर्दछन्, सिँढीमा कतै थ्याच्च बस्दा पनि निकै आनन्दको अनुभूति गर्दछन् । मान्छेको शरीरमा आएको पसिनाले पनि शरीरको विकार निष्कासन गर्छ । भिमेश्वरको विशेष पूजाको महाप्रसादले पनि दर्शनार्थीको विकारलाई दूर गर्छ र शुद्धता प्राप्त हुने विश्वास गरिन्छ । यसैगरी दुबेचौडीको विचरण र शुद्ध र सफा दुबोको सेवनबाट पनि मानव शरीरमा विकार हट्ने र शुद्धता नै प्राप्त हुनेगर्छ ।

दुबोलाई चपरीले थिच्यो भने केही दिनमा नै यो थिचिएको भागमा दुबो पहेँलो हुन्छ तर चपरी हट्नासाथ त्यही दुबो पुनः हरियो फर्किहाल्छ । केही समय विस्मृतिले भुलेको प्यारो वस्तु विस्मृतिको चपरी हट्नासाथ पुन प्यारपूर्वक लहराउँछ । राजकाजको व्यस्तताजन्य चपरीले थिचिएको दुश्यन्तको विस्मृति स्व-नामाङ्कित औठी भेटेपछि शकुन्तला पुनः प्रेमिका बनेर दुश्यन्तको हृदयमा फुल्छिन् । केही समय चपरीले थिचिएर पहेलिएको दुबो चपरी हट्नासाथ दुश्यन्तको मनमा हरियो फर्कियो । दुश्यन्तले दसै दिशामा शकुन्तलाको खोजी गर्न मानिसहरू खटाए, आफू पनि भौतारिएर खोजी गर्नथाले । यो विस्मृतिको चपरी पनि अनौठो छ र चपरी हट्नासाथ हरियो फर्किहाल्ने दुबो झन् विचित्रको गुणकारी छ । यो दुबो उखेलेर फाल्दा पनि थोरै मात्र धर्तीको सम्पर्कले पलाइहाल्छ । यसरी दुबोले अजम्बरी नाम कमाउँछ र आशिर्वादको लागि उपयुक्त विम्ब 'दुबो मौलाएझैँ मौलाउनू' भन्ने उक्ति नेपाली समाजमा व्यापक बनाउँछ ।


मेरो मनमा यस्ता विविध विचारहरू तछाँडमछाँड गरेर आइरहे । चउरमा नै एकोहोरिएर मन्थन गर्दागर्दै श्री सूर्यनारायण अलि माथि आइसक्नु भएछ । यसो पूर्वी आकाशमा आखाँ लगाउँदा यो कुरा थाहा पाउन मलाई कुनै अप्ठ्यारो परेन । यत्तिकैमा मेरो होस पुनः चउरको उही दुबोतिर गयो । तर आश्चर्य, दुबोमा आएको पसिना त हराइसकेको रहेछ । ■■

*- विराटनगर ।*

www.kalpatarupub.com.np मा
'कल्पतरु' संसारभर पढ्न सकिन्छ ।

# नाकको बखान

✍ **मून पौडेल**



मानिसको अनुहाररूपी भूभागको केन्द्रमा हिमालय पर्वत जस्तो आफ्नो मूलमा छहरा र झर्नाहरूको स्रोत लिएर बसेको निहुरमुन्टे 'न' आकार र देवनागरी वर्णमालाको व्यन्जनवर्णमध्ये पहिलो वर्ण 'क' को सहयोगले बनेको पाँच ज्ञानेन्द्रियमध्येको एउटा ज्ञानेन्द्रिय नाकको महिमा अपरम्पार छ । अनुहारका बीचमा ठाडो पारेर आफ्नो महत्त्वलाई दर्साउँदै नाक जोगाएर बसेको नाक मानिसको अनुहारमा नभइदिएको भए मानिस कति बुच्चो देखिन्थ्यो होला । करोडौँ वर्षको मानव इतिहासमा नाकले विभिन्न किसिमको हण्डर र दुःखहरूलाई पार गर्दै हामीसँग उक्सेको र ठाडा रूपमा रहेको छ । मानव इतिहास खोतल्दै जाने हो भने नाक भएर पनि नभएका नकटाहरू गनी र लेखी साध्य हुने छैन ।

गन्हाउने, बास्ना आउने, बान्ता आउला जस्तो हुने सबै प्रकारको गन्ध, दुर्गन्ध, सुगन्ध घ्राण गर्न सक्ने घ्राणेन्द्रियलाई नाक भनिन्छ । एउटा टालियो, बिग्रियो वा भत्क्यो भने अर्कोले काम चलाउन सकियोस् भन्ने मनसायले मोटरमा स्टेपनी भएको जस्तो ओठमाथि र निधारमुनि दुई नयनको छत्रछायामा रहेको नाकमा पनि दुईवटा प्वाल हुन्छन् । खाने जस्तो महत्त्वपूर्ण कार्यका लागि एउटा मात्रै प्वाल वा भ्वाङ मुख हुनु तर नाकमा भने दुइटा प्वाल हुनुबाट नै नाकको महत्त्व प्रमाणित हुन्छ । नाकले सुँघ्ने कामभन्दा पनि महत्त्वपूर्ण काम सास फेर्ने गर्दछ । मानिस जीवित रहनका लागि चाहिने प्राणवायु शरीरभित्र भित्र्याउने र प्रयोग भइसकेको वायु बाहिर फाल्ने काम यसै नाकले गर्दछ । कहिलेकाहीँ नाकको यो काम अधिकार मिचेर मुखले पनि गरिदिन्छ तर नाकले त्यति साह्रो दुःख मान्दैन । किनकि कहिलेकाहीँ ऊबाट प्रवाहित हुने सिँगानरूपी फोहरा र झर्नाले उसलाई टालिदिएको हुन्छ । फलस्वरूप मान्छेले मुखबाट सास लिनै पर्छ । कहिलेकाही उसबाट निस्कने छहराहरूको भेललाई बाँध लगाउन हात र रुमालले धेरै निचोरनाचर पार्ने गर्छ ।

कुनै व्यक्तिको सौन्दर्यको वर्णन गर्नुपर्‍यो भने सुरुवात नाकबाटै हुन्छ अर्थात् सुलुक्क परेको नाक, सानो खाने मुख इत्यादि । नाकको पहिलो प्रकारमा सुलुक्क परेको नाक नै आउँछ । सुलुक्क परेको नाक ओरालो समान हुन्छ, खुजमुजिएको हुँदैन । खिरिलो पाराको हुन्छ । कसैकसैको नाक गैँडाको खागजस्तो तिखो हुन्छ, त्यसैत्यसै छेड्लाजस्तो । यस्ता मान्छे हिँड्दा मान्छेभन्दा अघि नाक हिँडिरहेको हुन्छ । भगवान्ले नाक बनाउँदा आलो नै भएको बेलामा कसैले एक झापु दिएर थेप्च्याइदिएको थियो होला । एक थरीको नाक यस्तै हुन्छ– थेप्चो, नेप्टो । यस्तो नाकको टुप्पो यति समतल हुन्छ कि त्यहाँ फुटबल खेल्ने हो भने मजाले खेल्न सकिन्छ । यस्ता नाक भएका व्यक्तिलाई रुघा पनि कम लाग्छ किनकि यस्तो नाकका प्वाल पनि साँघुरा हुन्छन् । अर्को नाक हुन्छ डल्लो, चारैतिर बाट सोलो डोलो । सिङ्गै पकौडी नाकमाथि राखेको जस्तो । यस्तो नाकलाई फुरौले नाक पनि भनिन्छ । यस्ता नाक भएका व्यक्ति देख्दै खग्गु देखिन्छन् । कुनै नाक सुगाको चुच्चो फर्केको जस्तो तलतिर घुमुर्किएको हुन्छ भने कुनै माथितिर फर्केको ।

नाकले एउटा विशेष किसिमको कारोबार गर्न ठुलो मदत गर्छ । नाक नभए यो कारोबार सम्भव

नै हुँदैन । यो कामको नाम हो बाँसुरी बिक्री गर्ने काम । खास गरेर मधेसतिरको मेलाठेलामा एउटा लट्ठीमा बाँसुरी नै बाँसुरी घुसारेर एउटा बाँसुरी चाहिँ नाकमा समेत घुसारेर बजाउँदै हिँडेको विक्रेतालाई धेरैले देख्नुभएको होला । त्योसँग कसैले बाँसुरी किन्न गयो भने उसले पहिले आफ्नो नाकद्वारमा घुसारेर बाँसुरी बजाएर देखाउँछ अनि तपाईंलाई दिन्छ । तपाईं शानका साथ उसले नाकभित्र हुलेको सिँगाने बाँसुरीलाई आफ्नो मुखभित्र हुलेर पिँपिँ गर्न थाल्नुहुन्छ । मुखले बजाएर दिएको भए तपाईंलाई घिन लाग्थ्यो होला । नाक त चोखो भइहाल्यो नि होइन ? अब भन्नुस् नाक नहुने हो भने बाँसुरीको कारोबार हुन सक्छ ? नाकबाट अद्भुत किसिमको सङ्गीत पनि निस्किन्छ, नाके बोलीका रूपमा । धन्य नाक यो तिम्रै प्रताप हो । हाच्छ्यूँ- कुनै हाच्छ्यूँ ट्याङ्कको जस्तो, कुनै तोपको जस्तो, कुनै स्कड मिसाइलको जस्तो । नाकको प्वाल सानो वा साँघुरो भएर होला, कमलो भएर पनि हुनसक्छ, खास गरेर आइमाईहरूको छ्यूँ हतपती नाकबाट निस्किरहेको हुँदैन, यस्तो छ्यूँलाई समातेर तान्नुपर्छ । कसैकसैले यति जोडले छ्यूँ गर्छन् कि सानोतिनो युद्धमा यस्तै हाच्छ्यूँलाई प्रयोग गरे पनि दुस्मनहरूको सातो लिन सकिन्छ । यस्ता भयावह छ्यूँ गर्न सक्नेहरूलाई शाही सेनामा भिन्दै बटालियन बनाएर राखेमा मुलुकको सुरक्षामा योगदान हुन सक्छ । यिनीहरूलाई कुनै अस्त्र शस्त्र पनि दिनु पर्दैन, एउटा एउटा सुल्लो दिए पुग्छ नाकमा हुल्न ।

नाकले राष्ट्रिय सुरक्षामा सहयोग पुऱ्याउन सकिन्छ भने नाकले नै घरटोलमा अशान्तिको पनि उत्पन्न भएको देखिन्छ । दिनभरि कडा परिश्रम गर्ने मानिसहरू राति आरामले सुत्न पनि पाउँदैनन् यो नाकले गर्दा । यो समस्याको नाउँ हो घुराइ । हुन त घुर्ने काममा घाँटीको पनि सहयोग हुन्छ तर नाकको यसमा ठुलो भूमिका हुन्छ । बिस्तारै परेवा घुरेकोजस्तो घुरे त हुन्थ्यो नि, त्यसै मेसिनगन चलाएको जस्तो घुरेर रात्रिको निस्तब्धता नै भङ्ग गरिदिन्छन् घुर्ने वीरहरूले । कसैको घरमा लोग्ने घुर्ने र स्वास्नी रातभर जाग्ने, कतै स्वास्नी घुर्ने हुन्छे लोग्ने जाग्ने । खास गरेर प्रजातन्त्र आएपछि त यो समस्याको समाधान हुनै पर्ने हो । होइन भने कुनै दिन शिशु प्रजातन्त्रको निद्रामा खलल पर्न बेर छैन । यो समस्याको समाधानका लागि प्रत्येक वडामा एक-एक साउन्डप्रुफ केन्द्रहरूको निर्माण गर्नु अति जरूरी छ । यो केन्द्रको निर्माण भएपछि घुर्ने महारथीहरू राति राति गएर त्यही साउन्डप्रुफ केन्द्रमा सामूहिक घुर्ने सङ्गीतको कोरस प्रस्तुत गरिरहन्छन् । बाँकी आरामले घरमा सुत्छन् ।

गोर्खाली भनेर नेपालीलाई संसारमा नाकले गर्दा नै चिन्छन् । तर जुन नाकले नेपालीहरू विश्वमा वीर र स्वामिभक्तिका लागि प्रख्यात छन् त्यो नाक ठाडो नाक होइन, सुलुक्क परेको नाक पनि होइन, त्यो नाक हो थेप्चो नाक । ब्रिटिस आर्मी र इन्डियन आर्मीका हाकिमहरू जब हाम्रो गाउँमा जवान भर्ना गर्न आउँछन् त्यतिवेला उनीहरू नाककै भरमा जवानहरूलाई छान्छन् । यिनीहरू ठाडो नाक देख्यो कि ठाडो पुच्छर लाउँछन् । चेप्टो, थेप्चो नाक देख्यो भने राम्रो माल भनेर दङ्ग पर्दै भर्ना गर्छन् । संसारमा नेपाली कि त गोर्खालीको रूपमा कि त बहादुरको रूपमा विख्यात छन् । होइन भने अरू के लछारपाटो लाउन सक्या छन नेपालीहरूले ? हाम्रो देशमा हिमाल छ, हाम्रो देशमा बुद्ध जन्मेका थिए भनेर मेरो बाउले घिउ खाएको थियो मेरो हात सुँघसुँघ भनेर कराउनुबाहेक अरू के गर्न सक्या छन् ? यो त थेप्चो नाक नै हो, थेप्चो नाकको बहादुरी नै हो कि हामी चिन्हिरहेका छौँ । होइन भने आजकल नेपाली भनेपछि पच्चिस पटक पासपोर्ट र भिसा ओल्टाइपल्टाई जाँच गरेर सकेसम्म कुनै पनि मुलुकले छिर्न दिनै चाहँदैन । थेप्चो नाकहरू । तिमीहरूलाई हार्दिक सलाम ।

तिमीहरूले नै ठाडो नाक भनाउँदाहरूको इज्जत आफ्नो रगत दिएर भए पनि जोगाएका छौ । थेप्चो नाकले एउटा अर्को काममा पनि सहयोग पुयाउँछ, त्यो काम हो बक्सिङ । जसको नाकको डाँडी छ त्यो व्यक्ति बक्सिङको पेसेवर खेलाडी बन्न सक्छ ।

नाक भाँच्चिएको छ भने बक्सिङमा काम लाग्छ । नाक काटिएको छ भने त कौडीको भाउमा कसैले गन्दैन । उहिले चोर, बदमास जस्ता सामाजिक तत्त्वहरूलाई सजायको रूपमा नाक काटिन्थ्यो । आजकल नाक च्वाट्टै पारेर काट्ने चलन त छैन तर नकटाहरूलाई समाजले त्यसै चिन्छ । आफूलाई इज्जतदार, पैसावाला, बुद्धिवाला भनेर भोर्ले नाक पारेर हिँड्नेहरूको प्रायः नाक हुँदैन । नाक त उनीहरूको कारोबार, छोराको आवारा–गर्दी, छोरीको रात्रिको कारोबारले सफाचट भैसकेको हुन्छ । तैपनि उनीहरू पैसाको बलमा आफ्नो नाक कायमै रहेको मिथ्यागुमानमा बाँचेका हुन्छन् । नाक त ठाडो हुन्छ श्रमजीवीको, परिश्रमीको, इमानदारको । आजको यो कलियुगमा इमानदार भन्ने प्राणी बडो मुस्किलले पाइने भएको हुँदा नाक भएका धेरै कम देखिन्छन् । जताततै नकटा र नकटीहरू नै बढी देखिन्छन् ।

तातो घिउमा एकदुई टुक्रा गुँद हाल्दा जसरी फुर्छ, नाक पनि प्रशंसा सुन्न पायो भने फुरौला हुन पुग्छ तर कसैकसैलाई नाक फुलाउने रोग लागेको हुन्छ । छिसिक्क केही गऱ्यो भने मङ्गलग्रहमै पुगेको जस्तो नाक फुलाइहाल्छन् के के न गरें भन्ठानेर । कतिपय व्यक्तिहरूले आफ्नो कुकृत्यले नाकमा आची लगाइसकेका हुन्छन् । यस्ता व्यक्ति परैबाट चिनिन्छन् किनकि यिनीहरू आउन थाले कि डङ्डङी गन्हाउन थाल्छन् । त्यसैले बूढापाकाहरू अर्ती दिंदै भन्छन्, "बाबु नाक जोगाएर हिँड्नू, छिनको छिनमा नाक जान बेर लाग्दैन ।"

नाकलाई जब रूघादशाले समात्छ, नाकको दोहोलो हुन्छ । यो दशाले समात्नेबित्तिकै नाकभित्र भएका सुषुप्त छहरा र झर्नाको मूल फुट्छ र नाक रसाउन थाल्छ । पहिले नाक रसाउँछ, कुलेखानीमा पानी रसाएको जस्तो । त्यसपछि हाच्छियूँरूपी पहिरोहरू जान थाल्छ र अन्तमा बाढी नै आउँछ । मानिस लस्तपस्त भएर सिँगानको धारा बगाएर बस्छ । धनी भए सिँगानलाई खेर जान नदिई रुमालमा थापी खल्तीमा कोच्छ । गरिब भए मिल्काइदिन्छ । यै रूघाले गर्दा करोडौँको औषधी व्यवसाय फस्टाएको छ । चार–पाँच दिनको अवधिमा आफैँ निको हुने भए तापनि नाकलाई दुःख भएको हुँदा मानिसहरू काम न काजसँग रूघाको औषधी खान्छन् जबकि रूघा औषधीले होइन आफैँ निको हुन्छ भन्ने कुरा सबै नाक भएकाहरूलाई थाहा भएकै कुरा हो । हुन पनि रूघाले नाकमार्फत मानिसलाई यति दुःख दिन्छ कि हुने भए मानिसहरूले नाकलाई उखेलेर खल्तीमा राखेर हिँड्थे । न रहन्थ्यो बाँस न बज्थ्यो बाँसुरी ।

मान्छेहरूलाई नाकाचालले कति थोक गर्नुपर्ने हुन्छ । उचित अनुचित जेसुकै होस्, निर्धाले बलियोको कुरा नाकाचालले गर्नुपर्छ । मुखियाले सुब्बाले भनेको, सचिवले मन्त्रीले भनेको, खुट्टा वा आफ्नो बुद्धिको चालले होइन नाकाचालले गर्नुपर्छ । नाकाचालले गर्ने प्रचलन नै कर्मचारीतन्त्र हो, यसैलाई प्रजातन्त्र पनि भन्दछन् । नाक साहै संवेदनशील हुन्छ । एउटा सानो खटिरा नाक बाहिर या भित्र आयो भने पूरै नाकलाई हल्लाएर छोडिदिन्छ । न चिर्नु न निचोर्नु । आफूलाई ठुला भन्नेहरूले केही व्यक्तिहरूलाई नाकको रौँ बनाएर नाकको ओडारभित्र सुरक्षित पारेर राखेका हुन्छन् । यस्ता नाकका रौँरूपी व्यक्तिहरूले बढेर जुँगालाई छुन खोज्यो भने चाहिँ चट्ट छोट्याइहाल्छन् नाकका मालिकहरूले । नाकको रौँ बढ्नै पाउँदैन । बढ्यो कि काटिदिहाल्छन् । हुन त यी रौँहरूले नाकमा फोहर जानबाट रोक्छन् तर बिचरा यी रौँहरूको नियति नै नाकभित्र मात्र बस्नु हो, कुवाको भ्यागुतो जस्तो । कतिपय व्यक्तिहरूको जिन्दगी नाकको रौँ नै भएर बित्छ । नाकबाट निस्केर जुँगा मिसिन कहिल्यै पाउँदैनन् ।

नाक नभएको भए आइमाईहरूलाई ठूलो घाटा हुन्थ्यो । घाटा मात्रै होइन, सौन्दर्यमा पनि डाँका लाग्थ्यो । नाक नभएको भए हीराको फुली कहाँ लगाउँथे ? एक त फुली नभए उनीहरूको सौन्दर्य चम्किन्थेन । दोस्रो हीराको फुली किन्न लगाएर लोग्नेहरूलाई दऱ्याउन पाउँदैनथे । कसको महँगो फुली भनेर कुरा काट्न पाउँदैनथे । जस्तोसुकै नाक किन नहोस्, एउटा फुली र एउटा नत्थको हकदार भैहाल्छ । नाक नभएको भए स्वाएको न ट्वाएको गाँड किन आएको जस्तो गरेर बुढीहरूले पनि फुली झिक्दै नथुनी लाउन कहाँबाट पाउँथे ?

रामायणलाई हामी असत्य र सत्यको लडाइँ भनेर भन्छौँ जबकि यो शुद्धनाकको लडाइँ थियो । रावणजस्तो महा-पण्डित, शिवभक्त र ज्ञानी व्यक्ति भगवान् रामसँग जाइलाग्न त्यत्तिकै जाँदैनथे । उनलाई थाहा थियो कि उनी मारिन्छन् तर उनले त नाकको लडाइँ पो लडेका हुन् । एउटा सुन्दर शक्तिशाली युवकलाई बीच जङ्गलमा देखेपछि प्रणय निवेदन गर्नु रावणकी बहिनी शूर्पणखाको दोष होइन । अन्याय त लक्ष्मणले गरे कि एउटी प्रणय निवेदन गरिरहेकी कामातुर स्त्रीको नाकै काटिदिए । यो कस्तो न्याय हो ? शूर्पणखाको नाक काट्नु भनेको रावणको नाक काट्न खोज्नु भन्ठान्नु रावणका लागि अनुचित थिएन । फलस्वरूप उनले सीताको हरण गरे । उनले सीतालाई अरू केही गरेनन् । उनी त नाकका लागि लडेका थिए । नाकका लागि लड्नेहरूमा रावणको नाम सदा अग्रपङ्क्तिमा रहनेछ । वीर बलभद्रले नाकका लागि लडे, अमर सिंह थापाले नाकका लागि लडे । अहिले आएर सानो इराकजस्तो मुलुकले अमेरिकासँग नाकको लडाइँ लड्यो । प्यालिस्टाइन अझ लड्दैछ, दक्षिण अफ्रिकाका कालाहरूले लडेर जिते पनि ।

मानिस भनेको नै नाक हो । नाक नै छैन भने के मान्छे । एक मुठी खाएर त जो पनि बाँचिरहेका हुन्छन् । नाक ठाडो पारेर बाँच्नु पो बाँच्नु । तपाईंहरू पनि आफ्नो नाक छामी हाल्नुहोस्, छ कि छैन, छ भने ठाडो छ कि छैन । ■■

## हार्दिक श्रद्धाञ्जली एवम् समवेदना



**लक्ष्मणकृष्ण ताम्राकार**

कल्पतरू द्वैमासिकका विशिष्ट आजीवन सदस्य **गीतकार एवं साहित्यकार लक्ष्मणकृष्ण ताम्राकार** ५/७ वर्षदेखि अर्बुद रोगसँग सङ्घर्षरत हुनुहुन्थ्यो । हालै उहाँ पराजित हुनुभएछ । उहाँको देहावसानको खबरले स्तब्ध छौँ । उहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै उहाँकी अर्धाङ्गिनी, नेपालभाषाको वरिष्ठ साहित्यकार मनदेवी ताम्राकार साथै परिवारजनमा पर्नगएको यो बज्रपातप्रति हार्दिक समवेदना व्यक्त गर्दछु ।

# मोर्निङ वाक



✍ **परशुराम पराशर**

काठमाडौँको बसाइ, धुलोधुवाँको सास फेराइ, मिसावटयुक्त खाना खुवाइ, विनापरिश्रमको काम गराइ यी सब कुराले गर्दा बिग्रेको स्वास्थ्यलाई स्वस्थ बनाउन अनि अनावश्यक तामसी खाना राजसी ठाँटमा खाएका कारण फुलेको पेटलाई घटाउन अनि जम्मा भएको बोसो हटाउन बिहानको समयमा हिँड्ने गरेको छु । अर्थात् सभ्य सहरी भाषामा भन्नुपर्दा मोर्निङ वाक गर्ने गरेको छु । गलामा गलबन्दीको फन्को मारेर, मनको अल्छ्याइँ पोको पारेर, सुरुवालको मोहोता माथि सारेर स्याँ स्याँ नहुन्जेल अलिअलि दौडने पनि गरेको छु ।

मोर्निङ वाकमा बाध्यताले कहिले कता कहिले कता हिँड्न पर्दैछ । नगरपालिका र सडक विभागले खनेर ढलको मल बाहिरै बगाएर छाडिदिने गरेको हुन्छ । केही दिनपछि अब त बन्यो होला भन्यो उस्तै । बाटो खनेर हप्तौँ हराउने गरेकाले पनि होला कति दिन त हिँड्नै नसकिने हुन्छ । यता त यस्तै पो रहेछ भनेर नाक थुन्दै अन्तै लाग्न परिहाल्छ । सडक विभाग नपुगेको ठाउँतिर जाऔँ न त भन्यो उस्तै । त्यस्तो ठाउँमा पनि टोलसुधार समितिले टोल सुधार्नका लागि सडक उधार्न थालेकै हुन्छ । फसादै फसाद । पवित्र बागमतीतिर जाऔँ न त भन्यो भने गन्धले स्वासप्रश्वास नै मन्द मात्र होइन बन्द नै पो पारिदिन्छ कि भन्ने डर । बागमतीको गति यस्तो भएपछि राम्रो मतिको पनि दुर्गति हुन्छ भन्ने लाग्यो । नाक र मुख बन्द गरेर मनमनै सास फेर्दा पनि कानबाट हो कि कताबाट हो गन्ध त पसिहाल्ने रहेछ । शुद्ध हावामा कावा खान बिहानै हिँडेको मान्छे बिरामी भएर पो आइने हो कि भन्ने लागेर त्यता नगई अन्तै जाने विचार गरेँ ।

जोरपाटीबाट जगडोल चोरबाटो हुँदै जाने योजना बनाएँ । मूल बाटो त हिँड्न सकिने भए पो । कुनै गाडी आएमा कता भाग्नुपर्ने हो सोच्नु नै पर्ने हुन्छ । अगाडिबाट आएमा पछाडि कतै गल्ली र पछाडिबाट आएमा अगाडि कतै छल्ली छल्ली भागेर बच्नुपर्छ । सडकको पेटीमा हल्ली हल्ली हिँड्ने दिन यो जुनीमा आउँदैन होला जस्तो लाग्न थालेको छ । नगरपालिकाले बाटो बढाउने कुरामा भुरा अलमल्याएजस्तो गरेको देखेर सुरा मान्छेहरू पनि यस्ता कुरामा धुरा नपस्ने भनेर तर्किए । हुन त विकास निर्माणका काममा नगरपालिकाले काम नगरेर नै होला नगरपालिका भन्ने नाम कमाएको काम गरिहाल्ने भए त गरपालिका नै भनिन्थ्यो होला नि ।

'म गर्छु आग्राको कुरा सम्धी गर्छन् गाग्राको कुरा' भनेझैँ मोर्निङ वाकको कुरा गर्दा गर्दै नगरपालिका पो पुगिएछ । अँ त चोरबाटो हुँदै जगडोल पुगेको मात्र के थिएँ 'को हौ, को हौ' भन्ने आवाज सल्लाको वनभन्दा पल्लापट्टिबाट आयो । वसन्तको मौसम कोइलीको मधुर आवाजले मनमा आनन्द हुनु पर्नेमा मेरो भने अनेक कुरा खेलेर मथिङ्गल नै झाङ्गलझुङ्गल पो भयो त । मान्छेले आफू स्वयम् खेल्न पाएन भने मनमा अनेकन कुरा खेलाउँछ भन्थे हो जस्तै लाग्यो । मेरो पनि मनमा कुरा खेल्न थाले । आफ्नो खेल्ने रहर नपुगे पनि कुराको त पुगोस् न भनेर सक्दो खेल्न दिएँ ।

कोइलीले किन 'को हौ, को हौ' भनेको होला ? यसको उत्तर खोज्न दक्षिण फर्केर ओरालो झरेँ । मानिस मरेपछि चौरासी लाख जुनी फेर्दै फेरि मान्छे बन्न आइपुग्छ रे भन्ने कथा हजुरआमाबाट सुनेको थिएँ । कतै त्यो 'को हौ' भनेर सोध्ने हाम्रा वीर पुर्खा बलभद्र


कुँवर, भक्ति थापा, भीमसेन थापा, पृथ्वीनारायण शाह त हैनन् ? चौरासी लाख जुनीमध्ये यो जुनीमा आइपुगेका र हामीलाई आफू र आफ्नो देशपट्टि फर्कन सचेत गराइरहेका त हैनन्, हामी नाम मात्रका नेपालीलाई ? हामी आज नेपाली बन्न लजाउँदैछौँ । छोराछोरीलाई पनि नेपाली नपढुन् र नेपालीजस्तो पाखे नबनुन् भनेर अङ्ग्रेजी स्कुलमा हाल्छौँ । शुभ प्रभात भन्न छोडेर गुड मोर्निङ भन्छौँ । हामीले आफ्ना चाडबाड भुलेर विदेशी फेस्टिभल मनाउन थालिसक्यौँ । जन्मदिनमा दियो बालेर उज्यालो जीवनको कामना गर्नुपर्नेमा बलेको बत्ती निभाएर बाँकी जीवन अँध्यारो होस् भन्ने कामना गर्नुलाई उचित ठान्छौँ । त्यस्तै देशभक्तिभन्दा कुर्सीभक्ति र मालिकभक्ति भएर आएका छौँ । सेवा नै उत्तम धर्म हो भन्ने हाम्रो मन्त्रलाई लत्याएर स्वार्थ भर्नु नै उत्तम मार्ग हो भन्नेतिर हामी लागिसक्यौँ । त्यही भएर होला हामीले हामी को हौँ भन्ने भुलिसक्यौँ भनेर सम्झाउन 'को हौ' भनेका होलान् । जनताको सेवा गर्ने हो भन्दै भोट बटुल्ने नेताले देशलाई आफ्नै छोराबुहारी, भाइभतिजा, छोरीज्वाइँ, सालासालीलाई मात्र समृद्ध बनाउने र करोडौँ करोडौँ कमिसन खाने गरेर होला तँ को होस् तेरो कर्तव्य के हो भन्ने सम्झाउन 'को हौ' भनेको होला । सायद मन्त्री, नेताहरूले देशलाई भ्रष्टाचारमुक्त बनाउँछु भन्ने अनि दलाल, गुन्डा, फटाहा आदिलाई काखी च्यापेर भ्रष्टाचारयुक्त देश बनाएको भएर होला हाम्रो औकात सम्झाउन 'को हौ, को हौ' भनेको । कालापानी, लिपुलेक, खारा लगायत अनेकन ठाउँमा भारतले सिमाना मिचेर, मौका पर्नासाथ घाँटी थिचेर हायलकायल पारेको बेला पनि हामी चुप लागेर बसेर पो हो कि वीर बलभद्र कुँवर, भक्ति थापा, अमरसिंह थापा कोइली बनेर 'तिमीहरू को हौ' भन्नलाई 'को हौ, को हौ' भनेको । अवस्य पनि हाम्रा पुर्खाहरूले हामीलाई आफ्नो वीरता, इमान्दारी, निस्वार्थीपन, परोपकारी भावना जस्ता हाम्रा असल विशेषण पुनः अवगत गराउन यो आवाज निकालेको हुनुपर्छ । 'साना दुःखले अर्ज्याको मुलुक होइन' भन्ने पृथ्वीनारायण शाहले विभिन्न प्रदेशका नाममा देश टुक्रा पारे भनेर सबैलाई नेपाली हुँ भन्ने बोध गराउन कोइली बनेर 'को हौ' भनेको पो हो कि ?

अहिले प्रजातन्त्रपछिको लोकतन्त्र अनि गणतन्त्र पनि आइसकेको अवस्था छ । निरङ्कुश जहानियाँ राणा शासन हटाएर प्रजातन्त्र ल्याउन नै कत्तिले सहिद हुनुपर्‍यो । ती सहिदहरूले प्रजातनत्र भनेको दुईचार जनाका लागि मात्र नभएर सबैका लागि हो, त्यसैले तिमीहरूले आफ्नो कर्तव्य बिर्सिएर आफूमा मात्र सत्ताको भागबन्डा गरेर मोजमस्ती गर्ने योजना बनाएका छौ भनेर त्यही कर्तव्य सम्झाउन कोइलीको रूपमा 'को हौ' भनेको पो हो कि ?

लोकतन्त्र ल्याउन मात्र होइन माओवादी जनयुद्धलाई अहिलेको खाओवादी धनयुद्धमा परिणत गर्न मान्छे मार्न र मर्न पछि नपर्ने लडाकु भनाउँदा सोझासिधा जनताहरू मरेर पो यो कोइली बनेका हुन् कि ? अनि हाम्रो सङ्घर्ष, त्याग र बलिदानले तिमीहरू अहिले मस्ती गर्ने ठाउँमा पुगेका छौ, हाम्रो बलिदानलाई, हाम्रा साथीहरूले खाएको तातो गोलीको घाउलाई बिर्सेका छौ, भन्ने बेलामा गरिब जनताको शासन ल्याउने भने पनि अहिले गरिब जनतालाई लत्याएर लुटेको सम्पत्ति र सत्ताको बाँडफाँडमा लागेका छौ, युद्धको बेला नदेखिने आफ्ना छोरीबुहारी र आफन्तलाई पदमा पुर्‍याएका छौ, त्यो बेलाको अवस्थालाई फर्केर हेर भन्नका लागि 'को हौ, को हौ' भनेको हुनुपर्छ सायद । कि पहिले हेटौडा चप्पल लगाएर काठमाडौँ भित्रिएका नेताहरू अहिले दरबार जत्रो घरबार बनाएर करोडौँको गाडीमा चढेको देखेर पहिलेको इमान्दारीता र अनुशासन सम्झाउन पो होला 'को हौ, को हौ' भनेर कराएको ।

मनका कुरा खेलिसकेकै थिएनन्, एक्कासि गोकर्णको ओरालामा बिरालाले बाटो काटेपछि पो झसङ्ग भएछु । त्यताको बाटामा उडेको धुलो सम्झेर फेरि उकालो लागेँ र स्याँ स्याँ गर्दै पसिना पसिना भएर घर आइपुगेँ । धन्न सारो गारो अप्ठ्यारो केही व्यहोर्न परेन । यति लेखे वापत अब चाहिँ पर्ला कि । ■■

# मेरो घरमा नागपूजा



✍ **युगल बसेल**

नागलाई नाक बुझेर कसैलाई त यो लठुवाले ठुलै नाकको पूजा गर्न लाग्यो कि भन्ने पनि  पर्ला । चुच्चे नाकको पूजा होला कि थेप्चे नाकको होला, घिरौँले कि फुरौले नाकको पूजा होला भन्ने खुलदुली पनि सँगसँगै पाठकको  गिदीमा नसलबलाउला भन्न सकिन्न ।

नाकपूजा होइन, नागपूजा हो भन्ने कुरो खुलस्त भएपछि भने मुलुक र जनतालाई डस्ने विषालु नागहरूको पूजा पो यस अकिञ्चन लेखुवाले गर्न लागेको हो कि भन्ने अनुमान पनि पाठकले गर्न सक्नुहुन्छ र मैले नकाम गर्न लागेको ठहर गर्दै धारे हात पनि लगाउन सक्नुहुन्छ ।

प्रसङ्ग यहाँ देश वा देशवासीलाई डस्ने नागको नभएर साउन सुदीको पञ्चमी तिथिका दिन मेरो घरमा सम्पन्न गरिएको नागपूजाको हो । नागपञ्चमीको दिन बिहानै आज त तिम्रो विशेष दिन, शुभकामना छ है भनेर श्रीमतीजीलाई के शुभेच्छा टक्र्याएको थिएँ । फणा फिँजारेकी कडा नागिन बनेर झन्डै उनले मलाई डसिनन् । पछि माफी पाउँ भनेर कान समात्दै सात पटक उठबस गरेपछि भने म उनको डसाइबाट उम्कन सफल भएको थिएँ अनि मात्र नागपूजा गर्ने दिशामा आफ्ना अग्रगामी पाइला बढाएको थिएँ ।

मेरा बाजे पण्डित र बुबा चाहिँ पुरेत भएकाले मेरो बाजेले घिउ भात खाए मेरा हात सुँघ सुँघ भनेझैँ गरेर म आफूलाई चमत्कार देखाएर नमस्कार पाउने हकदार र उम्दा दक्षिणा पाउने उम्मेदवार ठान्छु । एकातिर सुका मोहर झर्ला त कान्छो बाबु मर्ला भन्ने खालको उच्च कोटिको किरन्टोकी भएको अर्कोतिर तँ जजमान म बाहुन, घरका पैसा नजाऊन् भन्ने महामन्त्रको बेहद ज्ञाता भएकाले मैले मेरो घरमा नाग टाँस्न अरू बाहुन बाजेलाई निषेध गरेँ अनि आफै नागपूजा गर्न तम्सिएँ । यस हल्लुँडेले कस्तो नागपूजा गरे होला भन्ने तपाईँको मनमा खसखस पैदा भयो होला । नआत्तिनुहोस्, म मेरै जुवानी, आफ्नै कहानी रिठ्ठो नबिराई तपाईँलाई इतिवृति सुनाउँदैछु ।

एक जुवाली माथि घाम आएपछि म सरजाम ठिक्क पारेर नागपूजा गर्नलाई तमतयार भएँ । पूजा गर्ने ठाउँमा राता सेता धजा बाँध्दै थिएँ, माइलो भाइ दिग्गज जान्ने सुन्ने हुँदै बकिहाल्यो, "रातो नाना र तातो खाना नागपूजाका लागि प्रयोग गऱ्यो भने त नाग देवता भाग्छन् रे नि त, दाइ ।"

हिजोको फुल, आजको चल्ला जान्ने पल्टेको देखेर मेरो कम्पारो तातिहाल्यो अनि म बम्की हालेँ, "पढ्ने बेलामा गुच्चा खेलेर सात पल्ट परीक्षामा गुल्टाङ खाएको मान्छेले मलाई सिकाउने ? नाग भागे के भो त, बेसै त भो नि । नागलाई घरभित्र ओछ्यानमा सुताएर राख्ने हो र ? कुचाले बढार्ने घुर हावाले नै उडाइदियो भने के चाहियो त ?"

मेरो मापाको माइला भाइले मेरो खप्की के पचाउन सक्थ्यो र । ऊ पनि गडेको मुर्दा उधिन्दै गर्जिहाल्यो "तपाईँ पनि कुन ड्याङको मुला हो र ? आरनेकी ठुली छोरीसँग खोल्सा खोल्सा कुदेर जन्तरमन्तर गरेको हामीले बिर्सेका छौँ र ?"

अब माइलाको मुखमुखै लागेर खैरियत छैन भन्ने बुझेर उसले लगाएको इलजामको खण्डन गर्नतिर लाग्नु भन्दा सुनेको नसुनै गरेर टार्नु नै मनासिब ठहर गरेँ । अनि त म पूजाको लागि मगन भएको भान पार्दै विधिविधानपूर्वक नागपूजा गर्न तम्सिएँ ।  शिरपोस र पाउपोस दुवै नफुकाली पूजा गर्न तम्सिएको देखेर

श्रीमतीले टोकिन्, "खुरूक्क पहिले टोपी र जुत्ता फुकाल्नुस् । जेठा मामाको त भाङ्ग्राको धोती, कान्छा मामाको झन् कुन गति भनेझैँ जेठो बाठो भनाउँदाले यस्तो दशा देखाएपछि भाइ छोराहरूको झन् के दशा होला ?"

आज्ञाकारी बालकले झैँ श्रीमतीको हुकुमबमोजिम मैले टोपी र जुत्ता फुकालेँ अनि पूजा गर्न अग्रसर भएँ । कुनै मन्त्रसन्त्र वाचन नगरी फूल अक्षता मात्रै चढाएको देखेर श्रीमतीले फेरि टोकिन्, "पण्डितको नाति, पुरेतको छोरा भएर पनि कुनै मन्त्र स्तोत्र नै नभनी कस्तो पूजा गरेको ?"

मैले हिङ नभए पनि हिङ बाँधेको टालो त छ नि भन्ने आफ्नो गौरवमय इतिहासलाई मनन गर्दै सहसा प्राथमिक विद्यालयमा प्रार्थनाको बेलाको लागि घोकेको सरस्वतीको स्तोत्र सम्झेँ अनि फलाकेँ - "सरस्वती मया दृष्ट्वा विणा पुस्तक धारिणी...... त्वमेव माता च पिता त्वमेव .... ।" सँगसँगै मैले दसैं टीका थाप्दा मान्यजनबाट सुनेको श्लोक, "आयु द्रोण सुते श्रियं दशरथे............ " को पनि जोडजोडले उच्चारण गरेँ अनि मनमनै आफ्नो स्मरणशक्ति बेजोड छ भनेर आफ्नो तारिफ आफै गरेँ । अरू त कसले पो मेरो तारिफ गरिदिन्थ्यो र !

मेरो मन्त्र पाठ सुनेर पल्लाघरे काकालाई काउकुती लागेर खपिनसक्नु भएछ क्यारे , हत्केलाले चोसो थुनेर हाँसोको खित्कालाई दबाएको मैले प्रष्टै देखेँ । यता मेरा भाइ छोरा र श्रीमती भने मन्त्र स्तोत्रमाथिको मेरो पकड देखेर मन्त्रमुग्ध भएर मेरो काबिलियतको मनमनै तारिफ गरेको सङ्केत पनि सँगसँगै मैले महसुस गरेँ ।

यसपछि वेला भयो गोबरको कुण्डमा दूध र लावा चढाउने । अब दायाँ कुण्डमा दूध चढाउने कि लावा चढाउने भन्ने दुविधा मेरा अगाडि तेर्सियो । मेरो चमत्कारी दिमागले वामपन्थीहरू सत्तामा प्रधानाताका साथ विराजमान भएको वेला भएकाले बायाँ कुण्डमै दूध चढाउनु तर्कसङ्ग एकल निर्णय गर्‍यो तर त्यति नै वेला छोराले मुद्दा उठायो, "सर्पले दुध पिएको कहिल्यै देखिएको छैन बरु मुसा खाएको देखिएको छ । त्यसैले दूध होइन अब मुसा चढाऊँ । आजै मुसेरीमा बल्झिएको ताजा मुसा छँदैछ ।"

उसको प्रस्ताव नाजायज त थिएन तर बाउबाजेले नगरेको काम क्रान्तिकारी छलाङका साथ एकैचोटि गर्ने हिम्मत मलाई आएन । त्यसैले मैले उसको प्रस्ताव ससम्मान अस्वीकार गरेँ । त्यसै वेला मेरो दिमागमा फेरि गजबको बेजोड जुक्ति फुरिहाल्यो, "मानव देहको दायाँबायाँ दुवै खण्डमै दूधका स्रोत स्तन हुने हुनाले दुवै कुण्डमा दूध अर्पण गर्नु प्राकृतिक र युक्तिसङ्गत हुन आउँछ । फुरेको जुक्तिअनुसार मैले दुवै कुण्डमा शुद्ध जल मिसिएको खाँटी दुध चढाएर पूजास्थल र नागको चित्रमा यत्रतत्र लावा छर्किदिएँ ।" सर्प पनि मर्ने लठ्ठी पनि नभाँचिने गजबको काइदा अपनाउन सकेकोमा मैले आफूलाई धन्य ठानेँ ।

यसैवेला छापाखानामा मुद्रित नागको चित्रको सिरानमा लेखिएको, "अगस्त्यश्च पुलस्त्यश्च वैशम्पायन एव च... अनन्तो वासुकी पद्म... भन्ने पङ्तिहरूमा मेरो नजर पर्‍यो । अघि मन्त्रपाठ गर्दा यी पङ्ति पनि वाचन गरेको भए मेरो पूजाकौशल थप प्रभावकारी हुन्थ्यो" भन्ने मैले ठहर गरेँ । यस्तो मौका गुमाएर अपूरणीय क्षति व्यहोरेकोमा भने म मनमनै थकथकाएँ, पछुताएँ ।

यसपछि मैले धुप सल्काएँ, घन्टी बजाएँ र हिन्दी भाषाको प्रसिद्ध आरती, "ओम जय जगदीश हरे पनि घोक्रो सुक्ने गरी जोड जोडले गाएँ । घरको मूलढोका नजिकैको भित्तामा गोबर, धजा, अक्षता, सुपारी, दुबो र सिक्का नागको चित्रको बीच सिरानमा पर्ने गरी चाँजोपाँजो मिलाएर गोबरकै सहयोगले टाँसेपछि विधि विधानपूर्वक धमाकेदार नागपूजा सम्पन्न गर्न सकेकोमा मैले आफ्नो नाक घिरौँलाजत्रो भएको महसुस गरेँ ।" घरपरिवारका सदस्यले पनि मेरो घिरौँले नाकलाई सम्मानपूर्वक नियालिरहेको महसुस गरेपछि त म भुइँ न भाँडामा भएँ । ■■

– *सन्धिखर्क*

# झोल कोदो दिवस



✍ **माधव पोखरेल 'गोज्याङ्ग्रे'**

नेपाल सरकारले हालै साउन १६ लाई कोदो दिवसका रूपमा मनाएको तातो खबर बाहिर आएको छ । तर कोदो दिवस भनिए पनि दाना कोदो दिवस हो वा झोल हो त्यो भने प्रष्ट भएन । ब्यानरमा प्रष्ट रूपले राष्ट्रिय कोदो दिवस भनेर मात्र हुँदैनथ्यो । दाना कोदोभन्दा बढी झोल कोदोको नाम चलेको र प्रायः सबैले प्रयोग गर्ने भएकोले झोल कोदोलाई बढी महत्त्व दिने गरेको पाइने हुँदा सरकारले झोल कोदो दिवस मनाउने काम गर्न पर्दथ्यो ।

कोदो हाम्रो देशका राष्ट्रिय बालीको रूपमा रहेको छ । कोदोको झोल पनि राष्ट्रिय रूपमै परिचित भएको छ । कोदोको झोल दिवसले सरकारी स्तरबाट नै मान्यता पाउने सम्भावनालाई हामीले अस्वीकार गर्न मिल्दैन भन्ने कुरा झोल कोदो खाएर पनि भन्न सकिन्छ । यो झोल कोदो दिवस मनाउन साउन १६ नै कुर्न पर्दैन । बाह्रै महिना तेह्रै काल पनि मनाउँदा हुन्छ र मनाउनेले ३ सय ६५ दिन नै मनाइरहेका छन् । त्यसैले सरकारलाई मेरो सुझाव छ झोल कोदो दिवस दैनिक मनाऔँ व्यापार व्यवसाय बढ्छ । कोदे पर्यटकको सङ्ख्या ह्वात्तै माथि पुग्छ र आय आर्जनमा सहयोग पुग्छ ।

दाना कोदोका बारेमा हामी सबैले जानेका छौँ । झोल र कुहाएको कोदोको दाना दुवै खाएपछि शरीरमा लाग्छ । जाँगर पनि जाग्छ, धामी बस्ने काम पनि हुन्छ । दाना कोदोका बारेमा र यसका परिकारका बारेमा निकै गरमा गरम बहस पनि भए । कतिपयले दाना कोदो खाएर र कतिपयले झोल कोदो खाएर पनि सानाठुला बहस गरे । जजसले जेजस्तो बहस गरे पनि आखिरीमा सबैभन्दा बलवान् र शक्तिशाली भनेको झोल कोदो नै हो । यस कुराको प्रमाण झोल खानेहरूले देखाएको रमाइलो गतिविधिबाट स्पष्ट हुन्छ । त्यसैले पनि झोल कोदो शक्तिशाली हुन्छ भन्ने कुरा प्रमाणित भएको छ ।

झोल कोदो दिवस मनाउन खासै केही गर्नु पर्दैन । आफूले पचाउन सक्नेसम्म कोदोको झोल, वा झोलको खोल निगार धोक्नुपर्छ । अलिअलि रमरम भएपछि अनि झोल कोदो दिवसको तारताम्य सुरु हुन्छ । कुनै तयारी चाहिँदैन । आकस्मिक रूपमा पनि यो दिवस मनाउन सकिन्छ । एउटा होटलमा वा सडक, चौतारा, पाटीपौवा, मठमन्दिरको छेउछाउमा दुईचार जना मिलेर यो दिवस मनाउन सकिन्छ । झोल खानुस बोल कबोल सबै गर्नुस् । झोल कोदो दिवस मनाउन कुनै आइतवार पर्खनु पर्दैन । शनिवारदेखि शनिवारसम्ममा जहिले मनाए पनि हुन्छ तर एउटा कुरा के भने अलिअलि खर्च भने हुन्छ । त्यो पनि कसैलाई पचास रूपैयाँ त कसैलाई सय डेढसयमा काम पूरा हुन्छ तर कसैलाइ भने गन्ध सुँघ्दा मात्र पनि झोल कोदो दिवस मनाउने अवसरसहितको तारतम्य जुर्छ ।

दाना कोदो खाएर कोदो दिवस मनाउँदा अपच होला । त्यसैले झोल बनाएको कोदो, लेदो बनाएको र छोक्राबोक्रा भए पनि हुन्छ । कोदो दिवस वा झोल कोदो दिवस मनाउन पाउनुभनेको हामी कोदे नेपालीकालागि त अहो भाग्यको कुरा हो । किनभने कोदो भनेको फलामको तत्व पाउने बाली वा भनौँ आइरनको मात्रा धेरै भएको अन्न भएकाले पनि झोल कोदोको महत्व समाजमा धेरै छ ।

अर्को कुरा के भने सरकारले केही दिन अघि मनाएको प्रथम राष्ट्रिय कोदो दिवसमा कोदोको हरियो बीऊ रोप्ने काम भएकामा मलाई नमिठो लागेको छ । किनभने कोदोको परिकारसँग झोल कोदोको मेल गराउने काम गरेको भए मलाई अत्यन्त मिठो लाग्दथ्यो तर आफूले सोचेको जस्तो भने भएन । माननीय ज्यूहरू, मन्त्री ज्यूहरू जो जो ज्यूहरू भए पनि आखिरी झोल कोदो खाएर कोदोको बीऊ रोपेको

भए धेरै फल्थ्यो । अर्कातिर होटलको व्यापार पनि बढ्दथ्यो । माननीय मन्त्री ज्युहरूले खाए पनि अरूले पनि चाख्थे र झोल कोदो दिवस मनाउँथे । कोदो दिवस मनाएको मजा पनि आउँथ्यो ।

झोल कोदोको तीन पानेदेखि लिएर छ सात पानेसम्मको झोलकार बनाएर बजारमा पठाउन सरकारले हल्ला नगरेको होइन तर त्यसका लागि विधि विधान र थितिको तारतम्य मिलाउन नसक्दा झोल कोदोले बैधानिकता नपाएको अवस्था छ । यस्तो वेलामा कोदो दिवस मनाउने सरकारको कदम नै हजम हुने हो कि भन्ने डर पनि छ । सरकार आफैले बोलेको कुरामा आफै पछि हटेर समाजको पीडामा नुन छर्कने काम गरेको छ किनभने झोल कोदोले कतिपय घर परिवारको दैनिकीमा ठूलो मद्दत गरेको छ । सरकारले ती परिवारहरूको पेटमा लाती हानेर आफैँ नालीमा लडेको छ ।

अर्को कुरा के भने सरकारले झोल कोदो दिवस मनाएको भए सरकारको नाम नै फेरिन्थ्यो र कोदे सरकारका नामले कहलिन्थ्यो होला तर झोल कोदो दिवस मनाएको भए सरकार नाफामा जान्थ्यो । कसरी भन्नु होला भने गाउँघरमा अहिले झोल कोदोको व्यापार खुला छैन । झोल कोदो सरकारी मान्यतामा पर्दा कर त असुली हुन्थ्यो । झोल कोदो बनाउन दिएर कर असुलीतिर लाग्ने हो भने समाजमा आर्थिक उपार्जन पनि हुन्थ्यो । सरकारले कर पनि असुली गर्न पाउँथ्यो । त्यसैले पनि झोल कोदोको चलनलाई कोदे सरकारले चलाउँदा फाइदा माथि पनि काइदा हुन्थ्यो कि भन्ने मलाई लागेको छ ।

सोझो रूपले कोदो दिवस मनाउनु नै सरकारको पहिलो गल्ती हो । कोदो दिवस भनेको छ, सोझो भएर न हल्लिकन, बाङ्गा खुट्टा नटेकेर गरेको काम सफल हुँदैन भन्ने कुरा सरकारले बुझ्न पर्दछ । जसरी सोझो औलाले घिउ आउँदैन ठिक त्यसरी नै सोझो भएर कोदो दिवस पनि मनाइँदैन भन्ने कुरालाई आत्मसात गर्नुपर्दछ तर हाम्रो सरकारले मनाएको कोदो दिवस खल्लो भएको मेले महसुस गरेको छु । शरीरलाई जाँगरिलो, फुर्तिलो र हँसिलो अनि मनोरन्जनात्मक बनाउनका लागि झोल कोदोको महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने कुरा सरकारले सधैँ सम्झेर काम गर्नु पर्दछ । कोदोको झोललाई जीवनको अभिन्न मनोरञ्जनात्मक उर्जा प्रदायक झोलका रूपमा स्विकारेर काम गर्ने हो भने तेह्रै काल बाह्रैमास फालाफाल फाइदा हुन्छ भन्ने मलाई लागेको छ । त्यसैले यो दाना फल्ने बोट कोदो दिवसभन्दा दानाबाट नै बनाइने झोल कोदो दिवसको महत्त्व महत्त्वपूर्ण छ । यस्तो महत्त्वको दिवस मनाउँदा विदेशीहरूको समेत लर्को लाग्ने र प्रसादका रूपमा झोल कोदो वितरण गर्दा प्रचार प्रसार मनोरञ्जन सबै कुरा हुने भएकोले झोल कोदो दिवस मनाउन नै उपयुक्त हुने कुरा ज्योतिषीले पनि सिफारिस नगर्लान् भन्न सकिन्न । ■■

२०८२ भाद्र २३ गते जेन जी युवाहरूले देशभर सञ्चालन गरेको भ्रष्टाचार विरोधी आन्दोलनका क्रममा धेरै विद्यार्थीहरु समेतको सहादतले हामी मर्माहत भएका छौँ । यसरी सहादत प्राप्त गर्नुभएका सम्पूर्ण सहिदहरूप्रति भावपूर्ण श्रध्दाञ्जली अर्पण गर्दै सहिदहरुका परिवारमा गहिरो समवेदना व्यक्त गर्दछौँ।

**इस्टपोल माध्यमिक विद्यालय**

तथा

**इस्टपोल कलेज परिवार**

गोकर्णेश्वर नगरपालिका, वडा नं. ५, नारायणटार

# बजेट



✍ **रामकुमार पण्डित**

'ब'मा 'जेट' झुण्डिएपछि, अहो यो त तीव्र वेगले उड्दोरहेछ । जेट न पर्‍यो, 'ब'लाई नै हावामा बहकाएर कहाँकहाँ पुर्‍याउँछ-पुर्‍याउँछ । इमानदारीको चङ्गा उडाउनेहरूलाई बेइमानीको मादा लाएको बजेटले पाएपछि छुनासाथ चेट पार्दिन्छ । 'बजे'को पछाडि 'ट' जोडिनै नहुने । जोडिएपछि सरकारी काम स्वार्थ अनुसार पाँचको सट्टा सात बजे–सम्म नि खुल्दिने, त्यस्तै परे पाँचको सट्टा बाह्रै बजे देखि कलम बन्द भइदिन्छ । यो बजेट बडो अचम्मको, वीचको 'जे' झिक्दिए 'बट' बाँकी हुने । अङ्ग्रेजी शब्द 'बट' नेपालीमा तर; प्रशासक र राजनीतिक चतुरले पाए मार्दिन्छन् तर, जनता परपर । पछाडिको 'ट' हटाएर पछाडिबाटै पढ्दा बाँकी रहने 'जेब' मात्रले पनि बुझिहालिन्छ, बजेटको मह काढ्नेहरूले हातमात्र चाढ्दा पनि जेब खाली कहिल्यै हुँदैन भन्ने कुरा । झन् बिचको 'जे' झिकेर पछाडिबाट पढे 'टब' बाँकी रहन्छ । यसको अर्थ सिधै बुझिहालियो, बजेटको अघिपछि गर्नेहरूले टबमा पैसैपैसाले मात्र के भन्नु, नोटैनोटले नुहाउँछन् । बाफ रे बाफ ! नुहाउनलाई पानी नपाउनेहरूको अगाडि नोटले नुहाउँछन् भन्दा सुन्नासाथ वेहोस होलान् गाँठे !

यो जेटजस्तै तीव्र गतिमा उड्छ भनेर त्यसै भनेको होइन । जब बजेटको इन्धनले नेताकार्यकर्ताको इन्जिनलाई चलायमान गराउन थाल्छ तब गाउँसहरको सार्वजनिक जग्गामा ठूल्ठूला भवन बन्न थाल्छ । त्यस भवनभित्र बसेर माखो मार्ने काम केही हुन्न तर त्यसलाई धेरैजसोले भाडामा लाउँछन् र आम्दानी गर्छन् । त्यो आम्दानीले पनि जनहितको लागि केही गर्दैन तर नेता कार्यकर्ताको जेब टन्नै भर्छ । यस्ता भवन गाउँगाउँमा कतैकतै जेष्ठ नागरिकको कल्याणको नाममा बन्न सक्छ, कतै सामुदायिक कार्यको लागि बन्न सक्छ, कतै क्लबको नाममा बन्न सक्छ, कतै राजनीतिक संस्थाको नाममा बन्न सक्छ । जजसको नाममा बने पनि त्यसले सेवा दिने नाममा निजी क्षेत्र सरह जनताबाटै रकम असुल गर्छ । सामाजिक सेवाको नाममा आफू कर छुट लिन्छ । सरकारबाटै विभिन्न शीर्षकमा अनुदानमा आएको बजेट र जनताबाट सेवाको नाममा पाएको पसिनाको मूल्य कालेकाले मिलेर खाउँ भाले भन्दै चुरीझ्याप पारिहाल्छन् । यहाँ जति नाम लिए वा लिन बिर्सिए, ती मध्ये कोहीकोही त अपवाद हुन्छ । अपवादवालालाई मेरो मनैदेखि धन्यवाद छ ।

यहाँ त्यही बजेटबाट सार्वजनिक जग्गामा विभिन्न स्वार्थ समूहको नाममा भवन ठड्याएर करोडौँ मान्छेको स्वतन्त्रता पुर्वक त्यो जमिनमा सार्वजनिक तरिकाले उपभोग गर्न पाउने संवैधानिक अधिकारको हत्या भएको छ ।

त्यस्तो हत्यारालाई यहाँ कारवाही होइन फूलमालाले पूजा गरिन्छ । अझ प्राकृतिक सन्तुलनको लागि अनेक जीवजन्तुको सहअस्तित्व र वातावरणीय पक्षको कुरा निकाल्नुपर्छ, तिनले यो कुन चराको नाम हो भन्न बेर लाउँदैनन् । तिनलाई आफू अनुकुल नीति बनाउन र आधा बजेट पचाउन मज्जाले आउँछ । विश्वमा यस प्रकारको प्रतियोगिता हुन्थ्यो भने यिनले स्वर्णपदक नजित्नेमा शङ्कै छैन । अनि काइदाको रहेन छ त यो बजेट ! सहरी क्षेत्रमा बिनाकाम त किन हुन्थ्यो, नेताकार्यकर्ताको काममा ठडिने बजेट गाउँमा पुगेको भए कति ठाउँमा तुइनको सट्टा पुल बन्थ्यो होला । पानी चुहिने विद्यालयमा पक्की भवन बन्थ्यो होला । गरिब र जेहेनदार विद्यार्थीले पढ्न पाउँथे होला । गणतन्त्रको गाँडले मुखबाट गएर घाँटीमै अड्काएजस्तो सहरबाट गाउँमा पुर्‍याउन कत्रो

सास्ती छ । सहरको जति गाउँमा आम्दानी कदापि हुँदैन । सुदूर गाउँठाउँमा केही न केही बजेट नपुगेको पनि होइन । बजेट जेटमा चढेर सुदूर पुगेपछि नेता र कर्मचारीको जेबमा चुरचुर हुँदोरहेछ । किसानलाई अनुदान दिने नाममा गए किसानको जतिसुकै राम्रो बाली फलेको होस् न, त्यहाँ भुटको फाली घुस्री हाल्ने । एक चौथाइ बजेट आफ्नो जेब तिर चेट हुने नभए, त्यो त्यसै फ्रिज हुने केस बनिहाल्छ । सामाजिक सुरक्षा भत्ताको नाममा गएपछि छोराले नक्कली बाआमा जन्माएर हसुरिदिन्छन् । किन गाउँ जहिले पनि जस्ताकोत्यस्तै रह्यो भन्दा कुरो यस्तो रहेछ; गाउँका नेताको महल, सरकारी बजेटले सहरमा बन्ने, अनि केही भएन भन्ने ।

यो बजेट किन यस्तो ? साधुलाई चोरै बनाउला जस्तो । सानातिना आयोजना होस् कि ठुला, नक्कली खर्च देखाउन, सक्कली बिल बनाउन मान्छेलाई माहिर बनाउँछ । फेरि देशमा धर्माती बढेका हुन् कि के हो ? काठमाडौँ त मन्दिरैमन्दिरको सहर भनेर चिनिएकै थियो, अब देशैभरिका गाउँगाउँ र गल्लीगल्लीमा मन्दिर बन्न थालेर देश नै मन्दिरको हुने गन्तव्यमा छ । जहाँ, जुन प्रदेशमा आयस्तर कम छ, त्यहीँ असी प्रतिशत पूँजीगत बजेट मन्दिर बनाउनमै विनियोजन हुन्छ । यस्तो मन्दिर बनाउनेहरू धर्माती भनौँ भने तिनै धर्मातीले दस लाखले पुग्ने मन्दिर बनाउन घटिमा पचास लाख लागेको देखाउँछन् । देश धर्म निरपेक्ष भएपछि, धर्मको नाममा बजेट बचत हुन्छ होला भनेको त, थुइक्क ! भएजति सबै धर्मालम्बीलाई बजेट बाँडफाँड गरेर मर्दोरहेछ । बौद्ध धर्मकालाई गुम्बा बनाउन, क्रिस्चियनलाई चर्च बनाउन …, हरे त्यसका बाजे, जनताको पसिनाले तिरेको कर कस्तो कस्तो ठाउँमा बाँडेको होला ? चु ! चु ! चु ! देशविदेशका पर्यटक घुम्न आउने तरिकाले मन्दिर बनाएको भए पनि चित्त बुझाउन हुन्थ्यो । यहाँ त बजेट आफैँ पर्यटक जस्तरी कहिले कसको खल्तीमा, कहिले कसको खल्तीमा घुमीघुमी तिनका जेबमा घुस्ने गरी मन्दिर बन्नथाले । देशमा नक्कली नेता, नक्कली प्रशासक र नक्कली देशभक्त निस्किएर बरबाद छ । चुनावमा जनता जता पाइन्छ उतै गीत गाइन्छ भनेर लाग्यो भन्दैमा हातमा डाडुपन्यु लिनेले धर्म छाड्न त नहुने ।

बजेट बनाउँदा बनाउँदै सुटकेश भित्र मुसा छिरेर भ्वाङ पार्ने कुरा त आज सामान्य भइसक्यो । यस्तो मुसा बिरालो लोसे देखे देखादेखी हिड्छ, बिरालो बाठो भए मुसा लुकीलुकी हिँड्छ । यो बजेट, घाटा बजेट बने पनि नेता–कार्यकर्ता र प्रशासकको लागि नाफा बनिहाल्छ । आखिर 'ब'को पछाडि जेट झुन्डिएपछि देशका अत्यावश्यक आधारभूत आवश्यकतालाई नै झुन्ड्याएर पछाडिबाट महान् मान्छेको जेब भरिन जान्छ । ॐ अद्भूत बजेटाय नमः ! जय होस्, ब.. जे.. ट.. को । ■■

*का.म.पा.६ सिमलटार ।*


२०८२ भाद्र २३ गते जेन जी युवाहरूले देशभर सञ्चालन गरेको भ्रष्टाचार विरोधी आन्दोलनका क्रममा धेरै विद्यार्थीहरु समेतको सहादतले हामी मर्माहत भएका छौं । यसरी सहादत प्राप्त गर्नुभएका सम्पूर्ण सहिदहरूप्रति भावपूर्ण श्रध्दाञ्जली अर्पण गर्दै सहिदहरूका परिवारमा गहिरो समवेदना व्यक्त गर्दछौं।

**निराजन आचार्य**

(प्रिन्सिपल)

**लर्डस्लाइट एकेडेमी**

गोकर्णेश्वर नगरपालिका, वडा नं. ६, नयाँ बस्ती, ९८५११३१६४७

# अभूतपूर्व लीला !



✍ **धनराज गिरी**

इबरा र खीबराको द्वन्द्वात्मक भौतिकवादको चरम रूपको दिव्यदर्शन गरी प्रोफेसर "हडबडनारायण गडबड आशुतोष सुमेधाश्री" को आयोजनामा खीरालयमा,सुकरातनगर, उत्तरआधुनिक टोलमा, एक सुकर्मको आयोजना गरियो," गजल मुशायरा" ४३ जना सहभागी, यसको खास आकर्षण, अति गजलप्रेमी जोर पुर्वेली विद्वान् — कुन्साङ्ग काका ऊर्फ एमालेप्रेमी अति लाल, कमालका दाइ खगेन्द्रप्रसाद सङ्ग्रौला लखर लखर र अर्का पर्यापण्डित, दिग्विजयश्री," प्राडा गोविन्दराज भट्टराईज्यू, गोपीको सुकरात, निर्गमेश्वर महादेव, दमकश्री, जोर प्रमुख अतिथि । भीड अचम्मको ।

खीर पाक्दै ! काफिया देखेर माफिया टाप ! खगेन्द्रजीको प्रस्तुति,

"अचम्मको गजलकार अचम्मको काज !
लखर लखर आइएछ, लागेको छ लाज !!

गुरूङको ससुराली  निवास मेरो तीर्थ !
जमुनाकी बुहारीको रूप प्रेमताज !!

उकासो र पिकासोजी उदयजी साथी !
निर्णय हो वर्तमानको गायत्रीको नाज !

जय जय ओलीबाबा जय नेपाल पेरु !
शेरु गेरु आरजूबाबा सारेगामा साज !

प्रेम रिमाल मेरा भाइ सरस्वती बैनी !
घनश्याम हमाल कमाल आफन्तको माझ !

सानु भानु मायालुजी जिद्दी हामी उही !
चितवने साथीहरू  कता गए आज ?

एक योगी महाराज थियो यतै जिद्दी! !
सुदामा हो विगतको ऐले "धनराज !"

के गर्ने ? गोपीक्याँचमा परियो । सुतीखाने मेसो थियो, भुटेको काजु खान आएको । यो जोगी भाइको इन्द्रजालमा परियो । राधिका कल्पितको सम्मोहन जापान, हामी जोर सोझा यता जलपान ! घुस खानुभन्दा त इन्द्रवारुणी ठीक छ । जय गजल !!"

परररररर ताली । एमालेहरू अति खुशी ।

"अबको पालो, नयाँ मुलुकका पिता, जगजीता, प्रोफेसर जगमोहन आजाद सुमेधाश्रीको दाजु, सुकरातेश्वर महादेव, गजल उन्नयनकर्ता, समादरणीय गुरुदेव .... " सरस्वती पौडेलको उद्घोषण । अनिता पन्थी र अनिता कोइराला, मुसुमुसु । वनमाराहरू जिल्ल। ज्यामिरे, बज्र, हुर्मत र खम्बे, एउटा कुनामा । अनन्तका पिता, हातमा समाएर उत्तर आधुनिक गीता, जुरुक्क, पुलुक्क हेर्नुभयो अनुज, लोकप्रिय मदनपुरी, धरावासीलाई, मुस्कुरायो सगरमाथा, प्रणाम गर्यो, मनमनै । गोविन्दजी उवाच,

"लाल टोपी मेरो गोपी अब्बल गजलकार !
रूप सार प्रेम शान्ति बस्ने हात्तीसार !

वनमारा बटुलेर लीला गर्ने जोगी !
तुलसीको खेती गर्ने गोडी गन्धेझार !

लघुकथा गजलमा पारङ्गत भाइ !
अक्षत अक्षर कदम पदम खपे अनेक मार !

निश्छल निर्मल विमल कञ्चन शशी मेरा भाइ !
विवेकी र दानवीर गर्ने बेडापार !

सीतापति कडा अति, फेरि नौनी घिउ !
फटाहाको लिने सातो अलि अलग धार !
जिद्दी बढी, सम्झाएर हुन्न गोपीलाई !
उनको लागि अनिताजी स्थायी उपचार !

कवितामा अनितामा आए अरू छोरी !
महचोक दहचोक भर्ने महघार !"

वाह, वाह, वाह !! वोन्स मोर हजुर !" भीडको माग ।

"अब अरू गोपीबाट !" सुकरात गुरु मौन । मुशायरा मध्यरातसम्म जम्यो । गजलपर्या सफा भयो । एकीकृत गजल दल बन्यो । अध्यक्ष — लेखराम सापकोटा । एन आर एन ए र अनेसासको समर्थन । समाचार भाइरल भयो ।


२०८२ भाद्र २३ गते जेन जी युवाहरूले देशभर सञ्चालन गरेको भ्रष्टाचार विरोधी आन्दोलनका क्रममा धेरै नागरिकको सहादतले हामी मर्माहत भएका छौँ । यसरी सहादत प्राप्त गर्नुभएका सम्पूर्ण सहिदहरूप्रति भावपूर्ण श्रध्दाञ्जली अर्पण गर्दै सहिदहरूका परिवारमा गहिरो समवेदना व्यक्त गर्दछौँ।

**रीता भट्टराई**
अध्यक्ष एवम्
**शङ्खबुद्ध बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
बुद्धनगर, काठमाडौँ, फोन : ०१-४५४१५६०

**बुद्धिराज पाण्डे**
अध्यक्ष एवम्
**निशानदेवी बचत तथा ऋण सहकारी संस्था लि.**
ठमेल, काठमाडौँ

पुस्तक-पत्रिका मागेर होइन किनेर पढौँ ।
लेखक-सम्पादकहरूको मिहिनेतको कदर गरौँ ।।

*धूमपानले लिन्छ ज्यान, सबैलाई होस् ज्ञान !*

# देश बिग्रेको छैन !



✍ **रेहित सैजु**

लौ हेर्नुस् न, आजभोलि त समय पनि कस्तो आयो... भट्टीदेखि घरको चकटीमा बस्ने, गाडीको हुलमुलदेखि स्कुलसम्म, चौतारादेखि सारासम्म देश बिग्रेको, विकास भएन जस्ता यान त्यान गफ फोकटमा कन्चट भरिने गरी सुन्न पाइन्छ । ओहो ! अराजकता फैलाउनुको पनि सीमा हुन्छ नि गाँठे । उफ् ! मान्छेको मनमा देशभक्ति कति धेरै ? कस्तो अचम्म यस्तै देशभक्त रैथानेहरूले जताततै खाली देश बिगार्‍यो, बिग्र्यो, भएन, सक्यो जस्ता अभिव्यक्ति जता मौका मिल्यो त्यता बिना थाँको काँको फलाउन थालेका छन् । यदि यी देशभक्तहरूलाई देश कसले बिगारेको हो त ? भनेर प्रश्न गर्‍यो भने त्यसको तत्काल उत्तर सबैको नेता नै आउँछ । अनि के साँच्चै देश नेताले नै बिगारेको हो र... ! नेता बनाएको कसले उसैले होइन र... कि नेता छुट्टै ग्रह, उपग्रहबाट आएको हो ? बुझिनँ मैले, बुझाइदेऊ कसैले ... !

यदि देश नेताले बिगारेको हो भने नेता बनाइरहेको छ चाहिँ किन ? नेता नबनाएर बिग्रेको देश सपारे भइहाल्छ नि... । देश बिगार्ने घाँडो नेतालाई चाँडो वहिष्कार गर्न किन चुक्छन् त यी गफ जोतुवा नारद कुरौटेहरू... ! केही दिन अघिको कुरा हो, हाम्रै नजिकको छिमेकी मुलुकमा सत्ताधारी नेताले देश बिगारे, देशको प्रणाली बिग्र्यो भनेर भनेर देशबाटै लखेटेछन् । हुन पनि हो, जहाँ रिस, गुनासा, उपेक्षाहरू एकजुट हुन्छ, त्यहाँ विष्फोट हुने निश्चित छ । छिमेकी देशहरूमा भएको परिवेश पनि यही हो । तर हाम्रो देशमा कहिले ? कोही ठेट्नाहरू भन्छन्, अब हामीले पनि छिमेकीको अवस्था अनुसरण गरेर यी नेतालाई धपाउनु पर्छ । ए बाब्बा यति सजिलो छ... ? यत्रो हिम्मत जुटाउने ल्याकत कसैको छ ? सक्दैन, किन सक्दैन ? बाटोमा कोही चिप्लेर लडेको देख्नु भो ठेट्नाहरू उठाउन जान छोडेर मुसुमुसु हाँस्छन्... भिडियो खिचेर सामाजिक सञ्जालमा हुत्याउँछन् । त्यहाँ लाइक र कमेन्टको वर्षा हुन्छ । भिडियो हाल्नेले त पैसा पनि कमाउँछन् अरे... अनि कसैले पैसा कमाउनु भनेको देश बिग्रनु हो त ? होइन नि । लौ तपाईं आफैँ भन्नोस् त, यस्ताहरूले देश बिग्र्यो भन्यो भन्दैमा हामीले जबरजस्ती पत्याइदिनु पर्ने ?

म भन्छु, खबरदार ! हाम्रो देश बिग्रेकै छैन । पहिलो कुरो त देश बिग्रिने कुरै होइन । र देश भन्नु कुनै अण्डा पनि होइन बिग्रिन, कुहिन । देशमा विकासले छलाङ मारेको नदेख्नेहरू कसको टाङमुनि बसेर गफ फुराल्दै छ हँ ? सिङ्गापुर, स्वीजरल्याण्ड जस्तो बन्ने त कसैले नसोचे हुन्छ । यो हुने कुरै हैन । तपाईं आफै भन्नोस् त, कसरी पो नेपाल सिङ्गापुर, स्वीजरल्याण्ड बन्छ ? नेपाल नेपालजस्तै बन्छ, अरू बन्ने त कुनै चान्सै छैन ।

मलाई लाग्छ देशमा नबनेको कुरा र बन्न बाँकी केही छैन । चन्द्रमा पुग्ने वैज्ञानिकले केही गरी नेपालतिर हेरे भने विश्वका अग्ला हिमालहरू भन्दा पहिले भिउटावरहरू देख्छन् । यो भन्दा ठूलो उपलब्धि अरू के होलान् । सडक नपुगेको कुनै गाउँ छैन । गाउँतिर बारीका कान्ला भन्दा ज्यादा सडकका भित्ता छन् । भलै गाडी गुड्नु नगुड्नु त्यो अलग कुरा हो । यदि कसैलाई गाडी गुडाउने इच्छा छ भने आफै किनेर, ड्राइभर राखेर हुन्छ या आफै ड्राइभर बनेर गुडाए भैगो त... कसले पो रोकेको छ र... देशमा प्रजातन्त्र आएको छ । गणतान्त्रिक शासन छ । जसलाई जे गर्न पनि छुट छ । यहाँ कानुनसँग कोही डराउनु पर्दैन । उल्टै कानुन चाहिँ डराएर निहुँराउँछ । नबन्ने काम पनि अनेक तिगडमबाजी गरेर बन्छ अनि फेरि भन्दै हिँड्ने देश बिग्र्यो ? रेबिज लागेको छ कि क्या हो ? किन

यसरी भुक्दै हिँड्नु भएको ? अलि विचार गर्नोस्, छलाङै छलाङ मारेको देशमा नानाभाती भन्दा आङले नराम्ररी दुःख पाउला... ।

समुद्र नै नभएको देशमा पानीजहाज ल्याउने कुरा भइरहेको छ । बाँदर चढ्न नसक्ने भिरपाखामा रेल कुदाउने योजना बनिरहेको छ । ट्रेकिङ जाँदा हिँड्नु नपरोस् भनेर पहाड डाँडाहरूमा धमाधम केवलकारहरू झुण्डिरहेका छन् । यतिले पनि नपुग्ने, खास खोजेको के हो ? देशमा बस्न मन नलागे पासपोर्ट बनाएर विदेश जानु नि... राहदानी विभाग बनेकै छ त... कति चाँडो र सजिलै गइरहेका छन् त अरू... विदेशी भिसा लगाउँदा कति चाँडै लाग्छ । अरू देशमा जस्तो ढिलासुस्ती छैन । देश बिग्र्यो भन्ने थुतुनाहरूको आँखा पनि बिग्रेका छन् कि क्या हो ? शङ्कै पो लाग्न थाल्यो ।

टोल टोलमा नेता उपनेताहरूको सङ्ख्या बढ्दो क्रममा छ । नेतृत्वहरू मजाले सप्रिन पाएका छन् । आफ्नो नेतृत्वमा चित्त नबुझे प्रतिपक्षमा उत्रिन कसैले रोक्दैनन् । गाउँगाउँमा सिंहदरबार भन्ने त सबैलाई थाहा भएकै कुरा हो । पहाडी गाउँमा बस्ने मान्छेको सङ्ख्या भन्दा सांसद भवनमा संसदहरूको सङ्ख्या बढी छ । अरू बहस किन गर्नु... ! गाउँ बस्न दिक्क लाग्नेहरू शहर पसेकै छन् । यहीँ घरजग्गा गरी बसेकै छन् । शहर बस्न पनि अल्छी लागे विदेश जानोस् उतैका नागरिक भएर बस्नोस् । कसैले रोक्छ त रोक्दैन नि । तर देशमा भविष्य नदेखेर आएको चाहिँ नभन्नोस् नि । हुन पनि पहुँच र पावरमा आफ्नो मान्छे सबैका छन् । अष्ट्रेलिया, अमेरिका, युरोप घर भएका आफन्त सबैका छन् । नेपाली नपुगेको भनेको उही चन्द्रमा मात्र हो । तर चन्द्रमामा पनि नेपालीले जग्गा खरिद गरिसकेका छन् । अन्टार्कटिकासम्म हाम्रो देशका नागरिक पुगिसके । यो प्रगति नभएर अगति हो त ? हाम्रै दाजुभाइले होइन विश्वकै अग्लो हिमाल सगरमाथामा पहिलो पाइलो चुमेको ? हैन यो देश बिग्र्यो भन्ने गवाँरहरू कुन दुनियाँ घुमेर बकम्फुसे गफको रफ भर्दैछन् ? कसैलाई थाहा छ भने यो लेखकसम्म पुऱ्याइदिनु है ।

बोर्डिङ त बोर्डिङ भए सरकारी स्कूलहरूलेसम्म अङ्ग्रेजी माध्यममा पढाइ गर्न थालिसके । लोकसेवा तयारी गर्नेले लोकसेवामा भन्दा पहिले कोरियाको एपिएस पास गर्छन् यहाँ । नेपालीले नेपाली बोल्यो भन्दा अचम्म मान्नु पर्छ । किनकी यहाँ अङ्ग्रेजी नजान्ने र नजाने पनि जानेजस्तै गर्नेको कमी छँदै छैन । सरकारी निवेदन लेख्न नजाने केही हुन्न । भाषामा यत्रो चमत्कार भइसक्यो । यहाँ जतातत्तै होहल्ला गर्न, फोहोर मिल्काउन पाइन्छ । छाडा गीतमा नाच्दा झुम्दा राम्रै मान्छन् । कथनी र करणीको त कुरै नगरौँ । यहाँ मनलाग्दी गर्न पाइन्छ । मास्टरले समयमा पढाउन नगए केही हुन्न । अभिभावकले आफ्नो छोराछोरीको स्कूल जाने बाटो बिर्से पनि हुन्छ । विद्यार्थीहरूलाई अनुशासन परीक्षाको प्रश्नपत्रमा मात्र थाहा छ । बाउआमाले केवल जनसङ्ख्या बढाइदिए पुग्छ, कुनै संस्कार सिकाउनु पर्दैन । अझ तपाईंले बिर्सनु नहुने कुरा, यहाँ बिना लाइसेन्स गाडी कुदाउन पाइन्छ । भाको नभाको कुरो लगाइदिएर मान्छे मान्छे जुधाउन पाइन्छ । कसैलाई हेप्न परे, नराम्रो तुच्छ शब्दले गाली गर्न पाइन्छ । कामको सम्मान नगरे केही हुन्न । सायद यही छुट दिनुको पराकाष्ठा होला कि देश बिग्र्यो भन्दै दोहोलो काढेर बस्ने पनि... ।

अबुझक्कडहरूलाई कसरी सम्झाउनु यहाँ कुनै अपराध घट्यो या कसैले भ्रष्टाचार गऱ्यो भने तुरुन्तै छानबिन आयोग गठन हुने गरेको छ । राष्ट्रिय मुद्धाहरूमा सांसद भवनबाटै मन्थन हुन्छ । कुरा सबैले गरेकै छन्, सुनेकै छन् । अरू के खोजेको होला... भन्दै छु हाम्रो देश बिग्रेकै छैन । हुलदङ्गा नमच्चाउनोस् । खुरुखुरु आफ्नो काम गर्न जानोस् । तपाईंको पेटले काम खोजेको छ । बेकारको हाउडेतन्त्रको पछाडि नलाग्नोस् । यो एउटा सिलसिला हो । देश बनेकै छ । अझै बन्ने क्रममा छ । किनकी यहाँ प्रजातन्त्र छ, प्रजातन्त्रमा देश बिग्र्यो भन्ने सन्दर्भ, विचार बकवास हुन्छ ।

*रामेछाप, हाल काठमाडौं*

# बहुविवाह जिन्दावाद !



✍ **उत्तरकुमार पराजुली**

मङ्गलाचरण–

वक्रतुण्ड महाकाय सूर्यकोटी सम प्रभ ।
निर्विघ्नं कुरु मे देव सर्व कार्यषु सर्वदा ।।

यसरी हरेक कामको सुरुमा आराधना गर्ने गुरु गणेशका दुईटी श्रीमती ऋद्धी र सिद्धी । श्री गणेश महाराजले एउटै घरघरानामा सम्बन्ध विस्तार गर्नुभएछ क्यारे नाम पनि दिदी बहिनीका जस्तै छन् ।

हाम्रा देवाधिदेव महादेवले सती वियोगमा जुन हैरानी बेहोर्नुपर्‍यो त्यस्तो दुःख त आफू खाने सत्रुलाई पनि नपरोस् भनेर चुक्चुकाउँछन् स्वस्थानी पढ्ने सुन्नेहरू । यस्तै घटनाबाट पीडित हुन नपरोस् भनेर छोरा गणेशजीले सुरुमै जोहो गर्नुभएछ । दुईटी श्रीमतीको घर बलियो तीनवटा गोरुको हल बलियो भन्ने उखान त्यहीँबाटै चलेको रहेछ कि ?

अनि हाम्रा श्री विष्णुदेवको घरायसी मामला हेरौँ–

एका नारी प्रकृति मुखरा चञ्चलासा द्वितीया ।
एको पुत्रो त्रिभुवन विजयी मन्मथोदुर्निवार ।।
शेषशय्या जलधि शयनं वाहनो पौन्ड्रकारि ।
स्मृत्वास्मृत्वा स्वगृह चरितं दारु भूतो मुरारि ।।

श्रीविष्णुदेवकी एउटी श्रीमती सरस्वती अलि मुखाले, अर्की श्रीमती लक्ष्मी अलि चञ्चले अस्थिर अधिर, छोरो कसैलाई नटेर्ने, महासागरमा शेष नागको शय्या छ । यसो छोडेर कतै गयो भने गरूडले शेषलाई खाइहाल्ने । यस्तो समस्या सम्झी सम्झी श्रीविष्णुलाई पनि दिक्क लाग्ने गर्छ । बहुविवाहले घरमा ल्याउने रनक यहाँ केही मात्रामा अनुभव गर्न सकिन्छ ।

हाम्रा सूर्य भगवानले पनि संज्ञा र छाया दुईवटी श्रीमतीको व्यवस्था गरेकै रहेछन् । पाञ्चायन देवतामध्ये चार जना पुरुषमा तीन जना हाकाहाकी बहुविवाहित रहेछन् त । ब्रह्म जानाति ब्रह्मैव भवति अर्थात् ब्रह्म जान्ने व्यक्ति ब्रह्म नै हुन्छ भन्ने सूत्रले आराध्यमानले पनि आराध्यको मार्ग पछ्याउनु कुन ठूलो कुरा भयो र ?

बुबा दशरथका ३ वटी श्रीमती भएर सौतेलो मामलोको झगडाले आफू वन लखेटिनु परकाले भगवान् श्रीरामलाई बहुविवाहतिर वितृष्णा जाग्यो । लक्ष्मणले त त्यत्रो चौध वर्ष एक्लै हुने अवस्थामा अधिराजकुमारी सुर्पनखाले बिहा गर्न खोज्दासमेत मानेनन् । उनलाई पनि बहुविवाहप्रति घृणा नै रहेछ भन्ने अनुमान लगाउन सकिन्छ । दुईटी स्वास्नीको पोइ कुना बसी रोइ भन्ने उखान दशरथको जीवनमा मेल खान खोज्छ तर त्यस वेला परशुरामले २१ पटक क्षेत्री शून्य पार्छु भनेर क्षेत्री नास्दै पृथ्वी डुल्दा क्षेत्री केटा कम भएर बहुविवाह सामाजिक आवश्यकता पो थियो कि ? भगवान् जाने ।

एका नारी ब्रह्मचारी भन्ने सूत्रले जीवनभरि ब्रह्मचारी हुने भइयो । अनि बहुविवाह नगरी गृहस्थाश्रमसम्म पनि पूरा नहुने देखायो । जब गृहस्थाश्रमको पूर्ण रागमा नचोपलिइकन कसरी वैराग्यको उदय हुन्छ र ? वास्तवमा बहुविवाह नगरी मुक्तिको ढोकै नखोलिने देखियो भने बहुविवाह कानुनको विरोध गर्नु भनेको अलिखित संविधानको मौलिक हक हनन गरे सरह बात लाग्छ ।

आजसम्म कानुनी दस्तावेजमा प्रयोग हुँदै आएका शब्द, शब्दावली निकै घोचक, कर्णकटु , आदेशात्मक र रुखा हुने गरेको तथ्य सबै सामु जगजाहेर छ तर यो

बहुविवाहका सन्दर्भमा प्रयोग भएका सम्बन्ध विस्तार जस्ता कर्णप्रिय शब्दावलीको प्रयोग गरेर कानुन मन्त्रालयले कानुनी भाषामा नौलो आयाम थपेको छ । यसले बहुविवाहवादीको मात्रै हैन विपक्षीको हृदय पनि द्रवीभूत छ ।

आजभोलिको जमाना आगै छूत पानी छूतको जमाना हैन । यो जमाना त लिभिङ टुगेदरको जमाना हो । लिभिङ टुगेदरबाट विस्तार भएको सम्बन्धले स्त्रीको पेट विस्तार भएपछि मात्रै विवाहको कुरा गर्ने भनिएको छ । राणाकालमा भँै लौ तिनीहरू सँगै बसेको प्रमाणित भयो । हामीलाई पनि भात पानी बारे भनेर अधिकारप्राप्त तालुकदारसित पतीय पूर्जी लिएर स्न्द्रिसहितको पतीय यज्ञ गरेर भात पानी चलाउने जमाना हो र ? पश्चिमा देशका परिवारमा हर चिल्ड्रेन, माइ चिल्ड्रेन एन्ड आवर चिल्ड्रेन आर क्वेरलिङ्ग अर्थात् उनका छोराछोरी, मेरा छोराछोरी र हाम्रा छोराछोरी झगडा गरिरहेका छन् भन्ने जस्ता कुरालाई हामीले सिको गर्नुपर्दैन र ? अनि पश्चिमाको अन्धानुकरण नगरी कसरी अग्रगामी भइन्छ ?

बहुविवाहका अनगिन्ति फाइदा छन् । अहिले नेपाली युवा चाहे पुरुष वा महिला जसरी भए पनि बिदेसिने एक स्थापित संस्कार नै बनेको छ । एकल विवाह मात्रै हुँदा ऊ र म एउटै त हो नि भन्ने भावनामा बगिन्छ । अनि घर घडेरी धन सम्पत्ति पत्नीका नाममा गर्न कुनै शङ्का गरिँदैन । यसरी भर परेर विदेश जाने र विदेशबाट आउँदा श्रीमतीजीले अरू कसैसित सम्बन्ध विस्तार गरेर आफू पाटीको वास हुन परेको घटना थुप्रै छन् । बहुविवाह गरेको वा गर्ने हैसियतको नियत भएमा यसरी भरमा परेर अलपत्र हुने अवस्था हुने छैन । त्यसै गरी महिला पनि विदेश गएर पैसा पठाउली र रजगज गरौँला भन्ने आशामा बसेको पुरुषले उतै पाठापाठी कमाएको देखेर सुनेर थाप्लो ठोक्नु पनि पर्दैन । विकल्पको सोच भयो भने सबैले आआफ्नै हिसाबले काम गरिन्छ । एक्कासि झड्का लाग्दैन ।

हाम्रो देशमा युवा कसरी स्वदेशमै टिकाउने भन्ने बडो ठूलो चुनौती छ । भोलिका दिनमा बहुविवाह जस्तो अत्याधुनिक सामाजिक सम्बन्ध विस्तारको चलन नभएको देशमा को बस्छ भनेर युवा अझ बिदेसिए भने रुख पाटी, घाम पाटी त जेनतेन बूढाखाडाले धान्लान् तर चोकचोकमा चिचिलामिचिलाका नाम फोन टिपेर आफ्ना गनौटा सम्झेर रमाउने हस्ताक्षर पाटीको हालत के होला ? यस्तो कुरामा अलि संवेदनशील हुनुपर्दैन र ?

राजनीतिमा वैवाहिक सम्बन्ध विस्तारको कति महत्त्व हुन्छ भन्ने कुरा राजनीतिका बाह्रखरी खारेकाले तुरुन्तै थाहापाइहाल्छन् । पाल्पाली राजकुमारी कौशल्यावती, खँचेली राजकुमारी चन्द्रप्रभावतीलाई गोरखाका राजा नरभूपाल शाहसित विवाह गरिदिएर गोरखालीको शक्तिको दबदबा हुँदा पनि पाल्पा र खाँची राज्य ढुक्कसित बसेको इतिहास कसले बुझेको छैन र ? त्यसैले बहुविवाह भनेको बहुसम्बन्ध विस्तार हो भन्ने कुरा स्पष्टै छ ।

बहुविवाहको प्राथमिक चरण सम्बन्ध विस्तारको चरण कति सुन्दर शब्दावली ? यस चरणमा प्रवेश गर्दैमा विवाह नै गर्नुपर्छ भन्ने के छ र ? यस चरणले कतिपय बाँझा पुरुषहरूको पुरुषत्व औपचारिक हिसाबले पुनर्जागरण हुने स्वर्णिम अवसर पनि सिर्जना हुनसक्छ । भलै भोलि कागका गुँडमा कोइली हुर्के पनि सम्पत्ति खाने र तर्पणपानीको जोहो सजिलै भयो भने पनि त भैहाल्यो नि । फेरि बहुविवाहको दोस्रो चरण सुरु हुने भनेको सम्बन्ध विस्तारित व्यक्तिमा गर्भ रहेर निजका पुरुषले गर्भ अस्वीकार गरेको अवस्थामा मात्रै हो । त्यसैले महिलालाई यो अवैध भुँडी कसरी तह लगाउने भन्ने चिन्तै भएन । माने पहिलो नमाने दोस्रो छँदै छ । त्यै विस्तारा फेरिने मात्रै त हो । पुरुषका लागि पनि लागे लाग्ला मोहनी नत्र घरै छन् दशोटी भन्ने जस्तै निर्धक्कको वातावरण !

अहिले स्त्री भ्रुण हत्याका कारण संसारमा

स्त्रीहरूको सङ्ख्या घट्दो क्रममा छ । त्यसैले पुराना जमानामा जस्तो बहुविवाह भन्नाले एक जान पुरुषले दुई वा सोभन्दा बढी श्रीमती राख्न पाउने भन्ने मात्र हुने छैन । लैङ्गिक समताका हिसाबले पनि स्त्रीले बहुपति राख्न पाउने व्यवस्था यो कानुनमा अवश्यै हुने छ । यसो हुँदा अल्लमल्ल गोत्र आमा यौटी बाउ सत्र भने जस्तो अवश्यै हुन्छ । यस्तो अवस्था पर्दा के गर्ने होला ? भन्ने प्रश्नको जवाफ पनि अहिले नै निर्क्योल गर्नुपर्छ । बहुविवाह प्रथाले कोही पनि विधुर र विधवा भएर निरीह जीवन बिताउनुपर्ने छैन । पति शोक र पत्नी शोकले कोही थलिनुपर्ने छैन । खाईसार कि लाईसार मरेपछि लम्पसारको एक सन्त जीवन जीउन सहयोग पुग्ने छ । होली वाइन र यौन पर्यटनको संसदीय छलफलको पृष्ठभूमिमा आएको यो कानुनलाई असामयिक भन्ने समयको प्रवाह नबुझ्ने पद्दू हुन् काम नलाग्ने पत्रु हुन् भन्न हिच्किचाउनु पर्दैन ।

जति लामो डोरी बाटे पनि गाँठो यौटै भने झैँ बहुविवाह यौन जीवन व्यवस्थापनको मुख्य कडी हो । यौन क्रियाकलाप शारीरिक ऊर्जा स्खलनको माध्यम हो । व्यक्तिमा रहेको जीवनदायिनी कुण्डलिनी ऊर्जाले जीवन सञ्चालनका लागि प्रेरित गरिरहेको हुन्छ । व्यायाम, योग, ध्यानले यो ऊर्जा उर्ध्वगामी हुन्छ र उत्तम भाव, उत्तम वाणी, उत्तम सङ्कल्प, उत्तम चित्तवृत्ति र उत्तम चिन्तनको जागरण हुन्छ । नयाँ नयाँ सोच नयाँ नयाँ अनुसन्धान आविष्कार उर्ध्वगामी ऊर्जाबाट हुन्छ । तर योग ध्यान सत्सङ्ग परिश्रम नगरी नकारात्मक भावका तरङ्ग खेलाएर बस्नेका लागि कुण्डलिनी ऊर्जा अधोगामी बन्छ र यौन विकृतिका क्रियाकलापबाट स्खलित भएर सिद्धिन्छ । व्यायाम योग ध्यान गर्ने लठारामा लागेर सिर्जनशील हुनुभन्दा बहुविवाहमा रमाउनु धेरै सजिलो छ । किनकि यसमा कुनै समय व्यवस्थापन अनुशासनको पालना केही गर्नुपर्दैन । त्यसैले म पनि एक चित्तले यसैमा लागेको छु । तपाईंहरूले पनि समयको माग बुझ्नुहोला । कानुन मन्त्रालयलाई धन्यवाद । बहुविवाह जिन्दावाद ! ■■


२०८२ भाद्र २३ गते जेन जी युवाहरुले देशभर सञ्चालन गरेको भ्रष्टाचार विरोधी आन्दोलनका क्रममा धेरै नागरिकको सहादतले हामी मर्माहत भएका छौं । यसरी सहादत प्राप्त गर्नुभएका सम्पूर्ण सहिदहरूप्रति भावपूर्ण श्रध्दाञ्जली अर्पण गर्दै सहिदहरुका परिवारमा गहिरो समवेदना व्यक्त गर्दछौं।

**गंगाबहादुर तामाङ**
वडा अध्यक्ष
**दोरम्बा शैलुङ गाउँपालिका**
वडा नं. ५, रामेछाप
वाग्मती प्रदेश

**टीकाप्रसाद गौतम**
वडा अध्यक्ष
**दोरम्बा शैलुङ गाउँपालिका**
वडा नं. ६, रामेछाप
वाग्मती प्रदेश

# म ठुलो साहित्यकार



✍ **निर्मलादेवी तिम्सिना 'कान्छी'**

म  ठुलो साहित्यकार हुँ ।
सबैभन्दा जान्ने साहित्यकार !
दशैंको लिङ्गेपिङको
लठारो जस्ता,
फनफन बेरिएका
शब्दहरूको लेखक !
केवल म मात्रै बुझ्दछु ।
ती लहरिएका शब्दहरू,
जरा  न टुप्पोका !
छुट्याउन हम्मे पर्ने
कसिन्दै बेरिएका शब्दहरू ।
म निकै लेख्छु, थुप्रै लेख्छु ।
मङ्सिरमा झारेको धानको
थुप्रो जस्तो शब्दको रास !
अरूले पर्गेल्न सकुन् या नसकुन् ।
म त ठुलो साहित्यकार !

चिन्दिनँ ,गन्दिनँ अरूलाई
त्यो अदम्भ ममा छैनँ ।
छ त केवल  दम्भ
म मात्रै ठुलो साहित्यकार !

बोटमा फुलेको फूल
टपक्क टिपेर
श्रीमतीको चुल्ठोमा
थपक्क राखिदिए जस्तो
अरूको मेसेन्जरमा
चट्ट लिंक पठाएर
लाइक कमेन्टहरूको आग्रह गर्ने
साँच्चिकै ठुलो साहित्यकार हुँ !
पाठकले शब्दका आङकुसे
फुकाउन सकुन् या नसकुन्
बुझी नबुझी
वाह, सुन्दर, मिठो, यथार्थ
भनिदिनुभन्दा
विकल्प के नै छ र !
भनिदिन्छन् मजाले,
वाह ! म त ठुलो साहित्यकार ।

म  पार्टी खोलेको साहित्यकार हुँ
मेरो संस्थामा राजनीति छ ।
जो मसँग आबद्ध हुन्छ र
जसले क देखि ज्ञ सम्म जान्दछ ।
के भो त साहित्य नजानेर !
म उसलाई साहित्यकार घोषणा गर्छु ।
खादा र मालाले सम्मान गर्छु ।
सिसाको फ्रेममा सजाएको
आकर्षक प्रमाणपत्र पनि दिन्छु ।
म  राजनीति मात्र गर्दिनँ !
खादा, माला र प्रमाण पत्र पनि बेच्छु ।
म त ठूलो साहित्यकार !
अनि छ नि
त्यो किन्ने पनि
ठूलै साहित्यकार हो ।
किनकि,
मेरो संस्थाको प्रमाणपत्र
उसको घरको भित्तामा
झुन्डिएको हुन्छ ।

दुई चार थान तस्बिर र
मेरो बखानको समाचार छाप्ने
र अन्तर्वार्ता पोख्ने
पत्रकार मेरै मुट्ठीमा छन् ।
लेखिदिन्छन्   नाम
खिचिदिन्छन् तस्बिर
वाह ! पैसामा बिकेका पत्रकार!
राजनीति छ, पैसा छ र त
पत्रकार मेरा छन् ।
म पत्रकार चिन्छु र किन्छु पनि
किनकि म व्यापारी  पनि हूँ ।
अक्षरको खेती भित्र
राजनीति अनि व्यापार
दुइटै गर्न सक्ने
के म ठूलो साहित्यकार होइन त ?

# ठगैठगहरूको हाम्रो देश !
# समृद्धिको आशमा फुलिसक्यो केस !!



✍ **अमर अधिकारी**

'समृद्ध नेपाल, सुखी नेपाली !' यो त उल्टो नारा भएन ? त्यस्तै विपरित पारा भएन र ? कति झुक्याउन सकेका हुन् जनतालाई बेबकुफ बनाउँदै ? जता हेऱ्यो फोहोरैफोहोर ! बञ्चरेडाँडामा लगेर मिल्काउने जस्ता नेताका विचार एकातिर व्यवहार अर्कोतिर । डन, गुन्डा, तस्कर, माफिया सबैलाई मन्त्री पद बिकाउने अनि टेकासे सरकार टिकाउने । एउटा टेकासो भाँचिएमा वा घर्किएमा सरकार गर्ल्याम्म । जनताले कति थुक्नु के सरकारलाई थुकेको सुनेर कुकुर कति भुक्नु के ! सरकार जनताप्रति झुक्नु त परैको कुरा हो । जाबो संविधानको खोस्टो बनाउनलाई अर्बौं सके, एउटा कानून बनाउन करोडौं सकिन्छ । सांसद पनि भैंडा-बाख्रा झैं खासै उपादेयता छ के ? ताइनतुइका कुरा गर्ने आश्वासनका काम चाहिँ पूरा नगर्ने ।

नेपाललाई धेरै पहिलेदेखि नै सतीले सरापेको देश भनिदैआएको छ । बेथिति देख्यो कि त "सतीले सरापेको देश" भनिहाल्ने खराब बानी परिसकेको छ हामीलाई । को हुन् त ती सती ? सती शब्दलाई नेपाली शब्दकोशले थरिथरि अर्थ्याएको पाइन्छ । सती श्रीशिवजीकी जेठी पत्नी भनि उल्लेख गरेको छ शब्दकोशले । पतिव्रता स्त्री पनि भनेको छ, त्यस्तै साध्वी पनि कहेको छ । त्यस्तै पतिको लासका साथै चितामा जल्ने स्त्री पनि भन्न भ्याएको छ, शब्दकोशले । त्यस्तै सतीको अर्थ दुर्गा र भवानी पनि उल्लेख गरेको छ ।

ठग राजनीतिज्ञ, ठग समाजसेवी, ठग र पाखण्डी धर्मगुरु बग्रेल्ती छन् यहाँ । अपराध नगरेका नेता त भेटाउनै गाह्रो छ यहाँ । सहकारीलाई भकारी भनाउने नेतादेखि सुन तस्कर अनि खुन अपराधीहरू पनि नेताहरू नै छन् नभए नेताका विश्वासपात्र नै छन् । समाजसेवीहरू पनि नक्कली भेटिनथालेका छन् । माफियाहरूले सामाजिक संस्थाहरूलाई चन्दा दिने उनै माफिया विभिन्न कार्यक्रमहरूमा अतिथि बनेर जाने अनि सम्मान थाप्नेगरेका समाचारहरू नौला होइनन् । महायज्ञको नाटक रचेर पचास लाख उठेको छ भने पैतालिस लाख गुटमुट्याएर कुलेलाम ठोक्ने पण्डित वा गुरुहरू पनि नभएका होइनन् हाम्रो मुलुकमा । जनताको मुखमा बुझो लागिसकेको छ सधैका लागि । पहिले पहिले त धर्ना, जुलुस, हडताल, आन्दोलत गर्नेमा अघि सर्ने जनता कता गए ? कि भष्म भए ? नयाँ नयाँ जोगीले धेरै खरानी घस्छ भनेको यस्तै हो । जनताह अब पुराना जोगी झैं भए । सतीले सरापेको देश होइन कतिले धरापेको देश भन्नथालौं । किनकि यो देशलाई कतिले हो कतिले धरापमा पारिसकेका छन् । प्रशासन ध्वस्त, राजनीति ध्वस्त, धर्म ध्वस्त, सबै ध्वस्त, ठूलाठालु र अपराधी, अनि तस्करहरू मस्त, जनता सधै त्रस्त ।

**खानार्थ सिध्यावारिधि**

कतैकतै कुनै संस्थाले आठकक्षा पनि नपढेकाहरूलाई मानार्थ विद्यावारिधिको उपाधि दिलाइदिएका हुन्छन् । पिएचडिको फुलफर्म भन्न नसक्नेले समेत विद्यावारिधि पाएका छन् । कतिपयले पिएचडिको फुलफर्म 'पार्सियल हेड डिफेक्ट' भन्ने पनि सुनेको थियो यी दुई कोप्रे कानले । अम्रिकाबाट पिएचडि गरेका हाम्रा छोराको चाहना नेपालमा आएर केही गर्ने र अमेरिकामा बस्ने मन नभएको बताएपछि वैज्ञानिक डा. महावीर पुनसँग परामर्शका लागि राष्ट्रिय आविष्कार केन्द्रमा गए एकदिन । सातवटा साइनबोर्ड पार गरेर आविष्कार केन्द्रमा पुगेपछि आश्चर्यचकित भए । वैज्ञानिक पुनले यस्तो सल्लाह दिए- "यहाँ

नेपालमा भविष्य बर्बाद हुन्छ, छोरालाई उतै बसेर काम गर्न भन्नुस्, बरू काम म यतैबाट दिन्छु ।" यति भन्दै थप भने- "मलाई ह्वाट्स्एपमा जोडिन भन्नुहोला छोरालाई ।" ह्वाट्सएप उनको पुस्तकको गाताभित्रको पृष्ठमा लेखिदिए र मलाई उक्त पुस्तकको मूल्य रू७००।- पनि लिए । आफू थोत्रो क्याप लगाएर बसेका छन्, खुइलिएको लुगा लगाउँछन्, खुजमुजिएको हाफ पाइन्ट लगाउँछन् अनि घिस्रिएको चप्पल लाउँछन् उनले अर्थात् पुनले । पुनलाई हेर्ने कुन ? धन्न एकघन्टा बिताएर उनको कार्यकक्षबाट बाहिरिन लाग्दा उनले थपे- "तपाईँलाई हाम्रो प्रयोगशाला देखाउँछु ।" यत्रतत्र छरिएका उपकरणहरू र तीनका पार्टपूर्जाहरू देखिन्छन् उनको आविष्कार केन्द्रमा । उनले मलाई आफ्नो प्रयोगशाला पनि देखाए, रोबोट जस्तो ठिंग्रिङ्ङ उभिएको एउटा यन्त्र देखाए । पुनका सहायक वैज्ञानिकहरूको समूहसँगै मैले राष्ट्रिय आविष्कार केन्द्रको प्रयोगशाला अवलोक गर्ने सुअवसर पाएँ । वैज्ञानिक पुन र उनका सहायक वैज्ञानिकहरूले प्रयोग गरेका कैयन वैज्ञानिक र प्राविधिक भाषा मैले मुस्किलले बुझेको थिएँ । जे होस् मुहारमा मुस्कान नभए पनि उत्साह चाहिँ छ पुनमा अर्थात् उनमा । मैले आग्रह गरेँ "डा. साब ! कृषि औजार कारखाना चलाउने जिम्मा त लिनुभयो, मैले १६ वर्ष काम गरेको वीरगंज चिनी कारखाना पनि चलाइदिनुपर्‍यो ! धेरैले रोजगार पाउने थिए ।" मेरो आग्रहको जवाफमा पुनले भने- "त्यो त भाष्ट छ, गाह्रो हुन्छ ।"

महावीर पुन आफू जोकर बनाइएका छन् राज्यद्वारा । योग्य, दक्ष, सक्षम, काबिल मान्छेलाई नेपालमा टिक्नै दिदैनन् भन्ने कुरा धेरैलाई थाहा छ । सरकारमा बस्ने हाम्रा नेताहरूले "उल्लेख्य मात्रामा रेमिट्यान्स भित्रियो" भनेर मख्ख पर्छन् अनि गदगद हुन्छन् भने मिडियाहरूले त्यस्ता समाचार ठूलो अक्षरको शीर्षक राखेर समाचार छाप्छन् । वास्तवमा ज्यान हतकेलामा राखेर जोखिम मलेर खाडीमा जानेहरूले पठाएको रकम न हो त्यो रेमिट्यान्स् । दश वर्षमा दश हजारको लाश त्रिभुवन विमास्थलमा अवतरण हुनुमा कस्को दोष ? नेताहरूका कुरा बुझ्नै नसकिने छ । सत्ता र कुर्सीका लागि हानाथाप बाहेक केही देखिँदैन उनीहरूमा । जनताका आँखा, कान र मुख बन्द भैसके जस्तो छ । पहिले पहिले त सरकारको विरोध हुन्थे, राँके जुलुस हुन्थ्यो, कोण सभा हुन्थ्यो । क्रान्तिकारी नेताहरू समेत सुन तस्करमा लागेपछि र महाभ्रष्टलाई अख्तियारको प्रमुखमा नियुक्त गर्न कम्मर कसेपछि जनता जिल्लाराम परेका छन् र भन्छन्- "थुक्क कस्तो नेतालाई छानेर पठाइएछ ।" रक्सी र मासुमा बिकेर भोट दिनेहरूले समेत आफ्ना नेतालाई सराप्ने गरेको पाइन्छ । मतदाताहरू पनि किसिम किसिमका छन्, भोट दिएर पठाउने अनि उनैलाई सराप्ने । यस्ता मतदातालाई भैँडाको संज्ञा पनि दिइन्छ । अमेरिकामा पार्टीको संख्या दुईभन्दा बढ्नसकेको छैन, हाम्रो कमिला जत्रो देशमा सवासय पार्टी हुनु हामी नेपालीका लागि दुर्भाग्य हो । यहाँ सरकार टिकाउन झिनामसिना पार्टीलाई खरिद गर्ने परम्परा बसिसकेको छ । सरकारको टेकोका रूपमा रहेका झिना मसिना पार्टीका नेताले जे भन्यो त्यही मान्नुपर्छ सरकार प्रमुखले, नत्र "सरकार गर्ल्याम्मै ढालिदिन्छौँ" भन्न थाल्छन् तोरीलाउनेहरूले । कैयन संस्थानहरू डुबाए, बेरोजगारको अवस्था सिर्जना गरे, किसानहरूलाई समेत मर्कामा पारे भस्मासुर नेताहरूले । अब एउटा गीतको रचना गर्नुपर्ने भएको छ- 'ठगैठगहरूको हाम्रो देश ! समृद्धिको आशमा फुलिसक्यो केस !!'

एसएलसी पनि नपढेकालाई 'मानार्थ विद्यावारिधि' दिएको देख्दा पनि उदेक लागेर आउँछ । बरू 'खानार्थ सिध्यावारिधि' दिनु नि ! कुनै पनि नेताले रोजगारीका अवसरहरू कसरी सिर्जना गर्ने भन्नेतिर लाग्न जरूरी छ । हावादारी अभियन्ताका पछाडि लाग्ने अन्धभक्तहरू पनि यहाँ धेरै छन् । माफिया वा अपराधी भएर पछि मिठो बोली बोलिदिनाले त्यस्ताका पछाडि समर्थकहरू ओइरिन्छन् । सुझबुझ नगरिकन किन लाग्नु त्यस्ताका पछाडि ? नक्कली अभियन्ता पक्राउ परेपछि समर्थकहरू भने जिल्लाराम । विनासकाले विपरित वुद्धि !

जय हास्यव्यङ्ग्य !!!

*खुंग्री, रोल्पा, हालः बुढानिलकण्ठ, काठमाडौँ ।*

# गफाडी बाजे



✍ **अच्युतप्रसाद खतिवडा 'तिर्पाली काइँलो'**

मेरो गाउँमा गफाडी बाजे नामले प्रसिद्ध एक पण्डित थिए । मेरा घरभन्दा करिब आधा माइल पर उनको आश्रम थियो । आश्रममा प्रायः उनी एक्लै बस्तथे । मेरो पिता पनि पण्डित भएकाले प्रायः साँझ बिहान फुर्सदको वेला गफ गर्न आउँथे । गफ पनि यस्तै पण्डित्याइँ, भूत, प्रेत र वेदान्त सम्बन्धी हुन्थे । कुराकै सिलसिलामा उनले एक दिन, त्यो भूतप्रेत भन्ने केही हुँदैन भनेर भने । प्रायः धेरै चर्चा भूतप्रेतका बारेमा नै हुन्थ्यो । म दिनहुँ उनको यस्ता कुरा सुन्थे ।

म ता यो भूतप्रेतदेखि डराउँदिनँ भनेर उनले भनेको धेरै पटक सुनेकाले एकपल्ट यसको सत्यता जाँच्ने विचार आयो । हाम्रो घरबाट उनको आश्रमसम्म पुग्ने स्यानो गल्ली थियो । त्यहाँ उज्यालाका लागि कुनै व्यवस्था थिएन । त्यो अँध्यारो गल्लीका छेउमा एउटा पीपलको रूख थियो । साँझमा अथवा रातमा त्यस गल्लीबाट हिँड्ने मान्छे सबै धार्मिक हुन्थे। त्यस गल्लीबाट हिँड्दा जो पनि राम, राम, हरि, हरि या हनुमानचालीसा जप्दै हिँड्थे । गफाडी बाजेले रज्जु सर्पभ्रमको चर्चा गरेको सुनेर मैले उनलाई नक्कली सर्प धागोमा बाँधेर त्यही पीपलको रूखमा लुकेर, बाटामा तेर्सिएको नक्कली सर्पलाई धागोले तानी एकपल्ट उनको सातो उडाइ सकेको थिएँ । त्यस दिनदेखि उनले त्यो रज्जु सर्प भ्रमको कुरा गर्न छाडेका थिए ।

यस्तै एकदिन ऊ आएर मेरा पितासँग गफ गर्दागर्दै झमक्क साँझ पर्‍यो । राति हुन्छ, साँझ पर्छ, अँध्यारो हुन्छ भनेर उनी एउटा लौरो, लालटिन बोकेरै हिँड्दथे । त्यसदिन म पनि एउटा टिनको डब्बा बोकेर त्यही पिपलको रूखमाथि चढेर बसेँ । अँध्यारो भैसकेको थियो । उनी हाम्रो घरबाट आश्रम जानका लागि हिँडे । जब उनी त्यही गल्लीबाट पीपल बोटनेर आइपुगे मैले टिनको डब्बा बजाए । टिनको आवाज सुन्नासाथ उनी टक्क रोकिए । केही तन्त्रमन्त्र पढेर मतिर फ्याँके । पुनः हिँड्न कदम बढाए । मैले फेरि टिन बजाए । उनले ठूलो स्वरले बोले, "को हौ ? भूत, प्रेत, पिसाच जो हौ सामने आऊ ।" म चुपचाप रूखमाथि बसिरहेँ । उनको पाइला चल्न खोज्यो कि म टिन बजाइ दिन्थेँ । अब उनको हिम्मतले साथ छोडिसकेको थियो । त्यो गल्ली बाहेक उनको आश्रममा पुग्ने अरू बाटो पनि थिएन । त्यसैले उनले दौडेर जाने विचार लिई दौडिए ।

उनी जसै पिपल बोटमुनि आइपुगे, मैले टिन तल खसाइदिए । गफास्टी बाजे चारचित्त भै लडे । लालटिन एकातिर लौरो एकातिर पुग्यो । यसै बखत म पनि उनीमाथि नै हामफालेँ । ऊ मरी मरी "मार्‍यो ! मार्‍यो । बचाउ, बचाउ, गुहार गुहार" भनी चिच्याउन थाले । यही मौका पारी म पनि उनको त्यो फुटेको लालटिन र लौरो टिपेर सुइँकुच्चा ठोकेँ । त्यसपछि गाउँका मान्छेहरूले हल्ला सुनेर जम्मा भै के भयो, कसो भयो भनी उनसँग सोध्न थाले । उनले जवाफमा केही भएन ठेस लागेर लडेँ भन्दै यताउताका कुरा गरेर अल्मल्याउँदै गाउँलेको चित्त बुझाए ।

करिब एक हप्ता त ऊ हाम्रो घरतिर नै आएनन् । सायद केही चोटपटक लागेर हो वा मनोवैज्ञानिक भयले हो । सात दिनपछि मात्र उनी पुनः हाम्रो घर आए । फेरि उही भूतप्रेत र वेदान्तको चर्चा शुरु भयो । जब उनी भूतप्रेतका कुरा गर्थे म सुन्ने वित्तिकै भन्थेँ लालटिन र लौरो । मैले लालटिन र लौरो भन्नासाथ उनी चुप हुन्थे । मनमनै सायद उसलाई लालटिन र लौरो कसरी थाहा भयो भन्थे होलान् । उनी चुप भएको देखेर मेरा पिता पनि छक्क पर्थे । यसले लालटिन र लौरो भन्ना साथ यी पण्डित चुप लाग्छन् आखिर कारण के हो ? यसरी दुईचार दिनसम्म त उनी केही बोलेनन् । एकदिन झोक्किँदै भने, "के लालटिन र लौरो भन्छौ ? के हो लालटिन र लौरो ?" मैले भनेँ, "ल्याउँ ?" मेरा पिताले भने, "के कुरा हो ? म पनि त बुझौँ । जा लिएर आइज ।" मैले लालटिन

र लौरो लिएर आएँ । मैले दुवै चिज ल्याएर भनैँ "यो के हो ?" गफाडी बाजे चुप भइहाले ।

त्यसपछि मैले भनैँ, "त्यो टिन ठटाउने मै हुँ ।" सबै इतिवृतान्त सुनाइदिएँ । अब गफास्टी बाजेले त्यो रूख काट्न मेरा पितालाई दबाव दिन थाले । मेरा पिताले पनि त्यो रूख काट्न धेरै मान्छे खोजे तर कसैले पनि पिपलको रूख काट्न मानेनन् । अनि पिताले मैसँग भने, "तँ नै त्यो रूख काट्ने मान्छे खोज् ।" म बाहेक त्यो रूख अरू कसैले काट्नै सक्तैन । गफास्टी बाजे लडेपछि त त्यो रूखको अफवाह भुत्याहा रूख भनेर वरिपरिका दश गाउँमा फैलिसकेको थियो । म पनि किन काटूँ त्यो रूख ? त्यो रूखबाट गफास्टी बाजेजस्ता धेरै अरू मान्छेलाई बाटो देखाउनु छ ।

गफास्टी बाजेले त्यसपछि भूतप्रेत र अन्धविश्वासी वेदान्तका कुरा गर्न छाडिदिए । म पनि एम.ए. पढ्न सहरतिर लागैँ । छुट्टीको वेला घर पुगेको समयमा गफास्टी बाजेलाई भेटेर सोध्छु - कस्तो चल्दै छ पण्डितजी ? उस्को जवाफ ठिकै छ भन्ने सुन्दछु । ■■

*विराटनगर*

नारदीय

# तस्बिर आफैँ बोलोस् !











साधना खतिवडा
(प्रिन्सिपल)
**सुनौलो भविष्य स्कुल**
गोकर्णेश्वर नगरपालिका,
नारायणटार
सम्पर्क : ९८५१०८९५२५

सुदर्शन थापा
(प्रधानाध्यापक)
**नव सुन्तखान एकेडेमी**
गोकर्णेश्वर नगरपालिका-३
फोन : ०१-४८००९५५

ऋषिकेश वाग्ले
(प्रिन्सिपल)
**सेन्टिनियल मा.वि.**
गोकर्णेश्वर नगरपालिका-५,
जोरपाटी
फोन : ०१-४९१३२३६

प्रेमलाल श्रेष्ठ
(प्रिन्सिपल)
**उत्तरवाहिनी बोर्डिङ स्कुल**
गोकर्णेश्वर नगरपालिका
सम्पर्क : ९८५११५११५०

**२०८२ भाद्र २३ गते जेन जी युवाहरूले देशभर सञ्चालन गरेको भ्रष्टाचार विरोधी आन्दोलनका क्रममा धेरै विद्यार्थीहरु समेतको सहादतले हामी मर्माहत भएका छौं । यसरी सहादत प्राप्त गर्नुभएका सम्पूर्ण सहिदहरूप्रति भावपूर्ण श्रध्दाञ्जली अर्पण गर्दै सहिदहरूका परिवारमा गहिरो समवेदना व्यक्त गर्दछौं।**

दुर्गानाथ शिवाकोटी
(प्रिन्सिपल)
**सर्वनाम शिक्षालय**
गोकर्णेश्वर नगरपालिका-७
फोन : ९८५११३७३९०

दिपेशराज आचार्य (प्रिन्सिपल)
**न्यूटन इन्टरनेशनल कलेज**
गोकर्णेश्वर-५, नारायणटार
सम्पर्क : ९८५१२०६८४०
०१-४९११३६६, ०१-४९११३६७

छत्र केसी
(अध्यक्ष)
**महान सिद्धार्थ हाई स्कुल**
कुमारीगाल, बौद्ध, काठमाठौं ।
फोन : ०१-४११४१७६

ईश्वरीप्रसाद लामिछाने
(कार्यकारी निर्देशक/प्रधानाध्यापक)
**अरूणिमा शैक्षिक प्रतिष्ठान**
बौद्ध, काठमाडौं ।
फोनः ०१-४५७८५७४

अमृता सापकोटा
(प्रिन्सिपल)
**पर्लस् एकेडेमी**
गोकर्णेश्वर नगरपालिका
नयाँ बस्ती
फोनः ९८४१७५१३६६

कैलाश कार्की
(प्रधानाध्यापक)
**काठमाडौं इन्टरनेशनल स्कुल**
काठमाडौं महानगरपालिका
गुह्येश्वरी मार्ग, काठमाडौं ।
फोन : ०१-५७१२१२४

महेन्द्र भट्टराई
(प्रधानाध्यापक)
**सेलिब्रेसन कोएजुकेसन**
कागेश्वरी मनोहरा न.पा.-८
गुह्येश्वरी मार्ग, काठमाडौं ।
सम्पर्क : मन्दिरा अर्याल
फोन : ९८४१९१५९४५

नेत्रप्रसाद दाहाल
(प्रधानाध्यापक)
**भेनस पब्लिक स्कुल**
गोकर्णेश्वर नपा-८
बेसीगाउँ ।
फोन : ०१-४९१२८००

## चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।

**चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,**

- ❖ सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- ❖ सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
- ❖ आवश्यक संख्यामा सवारीसाधन सञ्चालन गरौं,
- ❖ सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- ❖ सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- ❖ मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,

दुर्घटनाबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार

# विज्ञापन बोर्ड

## साधारण आजीवन सदस्यहरू:

अनिल चन्द, कञ्चनपुर
अमर सन्तति, रामेछाप
अमृत भट्टराई, काठमाडौ
अर्जुन पुडासैनी, बानेश्वर
उपेन्द्र पौडेल, पोखरा
उमाकान्त पोखरेल, झापा
उमेश तिमिल्सिना, काठमाडौ
एल.पी. पराजुली, कपन
ऋषिराम भुषाल, काठमाडौ
ओम आचार्य, काठमाडौ
कविन्द्र खड्का, भक्तपुर
कान्छा तिवारी, साँख
कुमारराज सुवेदी, जोरपाटी
केशव शर्मा, अस्ट्रेलिया
केशव ज्ञवाली, भक्तपुर
कोमलप्रसाद लामिछाने, काठमाडौ
डा. खगेन्द्रप्रसाद दाहाल, झापा
खेमराज पोखरेल, अमेरिका
गङ्गा खड्का, बूढानीलकण्ठ
गङ्गा दाहाल, ललितपुर
गीता निरौला, काठमाडौ
गुप्तबहादुर श्रेष्ठ, काठमाडौ
गोपाल बराल, गोकर्णेश्वर
घन थापा, काठमाडौ
चिरञ्जीवी दाहाल, चितवन
चेवन बस्नेत, जडिबुटी
जीवन कस्यप, विराटनगर
दिनेश खत्री, चन्द्रागिरि
दुर्गा तिवारी, मण्डिखाटार
ध्रुवनारायण जोन्छे, भक्तपुर
टीकाराम देवकोटा, स्याङ्जा
टीकाराम रेग्मी, भरतपुर
तुलसीराम पुडासैनी, डाँछी
दमनबहादुर सिंह, रातोपुल
दिनेश खत्री, चन्द्रागिरी
दिलिप अर्याल, दक्षिणढोका
दीपक भण्डारी, बूढानीलकण्ठ
दुर्गा तिवारी, मण्डिकाटार
ध्रुव नेपाल, बानेश्वर
नरराज आचार्य, काठमाडौ
नवराज रिजाल, काठमाडौ
नवराज रिमाल, काठमाडौ
नवराज शर्मा, भक्तपुर
नानु राना थापा, बेलायत
नीता गुरुङ, आसाम, भारत
निर्मलादेवी तिम्सिना, साइप्रस
निशा के.सी., काठमाडौ
नीला घिमिरे, जनकपुर
नेत्रमान श्रेष्ठ, नुवाकोट
प्रकाश तिवारी, काठमाडौ
प्रदीप पुडासैनी, डाँछी
पदम दाहाल, भक्तपुर
परशुराम गौतम, जोरपाटी
पागल यात्री, जोरपाटी
पुष्कर रिजाल, कोहलपुर
प्रकाश कोइराला, भक्तपुर
प्रजापति तिमल्सिना, काठमाडौ
प्रदीपरत्न शाक्य, बौद्ध
प्रमोद भट्टराई, भक्तपुर
प्रेमलाल श्रेष्ठ, रामेछाप
बज्र ई. कलेज, जोरपाटी
बद्रीप्रसाद ढकाल, काठमाडौ
बद्रीनारायण श्रेष्ठ, रामेछाप
बलभद्र भारती, सुर्खेत
बाबुराम न्यौपाने, झापा
बालकृष्ण बराल, जोरपाटी
बुद्धिराज पाण्डे, काठमाडौ
भगवान् पुडासैनी, गोकर्णेश्वर
भीम गौतम, चितवन
भोजराज रेग्मी, पेप्सीकोला
मणिराज सिंह, काठमाडौ
मधुसूदन अधिकारी, भक्तपुर
मनीषकुमार शर्मा, भक्तपुर
मातृका घिमिरे, काठमाडौ
मित्रलाल पज्ञानी, कपन
मीरा पुडासैनी, काठमाडौ
मुरारि सिग्देल, गोकण
मैना विष्ट, साँख
यकिना अगाध, झापा
यम रेग्मी, दाङ
राज श्रेष्ठ, बेलायत
राजु शर्मा, काठमाडौ
डा. राजेन्द्र पौडेल, कपन
राजेशराज गड्तौला, काँडाघारी
राजेशमान के.सी, भक्तपुर
राजेन्द्र श्रेष्ठ, काठमाडौ
राम आचार्य, झापा
रामबहादुर पहाडी, काठमाडौ
रामेश्वर श्रेष्ठ, साँख
रामचन्द्र तिमल्सिना, रौतहट
लख्खु सिंह, बझाङ
लक्ष्मी स्मृति, विराटनगर
लीला कुँवर, बेलायत
लेखनाथ न्यौपाने, झापा
वसन्त अनुभव, दाङ
वासु पोखरेल, उदयपुर
विकल त्यागी, खोटाङ
विकास शैलपुत्र, भक्तपुर
विजयदेव खनाल, न्यूयोक
विनोद उपाध्याय, विराटनगर
विनोद नेपाल, पाल्पा
विष्णुप्र.श. पराजुली, बु.न.पा.-१०
विष्णु भण्डारी, मोरङ
विश्वनाथ सञ्जेल, मकवानपुर
शम्शेरब. न्हूछे प्रधान, भक्तपुर
शारदा घिमिरे, भैल, बनेपा
शेखरकुमार श्रेष्ठ, फर्पिङ
शैलेन्द्रकुमार शाह, काठमाडौ
श्रीराम अर्याल, बानेश्वर
सीताराम नेपाल, कलंकी
सीता शर्मा, पर्वत
सीता शर्मा पन्थी, वीरगन्ज
सुभाषचन्द्र पौडेल, भीमफेदीया, मकवानपुर
हरिप्रसाद घिमिरे, काठमाडौ
हरिहर भण्डारी, बानेश्वर
हिमलाल पाठक, स्याङ्जा
हेमराज पौडेल, काठमाडौ
त्रिलोचन आचार्य, कपन
त्रिविक्रम पाण्डे, दोलखा

## दिवंगत आजीवन सदस्यहरू:

राजदाश श्रेष्ठ, साँख
लक्ष्मणकृष्ण ताम्राकार, कुपण्डोल
विजय चालिसे, जोरपाटी
अर्जुनविलास पन्त, भक्तपुर
झषनाथ दाहाल, विराटनगर

# हार्दिक श्रद्धाञ्जलि

२०८२/५/२३ गते जेनजी युवाहरूले देशभर सञ्चालन गरेको भ्रष्टाचार विरोधी आन्दोलनका क्रममा सहादत प्राप्त गर्नु भएका सहिदहरूप्रति भावपूर्ण श्रध्दाञ्जलि अर्पण गर्दै सहिदहरूका परिवारमा गहिरो समवेदना व्यक्त गर्दछौँ

- कल्पतरु परिवार

## महाकवि देवकोटा–कल्पतरु प्रज्ञा पुरस्कार कोशका दाताहरू:

| सि.नं. | नाम | सहयोग रू. |
|---|---|---|
| १) | वसन्त रिजाल | १,१३,८५०/- |
| २) | कृष्ण अधिकारी | ५०,०००/- |
| ३) | विमल अर्याल | ५०,०००/- |
| ४) | नवराज पुडासैनी | २५,०००/- |
| ५) | शिवहरि पोखेल | २५,०००/- |
| ६) | विष्णु बहादुर सिंह | १२,८६४/- |
| ७) | डा.रामप्रसाद ज्ञावाली | १२,५००/- |
| ८) | उषा पन्थी ज्ञवाली | १२,५००/- |
| ९) | कोमल लामिछाने | १२,१५४/- |
| १०) | शिवानी घिमिरे | १२,१५४/- |
| ११) | ईश्वरीप्रसाद लामिछाने | १२,१५३/- |
| १२) | बालमुकुन्द कार्की | १०,९९९/- |
| १३) | गोपाल प्र. बराल | १०,०००/- |
| १४) | गंगा कर्माचार्य पौडेल | १०,०००/- |
| १५) | गोविन्द घिमिरे वेदमणी | १०,०००/- |
| १६) | दुर्गा घिमिरे | १०,०००/- |
| १७) | मेनका पोखरेल | १०,०००/- |
| १८) | युवराज मैनाली | १०,०००/- |
| १९) | वाजुराम पौडेल | ८८२०/- |
| २०) | डा. चन्द्राणी अधिकारी | ८१४४/- |
| २१) | कृष्ण सुवेदी | ७,३१५/- |
| २२) | अर्जुन नेपाल | ५,०००/- |
| २३) | राजेन्द्र पौडेल | ५,०००/- |
| २४) | मनिता घिमिरे | ४,११२/- |
| २५) | रामकुमार पण्डित | ३,०००/- |
| २६) | अन्य (दाताहरू) | ५१,४२३/- |
| | जम्मा | ५,०१,९८८/- |

## कल्पतरु प्रज्ञा प्रतिष्ठानका नवनिर्वाचित पदाधिकारहरू


अध्यक्ष
नवराज पुडासैनी 'ज्योत्स्ना'


उपाध्यक्ष
डा. विदुला घिमिरे


उपाध्यक्ष
विमल प्रसाद अर्याल


सदस्य सचिव
राजन पुडासैनी


सचिव
रमेश रिजाल


कोषाध्यक्ष
उमेश तिम्सिना


सदस्य
गोकुल अधिकारी


सदस्य
देविका तिमिल्सिना


सदस्य
निर्मल अर्याल


सदस्य
मुकुन्द अर्याल


सदस्य
सुमन पुडासैनी


सदस्य
शशीश्री आचार्य


सदस्य
शारदा अधिकारी